# गाईजात्रा विशेष



सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.com.np

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष २५ ● अंक १४ ● FRIDAY, 16 AUGUST 2019 काठमाडौं शु... रु. १५/-







१८
प्रत्येक वर्ष एकपटक मात्र प्रकाशित हुने
## गाईजात्रे समाचार
### रवि र छविले लगाए मीत
### बुवा बन्दै राजेश हमाल
### ऋषि धमला राजदूत नियुक्त
### धुर्मुस-सुन्तलीलाई नोबेल शान्ति पुरस्कार









# नेताको भेषमा कलाकार कि कलाकारको भेषमा नेता ?


मोदी कि गजुरेल ?


देउवा कि दमन ?


ओली कि धुर्मुस ?


प्रचण्ड कि घनश्याम ?


मधेसवादी नेता कि सन्दिप ?


दिपक दिपा कि शेरबहादुर- आरजु ?

## गाईजात्रे मान, पदवी तथा अलंकार

दीपकराज गिरी

**भुवन केसी–** दिल जिया, दर्द लिया ।
**अनमोल केसी–** सुनको अन्डा पार्ने छोरो ।
**प्रदीप खड्का–** अरू गीतले छुँदै नछुने, प्रेम गीत नभई नहुने ।
**पल शाह–** भिडियोमा खास, फिल्ममा टाइम पास ।
**आर्यन सिग्देल–** कसैले कपालको रौं पनि हल्लाउन नसक्ने भूतपूर्व चकलेटी हिरो ।
**पुष्पकमल दाहाल प्रचण्ड–** छायाँ अध्यक्ष, छायाँ प्रधानमन्त्री, भूतपूर्व पार्टी छायाँमा, आफैं छायाँमा ।
**केपी ओली–** रेल आउँछ, आउँछ, आउँछ तर हाम्रो पनातीले चढ्न पाउँछ ।
**माधव नेपाल–** आदरणीय जनसमुदाय, जनता जति ओलीसँग, आफूसँग त पार्टीका २-४ जना समुदाय ।
**शेरबहादुर देउवा–** यो सरकार ५ वर्ष टिक्दैन, किनकि ज्योतिषले मलाई चाँडै प्रधानमन्त्री बन्छस् भन्या छ ।
**रामचन्द्र पौडेल–** जति पौडिए पनि केही लागेन ।
**आरजू देउवा–** उता पनि रानी, यता पनि रानी, घरचाहिँ बलियो भयो राजा, पार्टीचाहिँ खरानी ।
**गगन थापा–** गनगन थापा ।
**योगेश भट्टराई–** न भट्ट न राई, १२ वर्षपछि पोइ आयो, त्यो पनि कराइ-कराइ ।


# नेता महात्म्य

कमल गाउँले




### केपी ओली
प्रधानमन्त्री नेपालको सिंगापुर जाने
जनताले गोलभेंडा सुँघेर भात खाने
उखान टुक्कामा मास्टर तिमी पीएचडी गर
तै पनि जनताले गरी रा'छौ भर ।

### झलनाथ खनाल
बद्रीनाथ, केदारनाथ, पशुपतिनाथ, मुक्तिनाथ
चार धाममा तिमी एउटा झलनाथ
न तिमीलाई कसैले दिए साथ
न दियौ तिमीले कसैलाई हाथ ।



### बाबुराम भट्टराई
घर-घरमा रोजगारी बेरोजगारलाई भत्ता रे
बलिदान गर्नेलाई देशमा सत्ता रे
हो र बाबुराम नयाँ नेपालमा
नेपाल पुरानै हो तिमी नयाँ भयौ
नयाँ शक्ति छोडेर मधेसवादीमा पस्यौ ।

### चित्रबहादुर केसी
बाग्लुङ जिल्ला घर तिम्रो चित्रबहादुर नाउँ
संघीयताले रंगिएको छ तिम्रो हाम्रो गाउँ
भन्छौ तिमी संघीयता चाहिँदैन रे
संघीयता ल्याउनेले यहाँ खै के गरे ?



### प्रचण्ड
गर्मी घाम जस्तै नाम
वा... वा.. जनताको पायौ, क्यै गरेनौ काम
जे भए नि उत्कृष्ट प्रचण्ड तिम्रो नाम ।

### शेरबहादुर देउवा
कहिले भन्छौ कसैलाई खाउ बा ?
कहिले भन्छौ कसैलाई लौ बा ?
आफूले पार्टी सभापति सधैंभरि खाऊ बा
एक्लै खाँदा कांग्रेस पार्टी भो खुलित्त बा ।

### माधव नेपाल
अस्ट्रेलिया, क्यानाडा, स्वीट्जरल्यान्ड
सबैभन्दा सुन्दर हाम्रो नेपाल
यही नेपालमा तिमी एउटा माधव नेपाल
जुँगा फुल्यो, दाह्री फुल्यो, फुल्यो तिम्रो कपाल ।



### रामबहादुर थापा (बादल)
कसैको नाम प्रचण्ड, कसैको नाम किरण
कसैको नाम आकाश, कसैको नाम बादल
जनता जति सबै भए नबज्ने मादल ।

### उपेन्द्र यादव
उप खायौ स्वास्थ्य खायौ, खायौ सबै थोक
बाबुरामसँग मिलेका छौ अब बन्दुक बोक
बन्दुक बोक्न नसके बाबुरामलाई टोक ।

### रामचन्द्र पौडेल
जिन्दगीभर उप-उप तिमी माथि गुट
शेरबहादुरले दिन्नन तिमीलाई सक्छौ भने उठ
सभापति त हुन दिन्नन प्रधानमन्त्री कहिले ?
सभापति बन तिमी शुभकामना दिन्छु मैले ।

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

कान्तिपुर को
करोडपति
सिजन-३
पत्रो होइन त फेरि करोडपति

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको
वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्


१० लाख मासिक पुरस्कार
१ करोड बम्पर पुरस्कार
१ लाख साप्ताहिक पुरस्कार

* शर्तहरु लागु हुनेछ ।

पक्का पुरस्कार
• शिखर इन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा • स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance
Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ




BALTRA एलइडी टिभी. | ASUS ल्यापटप | स्मार्ट फोन | ब्लुटुथ स्पीकर | वायरलेस हेडफोन | स्मार्ट वाच

ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र) । एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन् ।

We Accept
fonepay payments फटाफट

KANTIPUR DAILY
THE KATHMANDU POST

1 Open your mobile banking / eSewa app
2 Scan this code, confirm the payment details and make quick payment.


eSewa
www.esewa.com.np

कान्तिपुर THE KATHMANDU POST

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

कान्तिपुर गाथा

# गाईजात्रा (रंगमण्डल-३)



किशोर नेपाल

उमेरका अधिकांश दिन बितिसकेपछि बाँकी केही रहँदैन । जीवन थाक्दैमा बितिहाल्ने पनि के हुँदो रहेछ र ? आजबाट प्रारम्भ भएको विखण्डन र विस्थापनमा हिजोका ती दिन हराउनेछन् । म आफैंसँग प्रश्न गर्न सक्दिनँ, मलाई कहाली लागेर आउँछ । हुनसक्छ भने म कुनै यस्तो अचुम्बकीय क्षेत्रमा रहूँ जहाँ उभिन वरपर, यता-उताको कुनै आधार चाहिँदैन ।

मोहिनी, अष्टमंगल, वकिल, नीलु, दुर्गी, इश्वरी र म । म ती तमाम मानिसका आँखा सम्झन्छु- ती आँखा जो-जोसँग मैले दुई मिनेट गफ गरेको छु, चिया पिएको छु अथवा मात्तिएको छु । नशाका उन्मादहरूपछि पनि जो मेरो स्मृतिमा जीवन्त छन् ।

मैले कति अन्धकार प्रश्नको जवाफ दिन सकेको छैन । जस्तो कि एउटा हातले ठर्राको गिलास उठाएर, अर्को हातले मुड्की उज्याउँदै गरिने राजनीति र त्यसको व्याख्यान, न्याय-अन्याय, क्रमको निर्माण र क्रमहीनता । मार्क्स, हेगल, लेनिन, नित्से । मसँग यी कुनैको पनि जवाफ छैन । नसाले मातेका अनुहारहरूमा देखा पर्ने पीडाको मुखुण्डो कति सार्थक र सक्कली हुन्थ्यो- मलाई थाहा छैन । तथाकथित राजनीतिका सक्रिय कार्यकर्ताहरूले देश, गाउँ र सामान्य जीवनको मैलो र फाटेको राष्ट्रिय कपडालाई कति सुकिलो र महँगो बनाएर पहिरेका छन्- म त्यसको पनि लेखाजोखा गर्न तयार छैन ।

हो, यति नै बेला, म अनेक श्रीमान्हरू सम्झन्छु । सम्झनाले मेरो सर्वाङ्ग घीनको हिलोमा पछारिन्छ । सम्झना त्यस्तो घाउ हुन सक्छ, जुन बाहिरबाट निको भएको देखिन्छ । भित्रभित्रै पाकेर पछि संगीन पल्टिन सक्छ । म साँझ बितेको बहुमूल्य साढे तीन घण्टा सम्झिन्छु । घरमा पस्नेबित्तिकै झरीले निथ्रुक्क भिजेको कमिज फुकालेर निचोर्छु । यौटा छाता किन्न कहिल्यै सकिएको होइन । म वकिललाई सम्झन्छु- जो सनक चढेका बेला दस रुपियाँको कडक नोट बालेर चुरोट सल्काउँथ्यो । हो त, हेड ड्राइभर पनि यस्तै सनकी थियो । भोक लागेकाहरूलाई पेटभर दही-च्यूरा ख्वाएपछि- जब उसको जयजयकारले पशुपतिको ढोकामा निश्चित प्रतिध्वनि उत्पन्न हुन्थ्यो, त्यतिबेला आफ्नो लट्ठिएको जिब्रोले ऊ सम्पूर्ण इमान्दार शब्द उद्घोषित गर्थ्यो- 'ए पाजी हो, के भनेको त्यस्तो ? सरकारको जय मनाऊ, सरकारको ! सस्तो दरको सरकारी पेट्रोल साविक दरमा नबेचेको भए म मोरो भाग्यहारा नै रहन्थें । तिमीहरूका बाबुले पनि दही-च्यूरा सुँघ्न पाउँदैनथ्यो, बुझ्यौ ?"

थाकेको शरीरलाई ओछ्यानमा फ्याँकेर म जबर्जस्ती निदाउने प्रयास गर्छु । प्रयास मात्र हो, अनिद्रा रोगले केही दिनयता ग्रस्त पारेर राखेको छ । यो कोठामा एकदमै मुस्किलले रात बित्छ । जिन्दगी अनावश्यक नांगो र अपवित्र बोझजस्तो लाग्छ । कति उचाल्ने हो बोझको यो भारी ।

विचारले थकित मस्तिष्क एकछिन आँखासँगै झपकिन्छन्- त्यसपछि दिन हुन्छ : होइन बिहान हुन्छ । खण्डित समय भोग्ने मान्छेको यो प्रचलनले बिहान, दिन र साँझ बनाएको छ । ओहो, तस्बिरमा मान्छे कति राम्रो देखिन्छ । तस्बिरमा मान्छे साँच्चै अप्रतिम देखिन्छ । एकनासको उरन्ठेउलो दिन बित्छ । झमझम झम्केर पानी पर्छ । नील काँडाका घारीहरूलाई छिचोलेर हिँडनु असाध्यै दुरुह बन्छ । साँझ पर्ने बेलामा पश्चिमतिरका बादलका गुच्छा डढेर आकाश पहेंलो भएको हुन्छ । एकैछिनपछि बादल फाट्छ । साँझको घाम चारैतिर छितरिन्छ । घामको किरण झ्याल-ढोकाहरूको प्वाल र चिराबाट कोठामा छिरेर भित्तालाई बुट्टे पर्दाजस्तो बनाइदिन्छ । म सहरको थकाइमा सामेल हुन्छु ।

'के छ ?' कसैको आवाजले झस्किन्छु । टाउको फर्काएर हेर्छु । 'थाहा पायौ- बुढिया मरिछन्,' मेरा लागि ऊ खबर दिन्छ । मलाई एकैपल्ट बिजुलीको नांगो तारमा हात राखेझैं हुन्छ, तर मन बुझाउँछु । ढिलोचाँडो मर्नु त थियो नै, मरिन् । मैले के गर्न सक्छु ? बुढियाले कहिल्यै सुख पाउन सकिनन् । उनको छोरो उत्तम हाम्रो साथी थियो । आमाचाहिँ आँखाभरि आँसु भरेर मूक टोल्हाएकी थिइन् । उनका ती आँसु स्वीकृति, अस्वीकृति, कुन्नि के थिए !

आठ महिनासम्म उत्तम फर्केन, न उसको चिठी आयो । अब उसको चिठी आए पनि वा ऊ आफै फर्के पनि त्यसको अर्थ रहनेछैन । अस्ति बुढियालाई उत्पात ज्वरो आएको थियो । त्यसैले पनि हिजो म वकिलसँग पराजित हुन गएको थिएँ कि बुढियाका लागि केही गर्न सकूँ । मैले केही गर्न पाउनुभन्दा अघि नै उनी बितिन् । बुढियालाई अस्पताल लगेर भर्नासम्म गरिदिएको हुँ । बुढिया मरिन्, सायद उनके लास अस्पतालमै छ अथवा अस्पतालबाट घाटमा पुगिसक्यो ।

उत्तम पनि सायद मरिसक्यो, ब्रिटिस सेनामा भर्ती भएको गुर्खा बटालियनको सिपाही आयरल्यान्डको दंगामा मर्‍यो कि अथवा भर्ती नै हुन नपाइ मर्‍यो ? ऊ जीवित भए पक्कै चिठी लेख्दो हो । सम्भवतः उत्तम अझै जीवित छ र खल्तीमा हवाईपत्र किन्ने पन्ध्र पैसासम्म नभएर चिठी लेख्न पाएको छैन अथवा फर्स्ट डिभिजनमा बी.ए. पास भएको उत्तम भैरहवाको कुनै थकाल्नीको होटलमा वेटर भएको छ ।

मैले लास छोपेको कात्रो पल्टाएर हेरिनँ । यसै पनि मलाई मात्र होइन, कसैलाई पनि लास हेर्न राम्रो लाग्दैन । मैले बुढियाको चाउरी परेको अनुहार हेरेर केही चमत्कार हुने पनि होइन । म एकैछिन त्यहाँ उभिएर सोच्न थालें, तर के सोच्दैछु- त्यो म आफैंलाई थाहा थिएन । मेरो सट्टामा उत्तम भएको भए के सोच्थ्यो ? मान्छेका बारेमा केही पनि सोच्न सकिँदैन । बाँचुन्जेल पनि र मरेपछि पनि । ग्यालरीबाट दुइटी नर्स निक्लेर आएपछि म पलङको छेउबाट हटेर अलि पर उभिएँ । कतै यस्तो नहोस् कि तिनीहरूले बुढियाको संरक्षक मलाई ठानून् र यो लास मेरो हिस्सा लागोस् । म चाहेर पनि यस्तो होस् भनेर सोच्न सक्दिनथेँ । मेरो खल्तीमा चार पैसा थिएन । यो वर्षादमा, यो महँगीमा एउटा लास मसानसम्म बोकाउनु र पोल्नु लगाउनु मजस्तो बेरोजगार, लम्फू र फन्टुसका लागि सम्भव नै थिएन । भाग्य नै मानौं, ती नर्सहरूले न त म तिर हेरे, न बुढियातिर नै कुनै ध्यान दिन सके । तिनीहरू सायद माया-प्रेमका कुरा गर्दै थिए, यौवनको उभारमा रहेका तरुनी नर्सहरूले गर्न सक्ने कुरा त्यही हो ।

म त्यहाँ धेरै बेर उभिइनँ । मलाई रिंगटा छुटेर आयो । म फर्किएँ । अब अस्पतालका अधिकारीहरूकै काम हो कि उनीहरू यो लासलाई फ्याकुन, पोलुन् या राखून् । सायद डाक्टरहरूले डेथ सर्टिफिकेट लेख्न बिर्सिएको हो अथवा जाँच्नै बिर्सिएको हो । त्यसो हो भने पनि भरे राउन्डमा आएर जाँचोस्- स्टेथेस्कोप लगाएर र लेखोसः एडमिटेड, इन हस्पिटल आफ्टर डेथ । डाक्टरलाई त्यति फुर्सद होला-नहोला । अस्पतालका महँगो क्याबिनमा सुतेर उपचार गराइरहेका बिरामी बरन्डामा लडाइएका र जनरल वार्डमा राखिएका बिरामीभन्दा ज्यादा महत्वपूर्ण हुन्छन् । क्याबिनका बिरामीको राम्ररी उपचार गर्न सकियो भने अस्पतालबाट घर गएपछि पनि उनीहरूले फेमिली डाक्टर बनाउने सम्भावना शतप्रतिशत रहन्छ । जेसुकै होस् । म फर्किएँ ।

'तर तैंले र मैले मात्रैले यतिबेला लास उठाउन सम्भव छ र ?' म सोध्छु । सायद म यो दायित्ववाट पन्छिन खोजिरहेको छु । 'होइन अरूलाई पनि बोलाएको छु । अस्पतालले लास उठाउनु भनेर चौरमा लडाइराखेको छ,' उसले भन्यो ।

'लाससँग हाम्रो सम्बन्ध थियो भनेर कसले भन्यो र ?'

'हेर्न जाँदा म सँग सोधेका थिए, मैले विचार गरें- उत्तमकी आमा आफ्नै आमाजस्तो त हो ।' रामबहादुर वनमान्छे होइन । दायित्व काँध थापेर आएछ । रिन जुटाएछ । मेरा लागि 'नाइँ' भन्ने बाटो थिएन । रामबहादुर र म अस्पतालमा पुग्दा विजय, रामेश्वर र हरिचा लासको छेउमा उभिरहेका थिए । हामीमध्ये लासलाई यौटै बाँसमा बेर्न जान्ने पनि कोही थिएन । जसरी पनि हामीले लास उचाल्यौं । आलोपालो गरेर मसानमा पुर्‍यायौं । बिनाकुनै वैदिक विधान लास आगोलाई सुम्पिदियौं । उत्तमकी आमा बलिरहेकै बेला हरिचा रोयो । हरिचाले आफ्नी आमालाई यसैगरी पोलेको एक वर्ष पनि त भएको थिएन ।



हामी मसानघाटबाट फर्कंदा राति दुई बजिसकेको थियो । पानी छिट्याउन थालेको थियो । हरिचाले भन्यो, 'तिमीहरू मैकहाँ बस । अलिअलि 'वासा' खाउँला । हामी कसैले नाइँ भनेनौं । म त अझै नाइँ भन्न सक्ने स्थितिमै थिइनँ । मनमा लास, धूवाँ, चिताको राँको र सम्झना के-के नै आइरहेको थियो, यद्यपि मेरा बाबु मरिसके, आमा मरिसकिन्, तर पनि मसानमा यसरी आधारातसम्म बसेको थिइनँ ।

जहाँसम्म मेरो कुरा छ, मेरो आफ्नो सम्बन्धमा असाधारण भनेर देखाउन मसँग केही पनि छैन । म जन्मिएको बेला पुष्पवृष्टि भएको थिएन । मेघको गर्जन वा शंखध्वनि पनि सुनिएको थिएन । म पहाडमा जन्मिएको हुँ- सहरका मान्छेहरूको कल्पनामा पहाड भन्नेबित्तिकै मृग नाच्ने उपवन, गुराँस, झरना र मन्द पवनका दृश्य आँखाका अगाडि आउँछन्, तर म जन्मेको ठाउँमा गुराँस, उपवन र झरनाजस्ता कुरा केही थिएनन् । पानीसमेत पेटभरि पिउन मुस्किल पर्ने त्यो ठाउँमा अहिले पनि केही छैन । मानिसहरू लँगौटी र दौराजस्तो लामो भोटो लगाउँछन् । आइमाईहरू चोलो लगाउँदैनन् । यौटै फरियाले पूरै शरीर छोपेर हिँड्छन् । यो नेपाल हेर्न आउने पर्यटकलाई देखाउनका लागि आयोजना गरिएको होइन । साहूलाई ब्याज बुझाउँदा-बुझाउँदै मेरो गाउँका मानिसहरूसँग स्वास्नीको छाती छोप्ने कपडा किन्ने पैसासमेत जोगिँदैन । त्यसैले यो आफैं प्रचलन बनेको छ ।

## पाठक मञ्च




समाज खुलेको (खुल्दैछ समाज) छैन । अझै पनि नेपालका दुर्गम गाउँ-घरमा खुलेर लाउने त परको कुरा खुलेर बोल्न पनि सक्दैनन् युवा-युवतीहरू । अनि के खुलेको भन्नु ?

**विश्व नेवार**

समाज होइन (खुल्दैछ समाज) पहिरन चाहिँ खुल्दैछ । विशेषगरि नेपाली कलाकारहरू बढी नै खुल्न थालेका छन् ।

**सुजन लामा**

रजनी श्रेष्ठ मोडलभन्दा बढी (ब्लो अप) बडिबिल्डर लागिन । उनलाई मोडल भन्नु भन्दा पनि बडिबिल्डर भन्नु उपयुक्त होला ।

**ताराबहादुर कटुवाल**

*श्रेष्ठको अन्तर्वार्तामा उनी खेलाडी हुन भन्ने कुरा स्पष्ट रूपमा उल्लेख छ ।*

***प्रधान सम्पादक***




म्युजिक नेपाललाई वास्तवमै (आफ्नै गीतमा क्लेम आएपछि) कारबाही हुनुपर्छ । धेरै कलाकारको कला र गलाको हदैसम्म शोषण गरेको छ यसले । सबै कलाकार एकजुट भएर राम्रैसँग आवाज उठाउन जरुरी छ । न त हामी जस्ता नेपाली गीत संगीतलाई माया गर्नेहरूले सहज तरिकाले मन परेका गीत किनेर सुन्न पाउने व्यवस्था छ न त गीतका श्रष्टाहरूलाई नै उनीहरूले पाउने पारिश्रमिक दिइएको छ ।

**दीपक पौडेल**

यदि नेपाली सिनेमामा अलिकति फराकिलो सोच (विदेशीकै डर) प्रयोग गर्ने हो भने यी सबै तनावबाट ग्रसित हुनुपर्ने थिएन । यसको अर्थ केही गलत हुँदैछ । विदेशी सिनेमासँग नेपाली सिनेमा र कलाकारले डराएर बस्नुपर्ने कुरा दुखद् छ ।

**भीम थापा**



अन्तर्राष्ट्रिय क्रिकेटमा नेपाली राष्ट्रिय क्रिकेट (पारसको अर्को उपलब्धि) टिमका कप्तान पारस खड्का २५ औं वरीयतामा आउँदा निकै खुसी लागेको छ । पारसको यो वरियता अझ राम्रो हुँदै जाओस- बधाई एवं शुभकामना ।

**समिर शाह**

twitter follow us on
twitter.com/saptahik
Like us on Facebook
facebook.com/kantipursaptahik



# मिस नेपाल नर्थ अमेरिका

भोलि साउन ३२ गते न्युयोर्कमा हुने मिस नेपाल नर्थ अमेरिका-२०१९ मा १६ जना युवती सहभागी हुँदै छन् । अमेरिकाका ११ वटा राज्य तथा क्यानाडाका ती प्रतिस्पर्धीहरू अगस्ट १२ देखि प्रशिक्षणमा संलग्न छन् । अन्तिम चरणमा प्रतिस्पर्धा गर्ने १६ जनामा मिनेसोटाकी आस्मा थापामगर, भ्यानकुभर क्यानाडाकी आस्था पाण्डे, मिनेसोटाकी एन्जिला अधिकारी, ओहायोकी विष्णु मिश्रा, भर्जिनियाकी गरिमा पौडेल, म्यासाचुसेट्सकी कृति केसी, न्युयोर्ककी मनिषा रोका, क्यालिफोर्नियाकी ओशिन रायमाझी, ओकल्हामाकी राजश्री आचार्य, न्युयोर्ककी रेबिका श्रेष्ठ, क्यालिफोर्नियाकी रिस्ता शाह, इडाहोकी सबिना पौडेल, मेरिल्यान्डकी शिक्षा घिमिरे, न्युयोर्ककी सोनी खनाल, पेन्सेलभेनियाकी सोनिशा थापा तथा न्युयोर्ककी श्रीया गजुरेल छन् ।  यो प्रतियोगिताकी प्रशिक्षक २०१० की नेपाल सुन्दरी सदीक्षा श्रेष्ठ हुन् । यस पटक मिस नेपाल नर्थ अमेरिका-२०१९ (उत्तर अमेरिका नेपाल सुन्दरी) का लागि ३३ जनाले आवेदन दिएका थिए । मिस नेपाल वर्ल्ड-२०१८ शृंखला खतिवडा आधिकारिक सहभागी मेन्टर (परामर्शदाता) का रूपमा सहभागी हुने यसपटकको कार्यक्रममा विशेष सांगीतिक प्रस्तुतिअन्तर्गत एड्रिएन प्रधान, सिने गुरुङ, राम सिटौला, आदित्य लामा, राहुल राई तथा जय गुरुङको प्रस्तुति समेटिने बताइएको छ । यो कार्यक्रम न्युयोर्कस्थित मेलरोज बलरुममा सञ्चालन हुनेछ ।

विजय थापा

# बेलायतमा प्रतिभा नक्षत्र



तस्बिर : आशिष महर्जन

नेपालको झझल्को दिने गरी बेलायतको चार्ल्टन मेरिडियन स्पोर्ट्स क्लबमा प्रतिभा नक्षत्र-२०१९ सम्पन्न भएको छ । स-साना बालबालिकाले विभिन्न नेपाली पहिरनमा तोते अङ्ग्रेजी लवजमा नेपाली भाषामा आफ्नो परिचय दिएपछि प्रारम्भ भएको कार्यक्रममा विदेशमै जन्मिएर त्यहीँ हुर्किरहेका दोस्रो पुस्ताका बालबालिकाले नेपालको वर्णन गर्दा अभिभावक एवं उपस्थित अन्य व्यक्तिहरू भावुक भएका थिए ।

प्रतिभा नक्षत्र मुख्य दुई अवधारणामा विभाजित थियो । पहिलो, खुल्ला मैदानमा भएका विभिन्न व्यपारिक, सूचना, स्वास्थ्य, नेपाली खानाहरू, नेपाली साहित्यिक घर, प्रतिभा नक्षत्र घरका प्रदर्शनीहरू थिए, जसले स्थानीय समुदायको एकता एवं आफ्ना मौलिकताहरू विभिन्न समुदायमा आदान-प्रदान गर्ने काम गरेका थिए । दोस्रो स्टेजमा विभिन्न कला क्षेत्रमा प्रतिस्पर्धा गर्न बाल र युवा गरी २१ जना प्रतिस्पर्धी तमतयार थिए । बालबालिका तथा युवायुवतीहरूको प्रतिभा प्रदर्शनले यो कार्यक्रमलाई रोचक तुल्याएको थियो ।

कुशल श्रेष्ठ

# सिक्किममा प्रितम र बाबु



गान्तोकस्थित मनन केन्द्रमा दर्शकको बाक्लो भीड प्रितम आचार्यको व्यग्र प्रतीक्षामा थियो । यत्तिकैमा उद्घोषक राजेश घतानीले आमन्त्रण गरेपछि दौरा सुरुवाल र ढाका टोपीमा चिटिक्क परेका लिटल च्याम्स प्रितम मञ्चमा पुगे । दर्शकदीर्घाबाट तालीको पर्‍रा छुट्‍यो । प्रितमले मन्द मुस्कानका साथ भने, 'यो मेरो पहिलो सिक्किम यात्रा हो । तपाईंहरूको मायाले मलाई बोलायो ।' खासमा अखिल सिक्किम अनुसूची जाति कल्याण संघको निम्तोमा प्रितम सिलिगुडीको प्रचण्ड गर्मी छल्दै गान्तोक उक्लिएका थिए । भारतको चर्चित रियालिटी शो सारेगामापा लिटल च्याम्सको सेकेन्ड रनर्सअप भएपछि उनी एक वर्षसम्म जीटीभीकै निगरानीमा छन् । अनुबन्धनमा रहेका कारण उनलाई सिक्किम ल्याउन आयोजकहरूले जीटीभीसँग सम्झौता गरेका थिए ।

प्रितमले गान्तोकमा नेपाली गीतबाट गायनको पन्तुरो खोले, आफूलाई मन पर्ने गायक गोपाल योन्जनको देशभक्ति गीत देशले रगत मागे.....बाट । उनको गलाबाट नेपाली गीत नसुनेका दर्शक श्रोताका लागि यो नौलो कोसेली थियो । कार्यक्रममा सहभागी नेपालका पूर्व राज्यमन्त्री जितु गौतम भन्दै थिए, 'नेपाली गीतमा अझ राम्रा रहेछन् प्रितम ।' करिब आधा घण्टा स्टेजमा बिताएका प्रितमले नेपाली गीतपछि सन्देसे आते है..... गाए । सारेगामापामा यो गीत सर्वाधिक रुचाइएको थियो जसले सिक्किमेली दर्शकको मन नजित्ने कुरै थिएन । प्रितमले सुनाएका प्राय: गीत सारेगामापामै गाएका थिए । तेस्रो नम्बरमा तडप पडप के इस दिन.... गाएपछि उदित नारायण झाको जादु तेरी नजर गाउँदा दर्शक वान्स मोर भन्दै चिच्चाए । अन्त्यमा उनले दुई गीत थपे, वचना ए हसिना र ओले ओले ।


प्रितमपछि मञ्चमा उक्लिए सदावहार गायक बाबु बोगटी । उनले गीत मात्र गाएनन्, नाचेर दर्शकहरूलाई थप मनोरन्जन प्रदान गरे । प्रितम र बाबुको प्रस्तुतिअघि स्थानीय प्रतिभा निकिता सिन्चुरी, दिपिका दियाली, चन्दकुमार विक, निहाल रामुदामु, जीवन वराइली तथा सिक्किमका वनमन्त्री कर्मा लोडे भुटियाले मञ्च सम्हालेका थिए । शम्भु राईका फ्यान मन्त्री भुटियाले चिठी तिमीलाई.... गाउँदा कार्यक्रमस्थल दर्शकको हुटिङले गुन्जिएको थियो ।

पर्वत पोर्तेल




# मानिसहरूको अनुहारबाट हाँसो हराउँदै गएको छ

रामकुमार पाँडे, नेपालका वरिष्ठ हास्यव्यंग्यकार हुन् । २०१८ सालदेखि हास्यव्यंग्य लेखनमा सक्रिय पाँडे हास्यव्यंग्यलाई प्रवर्द्धन गर्न हरेक वर्ष आफ्नो निवासमा आलु पार्टीसमेत आयोजित गर्छन् । पाँडेका हास्यव्यंग्य सम्बन्धी 'ख्याल-ख्याल', '१०१ हास्यव्यंग्य', 'हाँस्ने कविता', 'मुसोलाई श्रीपेच', 'थुइक्क', 'हास्यकथा', 'मुक्त माहुर' आदि कृति प्रकाशित छन् । पाँडेले नेपाली हास्यव्यंग्यलाई अन्तर्राष्ट्रियकरण गर्न 'नेप्लिज कार्टुन ', 'नेप्लिज ह्युमर' तथा 'नेप्लिज कमिक्स' गरी अंग्रेजी भाषामा तीन पुस्तक प्रकाशित गरेका छन् । पाँडेसँग नेपाली हास्यव्यंग्य, यसको अवस्था, समस्या आदि विषयमा केन्द्रित रहेर जनक तिमिल्सिनाले गरेको कुराकानी :



तस्बिर : नवराज बाग्ले

**हास्यव्यंग्यकारको नजरमा हास्यव्यंग्य के हो ?**

हास्यव्यंग्य भनेको मानिसका लागि अपरिहार्य कुरा हो । नेपालमा मात्र होइन, विश्वभर नै हास्यचेत लोप हुँदै गएको भान हुन थालेको छ । किनभने ठूला-ठूला सहरहरूमा मानिसहरू एकदमै सिरियस मुद्रामा हिँडिरहेका हुन्छन् । हामी जनावरहरू लोप हुन थाले भनेर चिन्तित हुन्छौं, तर अनुहारबाट भगवान्को वरदान हास्य हटायो भने मान्छे रुखो-सुखो हुन्छ । नेपाली जाति नै हँसिला-रसिला छन् । दुःखमा पनि हाँस्न सक्ने कुनै जाति छ भने त्यो नेपाली नै हो । भोको पेटमा पनि दंग परेर जात्रा मेलामा भाग लिनु हाम्रो परम्परा नै हो । यद्यपि यो एकादेशको कथा होला कि भन्ने डर बढेको छ ।

**तपाईंले कहिलेदेखि हास्यव्यंग्य क्षेत्र हात हाल्नुभएको हो ?**

मैले २०१८ सालदेखि नै हास्य-व्यंग्य क्षेत्रमा हात हालेको हुँ ।

**त्यतिबेला हास्यव्यंग्य पनि लेखिन्थ्यो ?**

मलाई हास्यव्यंग्य के हो भन्ने कुरा थाहा थिएन । २०१८ सालमा विद्यालयस्तरमा छँदा नै मैले लेख्न थालेको हुँ । निकै अग्लो भएकाले अरूले उपहार दिएका लुगा मलाई मिल्दैनथे, पाइन्ट कट्टुजस्तो देखिन्थ्यो, होचो घरमा बस्ने साथीहरूको घरमा जाँदा ढोकामा टाउको ठोकिने, सीधै हिँड्यो भने ठोक्किएर टुटुल्को उठ्थ्यो । त्यस्ता घटनाहरू टिप्दै गएँ । 'म अग्लो भएँ' भनेर लेखे, दाइहरूलाई देखाउँदा उनीहरूले ओहो गज्जब लेखेछौ, यो त हास्यव्यंग्य हो भने । यस्तै लेख्दै जाऊ भनेर हौस्याए अनि मैले लेख्दै गएँ । हास्यव्यंग्य के हो भनेर खोज्दै जाँदा केशवराज पिंडालीले लेखेको प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको 'खै खै' भन्ने उत्पातको पुस्तक फेला पारें । 'खै खै' भन्ने थेगोलाई टिपेर उहाँले गज्जब मीठो पुस्तक लेख्नुभएको थियो । २००८ सालमा कृष्ण पराजुलीले 'रसवरी चकचक' शीर्षकको पुस्तक निकाल्नुभएको थियो । त्यो पनि एकदमै सुन्दर । २०२२ सालतिर भैरव अर्यालले 'काउकुती' निकाले । २०२३ सालमा मेरो संकलन 'ख्याल ख्याल' निस्कियो ।

**अहिले नेपालमा हास्यव्यंग्यको स्थिति कस्तो छ ?**

०१८ सालदेखि ३० सालसम्म साँच्चै हास्यव्यंग्य नै थियो । रमाइलो गर्ने, हास्य गर्ने, कहिलेकाहीं छास्सछुस्स व्यंग्य पनि गर्थ्यौं । त्यति कडा व्यंग्य पनि हुँदैनथ्यो । पछि-पछि अलि कडा राजनैतिक व्यंग्य आए । साँच्चै भन्ने हो भने ०३० सालसम्म नेपाली साहित्यमा हास्यव्यंग्य एकदम उच्चतम स्थितिमा थियो । अहिले व्यंग्य कम हुँदै गएको छ भने हास्य बढी हुन थालेको छ । अहिले त हास्यव्यंग्यलाई गालीगलौजका रूपमा, कटाक्षका रूपमा प्रयोग गर्ने गरिएको छ । अहिले हास्यव्यंग्यको शिल्पशैलीको दुरुपयोग हुँदा व्यंग्य साहित्यको शाश्वत सुन्दरता हराएको छ । म सबैलाई भन्छु, नेपाली साहित्यमा हास्यव्यंग्य सबैभन्दा माथि उठेर लेखिनुपर्छ, कुनै जाति, धर्म एवं राजनैतिक पक्षको भएर होइन । मानिसमा देखिएका कमजोरीहरूप्रति व्यंग्य गर्नुपर्छ, किनभने हास्यव्यंग्य सुधारसापेक्ष हुन्छ, व्यंग्य मानिसमा चेत पलाओस् भनेर गरिने कुरा हो ।

> १८ सालदेखि ३० सालसम्म साँच्चै हास्यव्यंग्य नै थियो । रमाइलो गर्ने, हास्य गर्ने, कहिलेकाहीं छास्सछुस्स व्यंग्य पनि गर्थ्यौं । त्यति कडा व्यंग्य पनि हुँदैनथ्यो । पछि-पछि अलि कडा राजनैतिक व्यंग्य आए । साँच्चै भन्ने हो भने ०३० सालसम्म नेपाली साहित्यमा हास्यव्यंग्य एकदम उच्चतम स्थितिमा थियो ।

**अहिले किन हास्यव्यंग्य लेखनको त्यति चर्चा नभएको होला ?**

०६२/६३ को आन्दोलनपछि मानिसमा संवेदनशीलता हरायो । देशको सबैभन्दा ठूलो नोक्सानी भनेकै मानिसको संवेदनशीलता हराउनु हो, त्यसमा कसैले ध्यान दिएका छैनन् । दुई जना मरे भने ए भन्यो, कसैलाई मतलबै छैन, १० जना मरे भने मरे है भन्यो सकियो, ३०/४० जना मरे भने ए यसरी मरेछन् भन्नेसम्म आयो । कुनै बेला पोखरामा एउटा सानो घटना घट्दा देशै हल्लिन्थ्यो । हास्यव्यंग्यमा व्यंग्यचित्र पनि त्यत्तिकै पुरस्कृत हुन्थे, कविता, प्रहसन त्यत्तिकै आउँथ्यो, पुरस्कार हुन्थ्यो, त्यसैले सबै उत्साहित थिए । त्यसबाट सरकारले पनि देशमा के गलत भैरहेको छ भन्ने जानकारी पाउँथ्यो । २०२२ सालमा म 'मायालु' भन्ने पत्रिका निकाल्थें, त्यसमा हास्यव्यंग्य अलिअलि हुन्थ्यो । २०२७-०२८ सालतिर 'कलियुग' नामक हास्यव्यंग्य पत्रिका बजारमा आउनासाथ हारालुछ हुन्थ्यो । त्यो पत्रिका दरबारका साथै अन्य शक्ति केन्द्रहरूमा पनि पुग्थ्यो । त्यसले गलत गर्नेलाई हटाउने र राम्रोलाई ल्याउनेसम्मको प्रभाव हुन्थ्यो । २०३६ सालपछि अलि राजनीतिक चेतना आउन थाल्यो, २०४६ सालको परिवर्तनपछि व्यंग्य चित्र प्रशस्त आए । व्यंग्य चित्रकार तथा लेखकहरू मिलेर 'भाँडभैलो' पत्रिका निकाले । त्यसअघि 'रचना' भन्ने पत्रिकाले एउटा विशेषांक निकाल्थ्यो । 'मुस्कान' भन्ने हास्यव्यंग्य पत्रिका पनि थियो । ०६२/६३ पछि पत्रिकाहरूले हास्यव्यंग्यलाई महत्त्व दिन छाडे । पहिले-पहिले सम्पादकहरूले फोन गरेरै व्यंग्य माग्थे, छापिन्थ्यो, मानिसहरूले खुब मन पराउँथे ।

**त्यो बेलाका जस्ता हास्यव्यंग्य नआएका हुन् कि नयाँ लेखक नै नभएका हुन् ?**

अहिले अवसरको पनि अभाव छ । केही राम्रा लेखक अहिले पनि छन् तर उनीहरूले अवसर पाएका छैनन् । काठमाडौंकै मेरा मित्रहरूले पनि आफ्ना लेखहरू छापिँदैनन् भनेर गुनासो गर्छन् । लेखकहरूलाई पत्रपत्रिका, मिडिया र पब्लिसर्स हाउसहरूले पनि प्रोत्साहित गर्नुपर्छ । अहिले मिडियाहरूले आख्यानमा जोड दिइरहेका छन्, त्यसमा म कुनै गुदी कुरो पाउँदिनँ । कति उपन्यासमा नाराबाजी छ, कति उपन्यासमा पक्षधरता छ, कतिमा जे कुरा लेखिनु हुँदैनथ्यो त्यो पनि लेखिएको छ । हाम्रो राष्ट्रिय मान्यताअनुसार नभएका चिजहरू पनि आएका छन् । यता एकथरीले सोझै व्यंग्य गर्न थाले, तिनीहरूको व्यंग्य हेर्दा सम्पादकहरू समेत दिक्क हुने अवस्था छ ।

**व्यंग्य गाली-गलौजको शैलीमा किन गएको होला ?**

यो सबै राजनैतिक विकृतिले सिर्जना गरेको हो । लेखकहरू राजनैतिक पक्ष...-विपक्षमा लाग्न थाले । केही पाइन्छ कि भनेर लोभ गर्न थाले, त्यही लोभका कारण उनीहरू माथि उठ्न सकेनन् । स्वच्छ हिसाबले नेपाललाई सबैभन्दा माथि राखेर सोच्छु भने म कुनै पार्टीलाई राम्रो भनेर, कसैलाई नियतवश होच्याएर लेख्दिनँ । म सबैभन्दा माथि उठेर यो ठीक भएन है भनेर नेपाल र नेपालीका लागि लेख्छु । अहिले त्यस्ता लेखकहरू छैनन् भने पनि हुन्छ । अलिकति पक्ष नलागेकालाई पत्रपत्रिकाले पनि छाप्दैनन् । किनभने, पत्रिकाहरू नै पक्षमा लागेका छन् । धेरै पछि केही पत्रिकाले यसपटक मसँग लेख-रचना मागे, मैले पठाइदिएको छु । नत्रभने पत्रिकाले लेख-रचना नमागेको पनि धेरै भैसकेको थियो ।

पृष्ठ ७ मा

# गाईजात्राको चलन अनि किंवदन्ती

त्रिचन्द्र प्रतिक्षा

धार्मिक, सामाजिक, ऐतिहासिक एवं सांस्कृतिक रूपले रमाइलो पर्व हो- गाईजात्रा। आजका दिन एक वर्षभित्र दिवंगत भएका आफन्तको सम्झनामा गाई वा मानिसलाई गाईका रूपमा सिँगारेर आ-आफ्नो इलाकामा परिक्रमा गराइन्छ भने गाईजात्रा पठाउने घरबाट थरिथरिका रोटी, फलफूल पैसा आदि राखेर वर्षको हिसाबले ३ सय ६५ वटा प्याकेट बनाएर सहभागीहरूलाई बाँडिन्छ। यस क्रममा श्रद्धालुहरूद्वारा पनि दूध, फलफूल, जुस, रोटी, दहीका साथै अन्न एवं द्रव्य दान गरिन्छ।

श्रावण शुक्ल प्रतिपदाका दिन गाईजात्रा मनाइन्छ। १५ औं शताब्दीको गोपालराज वंशावली तथा मल्लकालमा लेखिएको 'ठ्यासफू' मा गाई वा गाईका रूपमा मानिसलाई सिँगारेर नगर परिक्रमा गरी मनाइने यो पर्वलाई 'सायात' भनिएको छ। यसबाट यो पर्व प्राचीनकालदेखि नै मनाइँदै आएको प्रमाणित हुन्छ। नेपाल भाषाको 'सायात' (सापारु) शब्दको अर्थ नेपालीमा 'गाईजात्रा' भएको बताइन्छ।

मानिसले मरेपछि स्वर्ग जाने बाटोमा पर्ने एउटा 'वैतरणी' नदी तर्नुपर्छ। गाईको पुच्छर समातेर मात्र वैतरणी तर्न सकिन्छ र त्यसपछि मात्र स्वर्ग पुगिन्छ भन्ने हिन्दूहरूको जनविश्वास छ। सांस्कृतिक जीवनका प्राचीनकालदेखि चल्दै आएका गाईसम्बन्धी अनेकन् धार्मिक आस्था, निष्ठा एवं उपयोगितामा 'गाईजात्रा' को जन्म भएको देखिन्छ। यो जात्रा निकाल्ने चलन कहिलेदेखि सुरु भयो भन्ने तिथिमिति निश्चित नभए पनि एक भनाइअनुसार राजा प्रताप मल्लको समयमा उपत्यकामा बिफरको महामारी फैलियो र थुप्रै सर्वसाधारणको मृत्यु हुनुका साथै प्रताप मल्लको कान्छो छोरा चक्रवर्तेन्द्र मल्लको समेत मृत्यु भएपश्चात् शोकमा परेकी व्याकुल रानीलाई 'मानिसहरू अन्यत्र पनि मरेका छन् र मर्छन्' भनी देखाएर चित्त बुझाउने प्रयासस्वरूप राजाले देशवासीलाई वर्ष दिनभित्र मृत्यु भएकाहरूको नाममा आफन्तहरूले गाईजात्रा निकाली नगर परिक्रमा गराउन हुकुम जारी गरेका थिए।



संस्कृतकर्मी प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठ भन्छन्– राजा प्रताप मल्लले गाईजात्रा मनाउने चलन चलाएको किंवदन्ती भए पनि नेवार समुदायबाहेक अरूले गाईजात्रा मनाएको पाइँदैन। मल्लकालमा नेपाल मण्डल विशेषगरी काठमाडौं उपत्यकामा नेवार समुदायको मात्र बसोबास भएकाले गाईजात्रा नेवार समुदायले मात्र मनाउने पर्वका रूपमा विकास भएको पाइन्छ।

भक्तपुरमा गाईजात्रा निकाल्ने परम्परा गोपालराज वंशावलीअनुसार राजा जयस्थिति मल्लको शासनकालमा सुरु भैसकेको थियो। ललितपुरमा भने बौद्ध परम्पराअनुसार मरेका आफन्तहरूको नाममा गाईजात्राको भोलिपल्ट मतयाः यात्रा गरिन्छ। यो यात्रा राजा गुणकामदेवको राज्यकालमै सुरु भएको देखिन्छ।

बौद्ध साहित्यको ललितविस्तरमा गाईजात्राका सम्बन्धमा केही प्रसंग उल्लेख छ, जसअनुसार गाईजात्राको परम्परा पुरानो हो भन्ने बुझिन्छ। तर मध्यकालमा यसको स्वरूपमा परिवर्तन आएको हुनसक्छ। यस्तै लिच्छविकालको अभिलेखमा गौ युद्ध उत्सव भनी लेखिएको पाइएकाले लिच्छविकालमा पनि गाईजात्रा मनाइन्थ्यो भन्ने केही इतिहासविद्को भनाइ छ। गाईजात्राका सम्बन्धमा सिल्भाँ लेभीद्वारा लिखित पुस्तक हिन्दू अधिराज्यको इतिहास 'नेपाल'मा गाईजात्राका सम्बन्धमा लेखिएको छ। भाद्र पद (अगस्त-सेप्टेम्बर) मा गाईजात्रा सुरु हुन्छ। गाईको मुकुन्डो, माला इत्यादि लगाएका मानिसहरू बाटा-बाटामा नाचगान गर्छन्। नेवार परिवारको कुनै सदस्य वर्ष दिनभित्र मरेको छ भने त्यो परिवारले कुनै मानिसलाई गाई बनाई बाहिर पठाउँछन्। गाईको पछि-पछि कुमारी पनि हुन्छिन्। भोलिपल्ट गाईको ठाउँमा बाघको मुकुन्डो लगाई जात्रा निकालिन्छ र यो जात्रालाई व्याघ्राजात्रा भनिन्छ।

भक्तपुरमा भने आठ दिनसम्म गाईजात्रा मनाउने परम्परा छ। विशेष गरी घिन्ताङकिसीमा केटाकेटी र युवा-युवतीको समूह मिलेर हातमा काठको ज्यावल लिई त्यसलाई आपसमा ठोक्काउँदै अनौठो र रमाइलो किसिमले नाँच्दै नगर परिक्रमा गरिन्छ। यस्तै करिब १५ फिट लामा चारवटा हरियो बाँसलाई ठाडो पारेर आयाताकारमा बाँधेर त्यसलाई कपडाले बेरेर तहामचा बनाइन्छ। तहामचाको शिरमा गाईको चित्र तथा परालको सिङका साथै मृतकको तस्बिरसमेत राखेर उक्त तहामचालाई बाँसको नोल लगाई मृतकका आफन्तले काँधमा बोकेर नगर परिक्रमा गराइन्छ। संस्कृतिकर्मी प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठका अनुसार भक्तपुरकै तालाकोस्थित कुमालेले भने मृतात्माको शान्तिका लागि माटोको गाई बनाएर नगर परिक्रमा गराउँछन्। गाईसँगै मृतकको स्मृति झल्काउने करुण रसले भरिएको गीति लीला, रामायण एवं श्रीकृष्ण लीला प्रदर्शन गरिन्छ।

कीर्तिपुरमा मनाइने गाईजात्रा अन्यत्रको भन्दा अलि भिन्न छ। यहाँ मृतकको नाममा र नयाँ घर बनाएको उपलक्ष्यमा गाईजात्रा निकाल्ने चलन छ। प्रताप मल्लको पालादेखि गाईजात्रा निकाल्ने चलन सुरु भएको मानिए पनि स्थानीय संस्कृतिविद् तथा पुरात्वत्तविद् वसन्त महर्जनका अनुसार यो जात्रा यस क्षेत्रमा लिच्छवीकालदेखि नै प्रचलनमा आएको हो। यहाँ गाईजात्राको मुख्य विशेषता अथवा भिन्नता भन्नु सुकेको छालालाई गोलाकार बनाई घिसारेर ल्याउनु हो, जसलाई धाकः लुइगु भनिन्छ। यो कार्यमा संलग्न हुने पात्रहरू बाजा बजाउँदा र नाच्दा निस्कने आवाज एवं नाचलाई नै धेँधेँपापा (कसैकसैले 'भ्याँ भ्याँ पापा' पनि भन्छन्) नाम दिइएको भनाइ रहिआएको छ। मुख्यतः नाचको अग्रपंक्तीमा विभिन्न मुखुन्डो लगाएका र अनेक प्रकारका सामानहरू बोकेका नर्तकहरू तथा पछिपछि घरमा आफन्तजनको मृत्यु भएको परिवारका सदस्यको सहभागितामा नगर परिक्रमा गरिन्छ। यहाँ गाईजात्राको प्रमुख आकर्षण पनि यही मानिन्छ। अन्यत्र जस्तै पशुपति देवपत्तनमा पनि गाईजात्रा मनाइन्छ। पशुपतिको गाईजात्रा तीन दिन चल्छ।

आजभोलि काठमाडौं उपत्यकालगायत बनेपा, धुलिखेल, बाह्रबिसे, त्रिशूली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, धनकुटा, विराटनगर, पोखरा, पाल्पा, हेटौंडा, वीरगञ्ज, नेपालगञ्ज, बाग्लुङ, अर्घाखाँची आदि सहरहरूमा पनि गाईजात्रा निकालिन्छ भने नेपालबाहिर आसाम, दार्जीलिङ तथा सिक्किममा बसोबास गर्ने नेवारहरूले (केही वर्षअघिदेखि) गाईजात्राको प्रचलन सुरु गरेको पाइन्छ।

---

पृष्ठ ६ बाट

पहिले प्रत्येक साता मेरो एउटा रचना कुनै न कुनै पत्रिकामा छापिन्थ्यो, तर अहिले स्थिति कस्तोसम्म भएको छ भने यो विधालाई न एकेडेमीले प्रोत्साहित गरेको छ, न सरकारले, न त पत्रपत्रिकाहरूले नै यसको महत्त्व बुझेका छन्।

**भनेपछि अहिले हास्यव्यंग्य लेख्नेहरूका लागि माध्यम र प्रोत्साहन भएन ?**

हो, माध्यम पनि चाहिन्छ र प्रोत्साहन पनि चाहिन्छ। अहिले त्यो दुवै छैन। भारतमा एउटा राम्रो कवितालाई एक पटक टेलिभिजनमा वाचन गर्दा कविले ४०-५० हजार रुपैयाँसम्म पाउँछ। त्यही कविता लिएर उनीहरू देशभर घुम्छन्। त्यहाँका एक सुप्रसिद्ध व्यंग्यकार नेपाल आएका बेला धेरै लेख्नै पर्दैन, एउटा राम्रो लेखे हामीलाई सालभर पुग्छ भन्थे। नेपालमा लेखिसकेपछि नेपाली समाजका विभिन्न क्षेत्रमा पुऱ्याउने कसले ? अहिले हास्यव्यंग्य भनेको प्रहसन मात्र हो भन्ने सोच विकसित भएको छ। त्यो कलाकार र कमेडियनको कुरा मात्र भयो। अहिले व्यंग्यचित्र आएको छ। २०२१ सालमा मैले मायालु पत्रिका निकाल्दा व्यंग्यचित्र पनि छापिन्थ्यो। त्यो पनि व्यंग्यचित्रको इतिहासमा आउँदा अचम्म लाग्छ। त्यो बेला हामी त्यस्ता व्यंग्यचित्र कार्टुन संवादका रूपमा छाप्थ्यौं।

**आलु पार्टीले हास्यव्यंग्यलाई कसरी टेवा पुऱ्याइरहेको छ ?**

२०३४ सालमा वासुदेव लुइँटेल हुनुहुन्थ्यो, उहाँले हास्यव्यंग्यसम्बन्धी पुस्तकहरू प्रकाशन गर्ने संस्था खोल्नुभयो, त्यसबाट धेरै पुस्तक आए। उहाँ हास्यव्यंग्यकारहरूलाई प्रोत्साहित गर्नुहुन्थ्यो। मलाई हास्यव्यंग्यकारहरूलाई प्रोत्साहन गर्ने लुइँटेलजीलाई पनि केही गर्नुपर्छ भन्ने लाग्यो। त्यसपछि त्यो बेलाका वरिष्ठ पत्रकार दाताराम शर्मा, व्यंग्यचित्रकार टेकवीर मुखिया, पत्रकार वासु रिमाल यात्री आदिसँग मिलेर एउटा सम्मानपत्र बनाएँ। त्यो सम्मानपत्र लुइँटेलजीलाई दिन मेरै घरमा बोलाउने निधो भयो। त्यो कार्यक्रमका लागि हामीले आलुका १७ थरीका परिकार बनाएर पहिलो पटक आलु पार्टीको आयोजना गरेका थियौं। त्यही बेलादेखि सुरु भएको यो आलु पार्टी अहिले पनि जारी छ। अहिले आलुका ४-५ वटा परिकार बनाएर आलु पार्टी गर्छौं। आलुको नौगेडी माला, खुर्सानीको धुप बाल्ने, हवन गर्ने, कहिले बिरालो, कहिले भालुलाई ल्याएर प्रमुख अतिथि बनाउने जस्ता नयाँ-नयाँ कुरा गर्दै आलु पार्टी सम्पन्न गरिन्छ। त्यहाँ मुख्यतः साथीहरू जम्मा भएर कविता, चुटकिला, हास्यव्यंग्य सुन्ने-सुनाउने काम हुन्छ।

**अहिले हास्यव्यंग्य गाईजात्रा र तराईको होलीमा मात्र सीमित भएको देखिन्छ ? किन खुम्चिँदै गएको होला ?**

शक्तिकेन्द्रहरूमा हास्यव्यंग्य बुझेको, साहित्य बुझेको, संस्कृति बुझेको व्यक्तित्व पनि हुनुपऱ्यो। उनीहरूले प्रोत्साहन नगरेपछि व्यक्तिगत रूपमा हामीले के गर्ने ? यस्तो स्थितिमा साहित्यको यो विधा खुम्चिनु स्वाभाविक हो। यद्यपि जसको जीवनमा हास्यव्यंग्य छैन, त्यसको जीवन रूखो हुन्छ। हास्यव्यंग्य नभएको मान्छे मान्छे नै होइन भन्छु म त, किनभने हास्यव्यंग्य भगवानको ठूलो वरदान हो। राजनैतिक नेताहरू पनि उदार दिलले जोकर बन्न सक्नुपर्छ। अहिलेका प्रधानमन्त्रीमा अलि-अलि त्यो चेतना छ।

**प्रधानमन्त्री केपी शर्मा ओलीका उखान टुक्का तपाईंलाई कस्ता लाग्छन् ?**

प्रतिउत्पन्न मति अरू नेताहरूमा भन्दा उनमा बढी देखिन्छ, तर कहिलेकाही अँध्यारोमा ढुंगा हानेजस्तो हुन्छ। अहिलेसम्मका प्रधानमन्त्रीको तुलनामा उहाँमा हास्यव्यंग्यका रूपमा टाक्कटुक्क नेपाली संस्कृतिको भाव छ। त्यसैले उहाँको भाषण सुन्न मानिसहरू लालायित हुन्छन्।

**तपाईंको नजरमा ओली कत्तिका रसिक छन् ?**

उनको व्यक्तिगत जीवन त्यति रसिक होला जस्तो लाग्दैन। उनमा राजनीति तथा स्वास्थ्यको तनाव होला, तर कहिलेकाहीं चलाख र जान्ने हुँदाहुँदै पनि उनलाई वरिपरि घेरेर बस्ने मानिसहरूले घुमाउँछन्। नेपालको राजनीतिमा त्यो घेराउ तोड्न नसक्ने मान्छे कहिल्यै सफल हुन सक्दैन। नेता त्यस्तो हुनुपर्छ, जसले आफूलाई त्यस्तो घेराबाट बाहिर निकाल्न सक्छ।

**हास्यव्यंग्य लेखनलाई युटयुब र टेलिभिजनहरूले कत्तिको प्रभाव पारेका छन् ?**

कुनै पनि विषयको लेखक आफैंमा पूर्ण हुँदैन, कलाकार पनि हुँदैन, व्यंग्य-चित्रकार पनि हुँदैन। यो सबै मिल्यो भने पूर्ण हुन्छ। लेखक आफैं, कलाकार आफैं, व्यंग्य-चित्रकार आफैं हुँदा धेरै कुरा बिग्रिएका छन्। उनीहरू व्यंग्यकारसँग सम्पर्क नै गर्दैनन्। प्रहसन गर्दा पहिले-पहिले स्क्रिप्ट ल्याउँथे, त्यसलाई हामी राम्रो सम्पादन गरेर दिन्थ्यौं। अहिले उनीहरूको आ-आफ्नै समूह छ, उनीहरू अरूलाई किन पैसा बाँड्ने भन्छन्, आफैं गर्छन्। हामीले गुणस्तरीय बनाउन र संसारभर देखाउन योग्य बनाउनतिर पनि लाग्नुपर्छ। पैसाको मात्र कुरा होइन, कलाको स्तर पनि माथि उठ्नुपर्छ। प्रहसनलाई अहिले हास्यव्यंग्य भन्न थालिएको छ, त्यसमा कला र व्यंग्य हराएको छ।

बांगो प्रश्न बांगै उत्तर



# बोका उपहार दिन्छु

सुरज खड्गी, कमेडी सर्कल



**फेसबुक बन्द भयो भने के गर्नुहुन्छ ?**
इन्स्टाग्राम चलाउँछु ।

**कसैले तपाईंको फेसबुक ह्याक गऱ्यो भने के होला ?**
ह्याक गर्ने महापुरुष वा महामहिला खोजेर पुरस्कार दिन्छु ।

**ट्विटरमा तपाईंलाई क्याट्रिना कैफले फलो गरिन् भने ?**
सलमान खानलाई स्क्रिन सट पठाउँछु ।

**स्टेजमा चढेपछि पाइन्टको जिपर खुल्लै भएको थाहा भयो भने ?**
पछाडि फर्कन्छु कि थुचुक्कै बस्छु ।

**प्रेमिकाले अचानक दाइ भनेर सम्बोधन गर्न थालिन् भने ?**
सजिलैसँग बहिनी भनिदिन्छु ।

**दसैंमा खसी उपहार दिनेलाई तपाई के दिनुहुन्छ ?**
बोका उपहार दिन्छु ।

**तपाईंको मोबाइल नम्बर अचानक परिवर्तन भयो रे, अब के गर्नुहुन्छ ?**
मेरो ओर्जिनल नम्बरबाट फोन गरेर प्यांक गर्थें ।

**घर जाने बाटो नै बिर्सिनुभयो भने के होला ?**
ससुराली जान्छु ।

**कसैले पानीमा रक्सी मिसाएर ख्वाइदिए ?**
पानीको ककटेल भनेर रमाउँथें ।

**शोरुमको डमीले तपाईंसँग कुराकानी गर्न थाले के गर्नुहुन्छ ?**
केटा डमी भए भाग्छु, केटी डमी भए डेट जान्छु ।

# पेटीकोट त लगाइरहेकै हुन्छु नि

सञ्जु कटवाल, कमेडी सर्कल

**महिलाहरू तालुखुइले भए सिन्दूर कहाँ लगाउलान् ?**
टुप्पीमा ।

**झूटो बोलेको समात्ने मेसिनको आविष्कार भयो भने ?**
सबैभन्दा पहिले त मलाई नै समात्ला ।

**तपाईंकी बहिनी तपाईंको ब्वाइफ्रेन्डसँग भागिन् भने के गर्नुहुन्छ ?**
ज्वाईं भन्छु ।

**बिहान उठ्दा आफू गर्भवती भएको थाहा पाउनुभयो भने के गर्नुहुन्छ ?**
पहिले आमालाई भन्छु, त्यसपछि हस्पिटल गएर चेक गराउँछु ।

**एउटा मानिस कसरी आठ दिनसम्म अनिदो रहन सक्छ ?**
आफ्नो प्रेमी-प्रेमिकासँग गफ गरेर ।

**माया र मधुमेहमा के समानता छ ?**
दुवै गुलियोका कारण हुने रोग हुन् ।

**अमेरिकामा त्यस्तो के जन्मिन्छ जो अमेरिका अन्त कहीं जन्मिदैन ?**
अमेरिकनको बच्चा ।

**तीजमा नाच्दानाच्दै अचानक साडी खुस्कियो भने ?**
पेटीकोट त लगाइरहेकै हुन्छु नि, त्यसैले अझै नाच्छु ।

**तपाईंको विचारमा टमाटर फल हो कि तरकारी ?**
फल पनि होइन तरकारी पनि होइन त्यो गोलभेंडा हो ।

**एउटा लामखुट्टे तपाईंको ब्वाइफ्रेन्डको गालामा आएर बस्यो भने ?**
पट्काइदिन्छु, अरु बेलाको रिस पनि मर्छ ।



# तर्सिएर चिच्याउँछु

नमुना गिरी, कमेडी सर्कल



**तपाईंको ब्वाइफ्रेन्डले तपाईंलाई अर्कैसँग डेटिङ गरिरहेको फेला पाऱ्यो भने के होला ?**
समस्या यहीं छ, मेरो ब्वाइफ्रेन्ड नै छैन ।

**सुतिरहेको खाट अचानक भाँचियो भने के गर्नुहुन्छ ?**
तर्सिएर चिच्याउँछु, त्यसपछि भुइँमा सुत्छु ।

**ब्वाइफ्रेन्डले कपाल सुमसुम्याउँदा आफ्नो टाउकोमा जुम्रा फेला पऱ्यो भने ?**
जुम्रा मार्देऊ भन्छु नि ।

**तपाईंलाई जोगी वा धामी-झाँक्रीजस्तो फुकेर केही कुरा गर्ने शक्ति प्राप्त भयो भने ?**
त्यस्तो शक्ति पाए परीक्षामा धेरै नम्बर ल्याएर बोर्ड टपर हुन्थें ।

**तपाईंलाई एकैपटक ६ जना केटाले प्रेम प्रस्ताव राखे रे नि त ?**
हो नि ! तपाईंजस्तो पत्रकारले यस्तो 'हक केक' न्यूज पनि थाहा नपाउने ?

**फेसबुक अचानक फेकबुकमा परिणत भयो भने के होला ?**
अहिले पनि त फेकबुकजस्तै त छ नि ।

**धूलोले अक्सिजन दिन थाल्यो भने ?**
सास फेर्छु ।

**तपाईंको मोबाइलमा अचानक पोर्न भिडियो चल्न थाल्यो भने ?**
बन्द गर्दिन्छु ।

**तपाई धाराबाट पानीको साटो बियर मात्र आउँछ हो ?**
त्यही भएर सधैं गाग्री थाप्ने गरेकी छु । ट्यांकीमा पनि टन्न बियर हुन्छ । प्रत्येक महिनाको ३६ र ६३ गते आउनुहोला, फ्रीमा ख्वाउँछु ।

**परफ्युमबाट वासना आउनुको साटो दुर्गन्ध आउन थाल्यो भने के गर्नुहुन्छ ?**
म परफ्युम प्रयोग गर्दिन त्यसैले केही फरक पर्दैन ।

**सुनको मूल्य घटेर तोलाको ५ हजार भयो भने ?**
सुनकै मोबाइल किन्थें अनि सुनको दाँत लगाएर डिच्च-डिच्च हाँस्दै हिंड्थें ।

# खाली खाम दिनेलाई बिल्ला हान्छु



शिष्टता भण्डारी, नेप-ग्याजम ग्रुप



**आफ्नो उमेरभन्दा वयस्क अभिनेतासँग डेटिङ जाने अफर आउँदा कोसँग जानुहुन्छ ?**
नाइँ, म त कसैसँग पनि जान्नँ ।

**बाटोमा हिँड्ने क्रममा अपरिचित व्यक्तिले अँगालो मारे के गर्नुहुन्छ ?**
खै के गर्ने-गर्ने ? म त कन्फ्युज नै हुन्छु होला ।

**रिस उठेका बेला कसैलाई मुखै छाडेर गाली गरेको सम्झना छ ?**
गाली गरेकी छु, तर मुखै छोडेर चाहिँ होइन । मनमनैचाहिँ मज्जाले गाली गरेकी छु ।

**हँसाउँदा-हँसाउँदै आफैं हाँसेर हँसाउन नसकेको कुनै क्षण ?**
त्यस्तो धेरै छ । हामी दर्शकलाई हँसाउनकै लागि स्ट्यान्डअप कमेडी गरिरहेका हुन्छौं, तर कहिलेकाहीं जति हँसाउन खोजे पनि उनीहरू हाँस्दैनन् । त्यस्तो अवस्थामा हामी मनमनमा एकदमै हाँसिरहेका हुन्छौं । त्यो हाँसोलाई नियन्त्रण गर्न सक्ने अवस्था हुँदैन ।

**केटीहरूलाई किन हट भनिएको होला ?**
केटी मान्छेलाई पुरुषले नै हट भन्ने हो । पुरुषहरूलाई बढी जाडो भएर पनि हट भनेका होलान् ।

**तपाईंको मोबाइलमा अचानक अश्लील गालीसहितको म्यासेज आयो भने के गर्नुहुन्छ ?**
कस्तो अश्लील गाली हो, त्यो हेर्छु अनि त्यसलाई पढेर र बुझेर आइज भनेर रिप्लाई गर्छु ।

**तपाईंको प्रेमी अन्य युवतीसँग डेटमा भेटिएपछिको वातावरण कस्तो होला ?**
म त्यो केटीलाई कस्तो काम नलाग्ने केटासँग डेट गरेको भनेर भड्काउँछु । यस्तो केटासँग डेट गर्नु हुँदैन भनेर सम्झाउँछु ।

**आफूले मन पराएको पुरुषले भाइटीकाको अफर गरे ?**
अर्को रक्षा बन्धनमा मलाई पनि डेट निकालिदिनु है भनेर जवाफ दिन्छु ।

**दसैंमा टीका लगाउँदा दक्षिणाको खाम खाली रैछ भने ?**
कसले दिएको खाम हो, उसलाई नोटिस गर्छु । अनि पछि भेट भएका बेला खाली खाम दिनेलाई खाली खाम दिने भनेर बिल्ला हान्छु ।

**तपाईंले विवाह गरेको पुरुष तेस्रोलिंगी निस्कियो भने के गर्नुहुन्छ ?**
म उसलाई समर्थन गर्छु । समर्थन यस अर्थमा कि ऊ मसँग बस्न चाहन्छ कि चाहँदैन ? पहिले त्यो बुझ्छु । बस्न चाहेको होइन भने उसलाई स्वतन्त्र छोडिदिन्छु ।

# वानपिसचाहिँ लगाउँथे

सरोज भण्डारी, नेप-ग्याजम ग्रुप

**आफ्नी प्रेमिकालाई भाउजू भन्नुपर्‍यो भने के होला ?**
त्यो त प्याटर्न नै परिवर्तन हुन्छ । उसलाई त केही भन्दिनँ तर उसका सन्तानलाई चाहिँ भतिजा-भतिजी भन्छु ।

**बाटोमा हिँड्दा कुनै युवतीको फस्नर खुल्ला देखियो भने ?**
देखे पनि नदेखेझैं गर्छु ।

**छोकरी राम्री कि नोकरी ?**
नोकरी भएर छोकरी भएको राम्रो । छोकरी मात्र भएर हुँदैन नि ।

**आफूमा बाँदरको चरित्र रोज्दा ?**
बाँदरको चरित्र पाएँ भने रूख चढ्ने चरित्र रोज्छु जसले गर्दा पूर्वप्रेमिकाको घरको झ्यालमा गएर उनीहरू के गरिरहेका छन्, नियाल्न पाउँछु ।

**महिलाको अनुहारमा दाह्री-जुँगा आए कस्तो देखिन्थ्यो ?**
उनीहरू पुरुषजस्तै देखिएलान् । उनीहरूको अनुहारमा दाह्री जुँगा आए मेकअपको पैसा जोगिन्थ्यो, जसले गर्दा पुरुषहरू पनि खुसी हुन्थे ।


**महिलाको कुन पहिरन लगाउन चाहनुहुन्छ ?**
महिलाको लगाउने पहिरन त के होला र खै ? तैपनि वानपिसचाहिँ लगाउँथे ।

**दरमा दारु मिसाएर खाँदा कस्तो होला ?**
रमाइलो हुन्छ नि । तीजमा महिलालाई दर, हामीलाई दारु । दरसँगै पकाइने सितन हाम्रा लागि दारुको आइटम हुन्छ ।

**पुरुषको दाह्री नारीलाई किन भारी ?**
घोचेर होला कि ?

**जनावर भएर जन्मनुपरे कुन जनावर रोज्नुहुन्छ ?**
म हात्ती रोज्छु । किनभने हात्ती ठूलो र बलवान् हुन्छ ।

**सुहागरातमा तपाईंकी दुलही बेपत्ता भएको पाउनुभयो भने ?**
भोलिपल्टै अर्की खोजेर बिहे गर्थें, किनभने बूढी भागेर गै भनेर रोएर बसेर हुँदैन ।





# राम्रो अनुहारकी अभिनेत्री देखेकै छैन

उमेश गौतम 'यूकेजी', नेप-ग्याजम ग्रुप

**बिहान उठेर ऐना हेर्दा आफूलाई महिलाको रूपमा पाउनुभयो भने के होला ?**
म त आश्चर्यमै पर्छु नि ।

**कमेडी गर्ने क्रममा एक्कासि महिलाको स्वर आए के गर्नुहुन्छ ?**
त्यो एउटा क्यारेक्टर नै हो भनेर आफूलाई सम्झाउँछु ।

**महिलाको कुन उत्ताउलो कुराले तपाईंलाई आकर्षित गर्छ ?**
उत्ताउलो कुरा भन्दा पनि महिलाको चरित्रले नै मलाई आकर्षित गर्छ ।

**तपाईंलाई भगवान्ले एक दिनका लागि महिला बनाइदिए भने ?**
अप्ठ्यारो प्रश्न आयो । सम्भवतः एउटा बच्चा जन्माउँछु ।

**महिलाको एउटा गुण तपाईंलाई दिइयो भने कुन गुण लिनुहुन्छ ?**
म महिलाको काम गर्ने शैलीबाट प्रभावित छु । त्यसकारण धेरै काम गर्न सक्ने बानी लिन्छु ।

**कमेडियनलाई किन छाडा भनिएको होला ?**
त्यो मानिसहरूको नजरमा भर पर्छ । किनभने सबै कमेडियन छाडा हुँदैनन् ।

**कसैको क्यारिकेचर गर्दा गाली खाएको क्षण छ ?**
अहिलेसम्म त्यस्तो गाली खाएको त छैन, बरु दर्शक-श्रोताहरूले इन्जोय गर्नुभएको छ ।

**घरमा आमाबुबाले छोरी भनेर बोलाउँदा कस्तो अनुभव हुन्छ ?**
हाम्रो घरमा छोरी छैनन्, त्यसैले मलाई रमाइलै लाग्छ ।

**पाका अभिनेत्रीसँग डेटको अफर आयो भने कोसँग जानुहुन्छ ?**
त्यस्तो डेट जाने राम्रो अनुहारकी अभिनेत्री देखेको छैन ।

**विद्यालयमा शिक्षकले प्रजनन स्वास्थ्य पढाउँदा कस्तो लाग्थ्यो ?**
मलाई त लाज लाग्थ्यो ।

# स्वीकार गर्दै डेटमा जान्थे

योजना थापामगर, कमेडी टुकटुक

**आफूले गरेको कुनै क्रेजी काम ?**
सानोमा फलफुल चोरेकी थिएँ ।

**जीवनभर एउटा मात्र खानेकुरा खानुपरे के खानुहुन्थ्यो ?**
म फुजी स्याउ मात्र खान्थे ।

**तपाईंले गर्दै नगरेको कामको ट्रोल बन्यो भने ?**
असाध्यै खुसी हुन्थें, म फेमस भएँ भनेर ।

**अघोरी बाबाले प्रेम प्रस्ताव राखे के गर्नुहुन्छ ?**
प्रस्ताव स्वीकार गर्दै डेटमा जान्थे ।

**आकाशबाट पानीको साटो ढुंगा बर्सिन थाल्यो भने ?**
ती सबै ढुंगा जम्मा गरेर क्रसर उद्योगलाई बेच्थें ।

**कसैले गिफ्टमा साइकल दिए ?**
साइकल चलाउन सिक्थें । के गर्नु, आउँदैन ।

**हिंडिँरहेका बेला कागले बिस्टयाए ?**
कागलाई मैले बिस्ट्याउन नमिल्ने गएर नुहाइधुहाइ गर्थें ।

**पर्समा बोकेको पैसा कागजको खोस्टा भएको पाउनुभयो भने के गर्नुहुन्थ्यो ?**
रुन्थें, पैसा न पऱ्यो ।

**काली भए पनि राम्री छन्, आँखा तिनका जीउभरि छन् के होला ?**
आँखीभ्र्याल हुनुपर्छ ।

**तपाईंलाई एक हप्तासम्म कपाल कोर्ने वा दाँत माझ्नेमध्ये एउटा मात्र काम गर्न दिइयो भने के गर्नुहुन्थ्यो ?**
दाँत नै माझ्थे । कपाल त बरु नकोरे पनि केही हुँदैन । दाँतमा त समस्या आउँछ ।





# नजान्ने मानिसहरूसँग मात्र बोल्छु

आयुष श्रेष्ठ, कमेडी टुकटुक



**स्टेजमा अकस्मात कमेडी गर्न बिर्सनुभयो भने के होला ?**
धेरै पटक त्यस्तो भएको छ । त्यतिबेला म बोलिरहन्छु, तर अरूलाई थाहा हुन दिन्न ।

**दर्शकले तपाईंलाई नै कमेडी बनाए भने ?**
माइक्रोफोन दर्शकलाई दिन्छु । मचाहिँ पछाडि गएर बस्छु ।

**कसैले तपाईंको गोप्य कुरा थाहा पाए ?**
त्यो कुरा अरूलाई थाहा हुनुभन्दा पहिले नै आफैंले सबैलाई थाहा दिन्छु ।

**नेपालीबाहेक अरू जान्दै नजानेको भाषा बोल्नुपरे ?**
नजान्ने मानिसहरूसँग मात्र बोल्छु जसले गर्दा उनीहरूलाई के बोल्यो थाहै हुँदैन ।

**डरलाग्दो बाटोमा राति एक्लै हिंड्नुपरे ?**
हनुमान चालिसा जप्दै हिंड्छु ।

**एक अँधेरी साथी मेरी, गर्छिन् पिछा केही नटेरी के होला ?**
छायाँ हो कि ?

**दूधको साक्षी बिरालो हो भने मःमको साक्षी के होला ?**
मःम खाने मान्छे हुनुपर्छ ।

**तपाईंको जीवनमा घटेको कुनै लाजलाग्दो क्षण ?**
कक्षा ८ मा पढ्दा क्लासमा सबैका अघि झापड खाएको छु ।

**तपाईंलाई एक दिनका लागि कुनै एउटा नियम बनाउन दिइयो भने कस्तो नियम बनाउनुहुन्थ्यो ?**
मन परेको मान्छेलाई आफ्नो बनाउन पाउने नियम बनाउँथे ।

**अचानक फेसबुक बन्द भए ?**
इन्स्टाग्राम चलाउँथें ।

# केश हेरेर डिल गर्छु

आदर्श मिश्र, मिम नेपाल



**बिहान उठ्दा जेन्डर परिवर्तन भए ?**
सुरुमा नाम परिवर्तन गर्थें ।

**गर्लफेन्डसँग डेट जाँदा उनका बुवाले देखे ?**
खासै केही गर्थिनँ । नेपालको डेटिङ सामान्य किसिमकै हुन्छ । देखे पनि फरक पर्दैनथ्यो ।

**रातारात बूढो हुनुभयो भने के होला ?**
घरमा काम अराएर बस्थें । बूढो मान्छेले केही नगर्ने हुँदा देशमा काम बिगार्नेहरूलाई गाली गर्थें ।

**बाटोमा बाघसँग जम्काभेट भए ?**
आँखा चिम्लिएर कुलेलम ठोक्थें ।

**पुरस्कारमा आफूभन्दा ठूलो एवार्ड पाउनुभयो भने ?**
गाडी बोलाएर घर लान्थें ।

**कसैले तपाईंलाई ब्लाकमेल गरे के गर्नुहुन्छ ?**
केश हेरेर डिल गर्छु ।

**रुँदा आँसु नै आएन भने ?**
मेरो आँसु अरू बेला पनि आउँदैन, त्यसैले केही गर्नै पर्दैन ।

**आफ्नो गोप्य तस्बिर सार्वजनिक भए ?**
फोटोसप हो भनेर जिद्दी गर्थें ।

**मिम नेपाल बन्द भए ?**
अर्को पेज खोल्छु ।

**सरकारले देशमा कमेडी गर्ने काम प्रधानमन्त्रीको मात्र हो भन्दै अरूको कमेडीमा रोक लगायो रे नी त ?**
त्यसो हो भने हामीले त देश नै छोडे भयो ।

# हँसाउने अर्को माध्यम प्र्यांक भिडियो

हाँस्ने र हँसाउने मानिसका विभिन्न तरिका हुन्छन् अनि विभिन्न माध्यम पनि । चुट्किला, हास्य टेलिचित्र, प्रहसनजस्ता माध्यम पुराना भैरहेका बेला अहिलेको युवापुस्तामाझ स्ट्यान्ड-अप कमेडी र प्र्यांक लोकप्रिय माध्यम बनेका छन् । प्र्यांक अर्थात ठट्यौली, जसको उद्देश्य हुन्छ– मानिसहरूलाई चलाखीपूर्वक मुर्ख बनाउनु र दर्शकलाई मनोरञ्जन प्रदान गर्नु । संवेदनशील विषयवस्तुमा विभिन्न तरिकाले प्र्यांक गरेर मानिसलाई केही समयसम्म कन्फ्युजनमा राख्नु र आश्चर्यमा पार्नु प्र्यांकस्टरहरूको विशेषता नै मानिन्छ । क्षणिक रमाइलो र हाँसोका लागि पश्चिमा मुलुकबाट सुरू भएको प्र्यांकलाई पछ्याउनेहरु नेपालमा पनि थुप्रै छन्, जसले विशेष गरी युट्युबको माध्यमबाट मनोरञ्जन प्रदान गर्ने गरेका छन् । युट्युबमा राम्रा र चर्चित प्र्यांक गर्न सफल केही प्र्यांकस्टरको खोजिनीति गर्दै साप्ताहिक संवाददाता प्रकाश रानाभाट :






### नेपालमा सुरुवात

सम्भवत: नेपालका पहिलो प्र्यांकस्टर आकाश सेढाइ हुन् । उनले १९ वर्षको उमेरमा सन् २०१३ देखि विदेशी प्र्यांकहरूबाट प्रभावित भएर नेपालमा प्र्यांक भिडियो बनाउन थालेका थिए । आशिषले प्र्यांक गर्दा अहिलेसम्म १२ पटक कुटाइ खाएका छन् । आशिषको बम काण्ड र बन्चरो काण्ड युट्युबमा बढी रुचाइएको प्र्यांक हो ।

### टप ५ प्र्यांक च्यानल

१. प्र्यांक भर्सेस प्र्यांक
२. यान क्यू टिभी
३. जस्ट फर लाफ गेग्स
४. म्यागिक अफ रहत
५. इम्प्रोभ एभ्री होयर

### प्र्यांकसम्बन्धी विश्वव्यापी तथ्यांक

- पोल्यान्ड, स्कटल्यान्डजस्ता मुलुकमा मनाइने अप्रिल फूल मुर्ख दिवसका रूपमा मनाउने प्रचलन छ ।
- स्पेनिस भाषा बोल्ने देशहरूमा डिसेम्बर २८ मा प्र्यांक गरेर रमाइलो गर्ने चलन छ ।
- डेनमार्कमा मे १ का दिन मज कट नामक पर्व मनाइन्छ ।
- यो पर्वलाई पनि मुर्ख बनाउने दिनका रूपमा लिइन्छ ।
- स्वीडेनमा मे १ लाई जोकिङ डेका रूपमा मनाइन्छ ।
- भारतमा होली पर्वमा, स्पेन र ल्याटिन अमेरिकामा डिसेम्बर २८ मा सोझा मानिससँग प्र्यांक गर्ने चलन छ ।

नीरज श्रेष्ठ



नेपालमा सबैभन्दा बढी रुचाइएको र धेरैले हेर्ने युट्युब च्यानल हो– नेपाली प्र्यांक मिनिस्टरको च्यानल । नीरज श्रेष्ठले दुई वर्षअघि मात्र खोलेको यो च्यानल छोटो समयमै चर्चा कमाउन सफल भयो । यो च्यानललाई ४ लाख १९ हजारभन्दा बढीले सब्सक्राइभ गरेका छन् । वास्तविक कुराको प्रतिक्रिया एक्सन, कट नगरी जस्ताको तस्तै दर्शकमाझ प्रस्तुत गर्न प्र्यांक भिडियो बनाउने नीरजका अनुसार प्र्यांककै कारण आफूलाई धेरै जनाले चिने पनि नेपालमा प्र्यांक भिडियो बनाउन निकै गाह्रो छ । प्र्यांकबाट आफ्नो सामान्य जीवन चलेको र बेलाबेला गाली र धम्कीसमेत आउने नीरज बताउँछन् । पहिले-पहिले मानिसलाई प्र्यांकका बारेमा बुझाउनै कठिन थियो भने कतिपयले प्र्यांकको नाम बाटोमा हिँड्ने मानिसलाई अनावश्यक तनाव दिने तथा दिक्दार बनाउने गरेको नीरज बताउँछन् । राम्रो प्र्यांक गर्न नयाँ पुस्ताका भाइबहिनीहरूले अझै धेरै सिकेर सभ्य तरिकाले प्र्यांक गर्नुपर्ने उनको सुझाव छ । नीरज भन्छन्– केहीलाई फिल्टर गरेर अघि बढ्नुपर्छ, होइन भने नेपालमा प्र्यांकको भविष्य छैन ।


नीरज समसामायिक विषय तथा देशमा भएका विभिन्न घटनाका बारेमा प्र्यांक भिडियो तयार पार्छन् । कुकुरको सेकुवा, डट्टी माइन्ड टेस्ट, घोस्टजस्ता प्र्यांक भिडियो उनको च्यानलका हिट प्र्यांक हुन् ।

आकाश सेढाईं




नेपाली प्र्यांकस्टरका सञ्चालक आकाश सेढाईं सम्भवत: नेपालका पहिलो प्र्यांकस्टर हुन् । सन् २०१३ देखि युट्युबमा प्र्यांक भिडियो अपलोड गर्दै आएका सेढाईंबाट प्रेरित भएर अरू धेरै प्र्यांक भिडियो बनाउँदै आएका छन् । नेपाली प्र्यांकस्टर नामक युट्युब च्यानल सञ्चालन गर्दै आएका सेढाईंको च्यानललाई ३ लाख ६९ हजारभन्दा बढीले सब्सक्राइभ गरेका छन् । धेरै जनाले रहरले र तयारी बिना नै प्र्यांक गर्न थालेपछि अहिले प्र्यांकमा विकृति मौलाएको सेढाईंको ठम्याइ छ ।

एलिश राई



एलिशको युट्युब च्यानल पनि युवापुस्तामाझ रुचाइएको प्र्यांक च्यानल हो । एलिश समाजमा घट्ने घटना तथा रुढिवाद तथा अन्धविश्वासमाथि प्रहार गर्ने किसिमका प्र्यांक भिडियो निर्माण गर्छन् । उनी यथार्थ र वास्तविकताको नजिक रहेर प्र्यांक भिडियो बनाउन माहिर छन् । डेढ वर्षअघि मात्र खोलिएको उनको च्यानललाई २ लाख ५० हजार जनाले सस्क्राइभ गरेका छन् भने उनका भिडियो १ करोड ८७ लाख ५४ हजार पटक हेरिएको छ । एलिशले बनाएको साउनको मेहेन्दी, आयो दुधे मकै, झाँक्री महाराज तथा बारबर आदि प्र्यांक भिडियो बढी रुचाइएको छ ।

पासाङ लामा



युट्युबमा छोटो समयमै धेरैले रुचाएको च्यानल हो– नेप्लिज ड्रिमर । पासाङ लामाले चलाएको यो च्यानललाई ५८ हजारले सस्क्राइभ गरेका छन् । सुरुमा आफ्नो ब्लगको भिडियो अपलोड गर्न मात्र च्यानल खोले पनि पछि दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्न प्र्यांक भिडियो निर्माण गर्न थालेको पासाङ बताउँछन् । स्नातकोत्तर तहसम्म अध्ययन गरेका पासाङ हास्य क्षेत्रमा नयाँ आयाम थप्न प्र्यांकसँगै स्ट्यान्ड-अप कमेडी लगायतका अन्य विभिन्न कार्यक्रम ल्याउने योजनामा छन् । प्र्यांकको माध्यमबाट हास्य क्षेत्रमा केही रोचकता आए पनि केहीले नबुझेर र नजानीकनै प्र्यांक भिडियो बनाएकाले अन्य क्षेत्रमा जस्तै प्र्यांकमा पनि विकृति मौलाएकोमा भने लामा चिन्ता व्यक्त गर्छन् ।

आशिष प्रसाईं



प्र्यांकस्टर रिभाइभल युट्युब च्यानलको सञ्चालक हुन्– आशिष प्रसाईं । चार वर्षअघि खोलिएको यो च्यानलको सस्काइभ २ लाख २७ हजार छ । इन्जोय एभ्री मोमेन्ट भन्ने नारासहित सुरु गरिएको यो च्यानलको उद्देश्य सामाजिक विषयवस्तुमा प्र्यांक गरेर दर्शक हँसाउनु भएको आशिष बताउँछन् । प्र्यांक भिडियो मात्र बनाउँदा समाजमा नराम्रो सन्देश गएकाले उनले अहिले सामाजिक चेतनामूलक भिडियोहरू पनि तयार पार्न थालेका छन् । प्र्यांक भिडियो बनाउन सजिलो नहुने र धम्कीहरू आए पनि आफूले त्यसलाई सामान्य रूपमा लिएको आशिष बताउँछन् । आशिषका टिकटक, धरहरा म:म, पप्पी आदि हिट प्र्यांक भिडियो हुन् ।



# कमेडीमा हम जाएगा क्रेज

युवराज गौतम

**हम जाएगा** (**श्रीमतीसँग**) : हेर न, छोराले गधा चढ्छु, गधा चढ्छु भनेर हैरान पारिसक्यो ।

**श्रीमती** : के भो त, एकछिन काँधमा बोके हुन्न ?

०००

**श्रीमती** : तिमी मलाई धेरै रिस नउठाऊ त ! मेरो दिमागमा आगो बलेको छ आज ।

**हम जाएगा** : ए, त्यही भएर होला, आज बिहानैदेखि गुइँठा बलेको गन्ध आएको ।

माथि उल्लेख भएजस्ता हम जाएगाका चुट्किला हिजोआज पनि चर्चित छन् । नेपालमा भन्दा पनि दार्जीलिङ र सिक्किममा उनका चुट्किलाले खुबै बजार पिटेको छ । हम जाएगाले चुट्किलाका तीनवटा पुस्तक नै तयार पारेका थिए । ती पुस्तक अहिले पनि दार्जीलिङमा बिक्री हुन्छन् ।

त्यतिमात्र होइन, दार्जीलिङ र सिक्किममा गुड्ने ट्याक्सीहरूमा उनका चुट्किलाको प्रहसन उत्तिकै चल्छ । आफ्नै लवजमा प्रस्तुत गरिने त्यस्ता चुट्किलाले यात्रामा मात्र होइन स्टेज कार्यक्रममा पनि उत्तिकै माहोल तताउँछ । हम जाएगाको चरित्र सापटी लिंदै नेपाली चलचित्र 'हम जाएगा' को निर्माणसमेत भयो । सुरेन्द्र पुनले निर्देशन गरेको उक्त चलचित्रमा बाबु बोगटीले हम जाएगाको भूमिका निर्वाह गरेका थिए ।

पेसाले ड्राइभर हम जाएगा चर्चित हुनुको पछाडि उनका चुट्किला नै प्रमुख हो । हिजोआज उनकै पथलाई पछ्याउन युवाहरूले सक्रियता देखाउन थालेका छन् । पूर्वी नेपाल तथा सिक्किम-दार्जीलिङमा उनको सिको गर्दै कमेडी शोहरू हुन थालेका छन् । काठमाडौं बस्दै आएकी गान्तोक सिक्किमकी गायिका झरना गुरुङ हम जाएगाका चुट्किलाहरू खुबै रमाइलो लाग्ने कुरा बताउँछिन् । गुरुङ भन्छिन्- स्कुल पढ्दा शिक्षकहरूले हम जाएगाका चुट्किलाहरू सुनाउनुहुन्थ्यो । त्यस्ता चुट्किलामा छाडापन थिएन, दार्जीलिङ-सिक्किमेहरूको लवजमा ठेट शब्दहरू हुन्थे र ती चुट्किला हाम्रै जीवनशैलीसँग मेल खान्थे ।

वास्तवमा हम जाएगाका चुट्किला पढ्ने र सुनाएर रमाइलो गर्ने मात्र होइन, स्टेज शोहरूमा समेत सुनाइन्छ । कन्सर्टतिर उनकै चुट्किलाबाट कार्यक्रम सुरु गरिन्छ । हम जाएगापछि साहित्यकार समेत रहेका दार्जीलिङका महेन्द्र बागदास भारतीय नेपालीमाझ चर्चित हास्यकलाकार बन्न पुगे । उनले आफ्नो मौलिकता देखाउने प्रयास गरे पनि कतिपय शोमा उनमा हम जाएगाकै झझल्को पाइन्थ्यो । युट्युब च्यानलहरूमा उनको 'हसना मना है' नेपाली कमेडी सो चर्चित छ । हिमाली च्यानल दार्जीलिङमा अपलोड भएका उनका स्ट्यान्ड अप कमेडीले ८ लाखभन्दा बढी भ्युअर्स पाइसकेका छन् । यतिबेला कालेम्बुङका ड्राइभर दिलीप गुरुङ 'सिक्किमे हम जायेका'का रुपमा



सामाजिक संजालमा भाइरल भैरहेका छन् । ट्याक्सीमा यात्रुहरूलाई चुट्किला सुनाउँदा सुनाउँदै चर्चित भएका गुरुङका 'केटाहरू प्रिग्नेन्ट भएपछि' चुट्किला चर्चित छ । गुरुङ यतिबेला स्टेज कार्यक्रमहरूमा समेत देखा पर्न थालेका छन् ।

**को थिए हम जाएगा ?**

दार्जीलिङ र सिक्किममा मात्र होइन पूर्वोत्तर भारतमा 'हम जाएगा' का चुट्किला सर्वाधिक चर्चामा छन् । नेपालमा मह जोडीले आफ्नो कलाकारिता सुरु नगर्दै दार्जीलिङका चोक-चौतारीमा हम जाएगा प्रख्यात थिए । अहिलेजस्तो सामाजिक संजाल र संचारमाध्यमको विकास नहुँदै दार्जीलिङमा हम जाएगा अर्थात् दलबहादुर गुरुङले हांस्यव्यङ्ग्यको क्षेत्रमा ठूलो फड्को मारिसकेका थिए ।

पूर्वी नेपालका गाउँ-सहरमा उनका चुट्किला अझै पनि चर्चामा छन् । नेपाली समाजमा हम जाएगा काल्पनिक पात्र हुन् भनिए पनि वास्तविकता अर्कै छ । हम जाएगा ट्याक्सी चालक थिए र उनी आफ्नो ट्याक्सीमा ग्राहकलाई हँसाउदै यात्रा गराउँथे । दार्जीलिङ र सिक्किममा उनका चुट्किला सुनाउँदै ग्राहक हँसाउने ड्राइभर अहिले थुप्रै भैसकेका छन् । हम जाएगालाई आदर-सम्मान गर्ने नेपालीभाषी भारतीयहरूको संख्या ठूलो छ । हम जाएगाका थुप्रै चुट्किला पढेका लेखक तथा साहित्यकार जीवन शर्मा भन्छन्, 'उनका चुट्किलाले ठेट नेपालीपन मात्र होइन दार्जीलिङको वास्तविक जीवनशैली र रहनसहनलाई प्रतिनिधित्व गर्छ,' शर्माले भने, 'पेसाले ट्याक्सी ड्राइभर भए पनि हांस्यव्यङ्ग्यका क्षेत्रमा उनी एक आदर्श थिए ।'

वि.स. १९७८ मा दार्जीलिङको मारेबुङ चियाकमानमा दलबहादुर गुरुङ अर्थात हम जाएगाको जन्म भएको थियो । उनका पुर्खा नेपालको पाँचथरबाट दार्जीलिङमा बसाइँ सरेका हुन् । वि.स. १८७३ फागुनमा तितलिया सन्धिलगत्तै पूर्वी नेपालका नेपालीहरू दार्जीलिङ बसाइँ सर्ने क्रममा हम जाएगाका जिजुबाजे धुजविर गुरुङ पनि पाँचथरबाट सीमापारी गएको बताइन्छ ।

दलबहादुरको नाम हम जाएगा रहनुको पनि बेग्लै कथा छ । उनी १६ वर्ष हुँदा पाइलट अध्ययन गर्ने भनेर घरबाट भागेर कोलकाता पुगेका, तर अनेकौं हन्डर-ठक्करका बाबजुद कोलकातामा पाइलट पढ्न नसकेपछि उनी गाडी चालकका रूपमा दार्जीलिङ फर्किए ।

हिम्मत गरेर कठिन बाटोमा पनि ट्याक्सी हुइँक्याउन सक्ने भएकाले धेरै मानिसले उनको साथ लिन्थे । दार्जीलिङ पहाडमा सबैतिर पक्की सडक नभएकाले कच्ची र पहाडको भिरालो स्थानमा पनि हम जाएगाले ट्याक्सी पुऱ्याउने गरेका थिए । हम जाएगाले हालको चर्चित टाइगर हिल तथा नेपाल-भारतको सिमानामा पर्ने तुम्लिङको चुचुरोसम्म पनि यात्रुहरूलाई सयर गराएका थिए भन्ने कुरा जानकारहरू बताउँछन् ।

हम जाएगा जुनसुकै बेला तथा अप्ठ्यारो स्थानमा पनि ट्याक्सी पुऱ्याउन सक्ने ड्राइभर भएकाले उनी बारम्बार भन्थे- 'कोही नहि जाएगा तो हम जाएगा' । उनको यही थेगो चर्चित मात्र भएन, त्यसले उनलाई एउटा नयाँ नामसमेत दियो । ट्याक्सीमा यात्रा गर्ने हरेक यात्रुलाई उनी रमाइला चुट्किला सुनाउने भएकाले उनको ट्याक्सी चढ्ने यात्रुको संख्या पनि उत्तिकै थियो ।

ट्याक्सी चलाएर र चुट्किला सुनाएर एकाएक सेलिब्रेटी भएका हम जाएगाले नेपाली चलचित्र 'कुसुमे रुमाल' मा अभिनयसमेत गरेका थिए । ५३ वर्षको उमेरमा पहिलो पटक चलचित्रमा देखिएपछि नै उनको अनुहार सार्वजनिक भएको थियो । १० सन्तानका पिता गुरुङको वि.स.२०४९ सालमा मृत्यु भएको थियो ।

# आत्मसन्तुष्टिका लागि कविता र प्यारोडी

नेमिष गौतम

गाईजात्रा सामान्यतः नेवार समुदायले मृतकको सम्झनामा झाँकी निकालेर मनाउँछन् । पितृको सम्झनामा गाईजात्रा मनाइए पनि हास्यव्यंग्य क्षेत्रमा सक्रिय कलाकार, कवि एवं संगीतकर्मीहरू भने यसलाई विशेष उत्सवका रूपमा मनाउँछन् । उनीहरू प्रहसन, कविता, प्यारोडी गीतसँगै नेताको क्यारिकेचर गरेर दर्शकलाई मनोरञ्जन प्रदान गर्छन् ।

कुनै समय नयाँ बानेश्वरस्थित तत्कालीन वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, कमलादीको नेपाल प्रज्ञा प्रतिष्ठान तथा भृकुटीमण्डपको राष्ट्रिय सभा गृहमा एक महिनासम्म नै 'गाईजात्रा कार्यक्रम' गरेर दर्शक हँसाउने कलाकारहरू यस्ता कार्यक्रमबाट राम्रो आम्दानीसमेत गर्थे । त्यसबाहेक केही कवि, कलाकार भने आत्मसन्तुष्टिसँगै कमै मात्र भए पनि आर्थिक आम्दानीका लागि हास्यव्यंग्य विधामा सक्रिय छन् ।

विद्यालय उमेरदेखि नै कविता लेख्न थालेका लक्ष्मण गाम्नागेको कविता लेखन हालसम्म पनि रोकिएको छैन । कक्षा ९-१० पढ्ताका कविता लेख्न थालेका लक्ष्मणले कलेज पढ्दा साहित्यिक तथा हास्यव्यंग्य पत्रिकामा कविता प्रकाशन गर्न थाले । उनकै पहलमा सिस्नुपानी नेपाल स्थापना भएपछि भने गाम्नागेको कविता लेखनमा केही व्यवसायिकता आउन थाल्यो । '२०५५ सालमा सिस्नुपानी नेपाल स्थापना गरेपछि मात्र कविता लेखनमा व्यवसायिक रूपमा लागियो । व्यवसायिक भन्दा अरूजस्तो धेरै पैसा कमाउने पनि हुँदैन, तर सन्तुष्टि भने केही न केही दिन्छ', गाम्नागे भन्छन्, 'म खाली हात चाहिँ बस्दिनँ । केही न केही लेखिरहेकै हुन्छु । हामीले लेखेका हास्यव्यंग्य कविताहरू तात्तातै बजारमा जाँदैनन् । सामाजिक, सांस्कृतिक तथा साहित्यिक कार्यक्रमहरूमा वाचन गरिन्छ ।'

लक्ष्मणकै अग्रसरतामा सिस्नुपानी नेपालले खाडी मुलुकका सात देश र अमेरिकामा हास्यव्यंग्य कविताको कार्यक्रम गरिसकेको छ । 'कविताकै कारण ती देश घुमेर आइयो । हामीलाई प्रायोजन गर्नुहुने एयरलाइन्स एवं संघसंस्थाहरूको सहयोगबाट ती देश घुमियो । खल्तीको पैसा खर्च गर्नु परेन', उनी भन्छन्, 'नेपालमा व्यवसायिक रूपमा नै हास्यव्यंग्य कविता, गजल लेख्न सम्भव छ । यद्यपि यसलाई व्यवसायिक बनाउन लेखकसँग क्षमता हुनुपर्छ । कतिपय लेखक-कवि यसैलाई व्यवसाय बनाएर हिँडिरहेका छन् ।' लक्ष्मण वर्षमा एक-दुईवटा मात्र कविता लेख्छन् । उनले हालसम्म झन्डै ८० वटा कविता लेखिसकेका छन् ।

गाईजात्रामा व्यंग्यात्मक कविताबाहेक प्यारोडीको चर्चा पनि उत्तिकै हुन्छ । एक समय हास्य टेलिशृंखला 'तितो सत्य'मा अभिनय गरेर चर्चामा आएका कलाकार कमल गाउँलेले यसपटकको गाइजात्राका लागि १९ औं संस्करणको 'म पनि नेता बन्छु मेरी स्वास्नी' र 'कम्युनिस्टको सरकारले रेल गुडाउने रे' प्यारोडी गीत ल्याएका छन् । 'बोलिरहँदा दर्शक श्रोतालाई पट्यार लाग्ने भएकाले प्यारोडी गीत ल्याएको हुँ । अर्को २० मिनेटको संवादयुक्त प्यारोडी पनि तयार पारेको छु', कमल गाउँले नामक युट्युब च्यानलबाट गीत बजारमा ल्याएका कमल भन्छन्, 'प्यारोडी गीतकै कारण युट्युब चलाएको तीन हप्तामै मोन्टाइज भयो । लगानी गरेपछि त्यसको प्रतिफलको आशा त हुन्छ नै । त्यसकारण अहिले युट्युबबाट केही पैसा आउला भन्ने आश हो । त्यो हाम्रा लागि दर्शकले दिएको माया पनि हो ।'

२०५७ सालदेखि कलाकारितामा सक्रिय कमलले केही समय अघि निकालेको '७७ जिल्ला ७ प्रदेश'ले सामाजिक सञ्जालमा राम्रो चर्चा पाएको थियो । समूहमा प्यारोडी गीत निकाल्दा केही कुरा नमिल्ने जस्तो देखिएकाले उनले अहिलेसम्म सोलो रूपमै प्यारोडी तयार पार्दै आएका छन् ।

१७ वर्षदेखि प्रत्येक गाइजात्रामा प्यारोडी गीत निकाल्दै आएका कलाकार शिवशंकर रिजाल 'जोगिन्दर' यसपटक 'काण्डै काण्डको सरकार' शीर्षकको प्यारोडी तयार पारेका छन् । उनी यो गीत यसपटक सातै प्रदेशमा हुने गाईजात्रा विशेष कार्यक्रममा सुनाउँदैछन् । 'अघिल्लो वर्षको तुलनामा यसपटक प्यारोडीको मात्रा घटेको छ । यसपटक गाईजात्रा विशेष कार्यक्रम नभएकाले पनि यसको क्रेज देखिएन । १७ वर्षदेखि प्यारोडी निकाल्दै आएकाले यसपटक पनि मैले आफूलाई रोक्न सकिनँ', रिजाल भन्छन्, 'मैले यसपटक गोर्खा भिजन चौतारी नामको युट्युब च्यानलबाट गीत बाहिर ल्याएको छु । गीतमा बालुवाटार जग्गा घटना, खुल्लामञ्च जग्गा प्रकरण, जुटमिल, ३३ किलो सुन, वृद्धभत्ता आदि काण्डलाई समेटेर २२ मिनेटको गीत बनाएको छ । व्यवसायिक रूपमा फाइदा भन्दा पनि आत्मसन्तुष्टिका लागि काम गरिरहेको छु ।'

हास्यव्यंग्य साहित्यकार तथा कवि चट्याङ मास्टर आत्मसन्तुष्टिका लागि भए पनि हास्यव्यंग्य कविता लेख्नुपरेको बताउँछन् । 'स्टेजमा गएर अभिनय गरेर, प्रहसन देखाएर दर्शक हँसाएर पैसा कमाएजस्तो अवस्था कविको छैन । केहीले कमाए होलान् । अहिले सिस्नुपानी नेपालले मात्र समूहमार्फत स्वदेश तथा विदेशमा यस्तो कार्यक्रम गर्दै आएको छ', सिस्नुपानी नेपालका संस्थापक अध्यक्ष मास्टर भन्छन्, 'संग्रहकै रूपमा किताब छापेर त्यसलाई बेचेर पैसा कमाउला भन्ने अवस्था पनि छैन । किनभने कोर्सका बाहेक अन्य किताब पनि बिक्न छाडे । त्यसकारण अहिलेको लेखन भनेको केवल आत्मसन्तुष्टिका लागि मात्र हो ।'

हास्यव्यंग्य साहित्य तथा प्यारोडी गीत पनि दर्शक हसाउने माध्यम नै हुन् । दर्शकको चासो यसमा भन्दा पनि बढी प्रहसनमा देखिन्छ । त्यसकारण पनि यी विधामा लाग्ने कलाकार एवं साहित्यकारहरूको तुलनामा प्रहसन गर्न रुचाउन कलाकारहरूको व्यवसायिक बजार राम्रो छ ।

केवल एक प्रश्न



# तपाईंको आफ्नै जात्रा भएको क्षण कुन हो ?

दुईपटक एसएलसी फेल भएर तेस्रो पटक ट्युसन पढ्न जाँदा सँगै एसएलसी दिएको साथी बसमा भेटियो । उ स्नातक तहमा भर्ना हुन जान लागेको रहेछ, म चाहिँ अझै एसएलसीका लागि ट्युसन पढ्दैछु भन्नु पर्दा आफ्नै गाईजात्रा भएको महसुस भएको थियो ।

**दीपकराज गिरी, अभिनेता**

आफूले माया गरेकी प्रेमिकाको घरमा हाम्रो सम्बन्धका बारेमा थाहा पाएपछि जीवनको सबैभन्दा ठूलो गाईजात्रा भएको थियो ।

**दिनेश काफ्ले, कमेडियन**

झुक्किएर एकै दिन ३ वटा भिडियोको सुटिङ राखेको दिन २ वटालाई सार्न निकै गाईजात्रा भएको थियो । मोडल, क्यामेराम्यान, गायक-गायिका सबैको समय मिलाउँदा-मिलाउँदै लास्टमा तीनवटै भिडियोको सुटिङ हुन सकेन ।

**गम्भीर विष्ट, कोरियोग्राफर**

हुन त जिन्दगीमा धेरै गाईजात्रा भए, तर अहिलेको समग्र जिन्दगीलाई नै गाईजात्रा भन्दा कुनै अत्युक्ति नहोला ।

**जेम्स बिसी, मोडल**

चलचित्र इन्साफको सुटिङमा नजिकै कुनै सार्वजनिक शौचालय थिएन । म जहाँ पिसाब गर्न गएँ, त्यहाँबाट तल झरेकी थिएँ- कस्तो आपत ?

**कृषा चौलागाई, निर्मात्री**

चलचित्र 'महसुस'को प्रदर्शनको तयारी नै मेरो जिन्दगीको सबैभन्दा ठूलो गाईजात्रा थियो ।

**कल्याण घिमिरे, अभिनेता/निर्माता**

मेरो त प्राय: बिल्ला भैरहन्छ । बाठो भएर जोक सुनाउनुपर्छ अनि भन्ने तरिका नमिल्दा जोकमा भन्दा पनि मलाई देखेर बढी हाँस्छन् सुन्नेहरू ।

**लोकेन्द्र लेखक, अभिनेता**

एसएलसी परीक्षाको फर्मका लागि फोटो खिच्न आफ्नो घरबाट साइकलमा बेलबारी जाँदा बाटोमा बाँधिएको घोडाको डोरीमा साइकल अल्झिँदा घोडा तर्सिएर उफ्रिँदा किलो उखेलियो । त्यो किला मात्र उखेलिएन त्यो डोरी साइकलमा अल्झिएर घोडाले साइकललाई कान्ला-कान्ला उफार्दै लिएर दौडिएको क्षण म कहिल्यै बिर्सन्न । अझ म साइकलको पछाडि-पछाडि दौडिरहेको थिएँ । मेरा लागि त्यो दिन गाईजात्रा सरह थियो ।

**कमलमणि नेपाल, हास्यकलाकार**

द भ्वाइस अफ नेपाल फर्स्ट सिजनको सुटिङमा रिभल्भिङ चेयर बिग्रिएर जात्रै भयो नि ।

**सुशील नेपाल, सञ्चारकर्मी**

२०५७ सालमा ऐतिहासिक सिरियल 'कालखण्ड'को सुटिङका क्रममा आमा बित्नु भएपछि कपाल काट्दा सिरियलका निर्माता सुशीलचन्द्र श्रेष्ठलाई घाटा लाग्छ भनेर कपाल नकाटी आमाको काजकिरिया गर्दाको क्षण एउटा हो । अनि पछि त्यही सिरियलको सुटिङका क्रममा खुट्टा भाँचिएपछि सुटिङ रोक्दा निर्माता डुब्छन् भनेर प्लास्टर गरेको खुट्टाको प्लास्टर काटेर खोलाको तिरमा दौडिएको क्षण नै मेरा लागि आफ्नै गाईजात्रा हो ।

**शंकर आचार्य, निर्देशक/कलाकार**

एउटा मान्छेले जे गर्छ, त्यो अरुका लागि जात्रा नै हुन्छ । सधैं छ, सबै तिर छ- जात्रा ।

**दीपेन्द्र लामा, निर्देशक**

सुन्दरीहरूलाई ज्याम्प वाक सिकाउने क्रममा आफूले पनि त्यस्तै हाउभाउ देखाउने क्रममा कहिलेकाहीं केही प्रतियोगीले भिडियो खिचिरहनु भएको हुन्छ । त्यस्तो क्लिप आफैंमा गाईजात्रा हुन्छ ।

**अश्विनी झा, इभेन्ट कोरियोग्राफर**

यो प्रश्नको उत्तर दिन नसकेको क्षण नै मेरा लागि गाईजात्रा सावित भएको छ ।

**सत्यराज आचार्य, गायक**

२०५५ सालको वैशाखमा विवाह भोजका लागि करिब ६ बजे घट्टेकुलोबाट हतार-हतार हिडें । त्यतिबेला बिजुली थिएन । विवाह पार्टीमा पुगेर २ पेग सोम रस लगाएपछि एउटा साथीले भन्यो 'ओइ तेरो जुत्ता हेर त ।' यसो जुत्ता हेरेको त एउटा खैरो र अर्को कालो रंगको परेछ । मेरो २ पेग त्यहीं उत्रियो । म केही बेरमै त्यहाँबाट कुलेलाम भएँ ।

**गणेश पराजुली, गायक/संगीतकार**

विद्यालय जाँदा गोरुले लखेटेर हिलोमा बजारिएकी थिएँ । त्यो दिन सम्झदा अहिले पनि हाँसो उठ्छ ।

**कविता रेग्मी, निर्मात्री**



कोरिया जाँदा चीनमा ७ घण्टा ट्रान्जिट परेको थियो । त्यहाँ भाइबर, म्यासेन्जर, ह्वाट्सएप आदि केही पनि चलेन । चल्ने बि-च्याट मात्र रहेछ । फेरि हाम्रो समूहका कसैसँग पनि बि-च्याट नभएकाले ७ घण्टा दिक्क लागेर मेरो चाहिँ गाईजात्रा नै भयो । ट्रान्जिङ रातीको १२ बजेदेखि बिहान ७ बजेसम्म भएकाले कुनै पसल समेत खुलेका थिएनन्, तनावै भयो नि ।

**छुल्टिम गुरुङ, अभिनेत्री**

करिब ३ वर्ष पहिले म एमएसी दोस्रो वर्षमा अध्ययनरत हुँदाको कुरा हो । त्यति बेला मेरो केही दिन लगातार म्युजिक भिडियो छायांकन परेकाले कलेजमा अनुपस्थित थिएँ । भोलिपल्ट कलेजको प्रयोगात्मक कक्षाहरूका बारेमा बुझ्न नजिकको साथीलाई फोन गर्दा उसले बाहिरबाट एक्सटर्नल सर आउनुभएको छ सबै प्राक्टिकल फाइल लिएर आउ भन्यो । अनि म पनि साथीले भने बमोजिम सबै प्राक्टिकल फाइलसहित भारी झोला बोकेर कलेज पुगे । अफसोच सबैजना कलेज अगाडि मेरै प्रतीक्षामा बसिरहेका रहेछन् । पछि बुझ्दा त हाम्रो ब्याज पिकनिकका लागि जाँदै रहेछ । अनि त्यो पिकनिकमा दिनभरि सबैजनाले म र मेरो भारी झोला माथि गरेको व्यंग्य मेरा लागि गाईजात्रा नै सावित भयो ।

**सनम कठायत, मोडल**

जीवनमा धेरै गाईजात्रा भैरहेको हुन्छ। सुरु-सुरुमा बाइक चलाउँदा अनि सुरुवाती स्टेज शोहरूमा निकै गाईजात्रा भएको छ मेरो।

**महेश काफ्ले, गायक**

एक समय प्रहरीले कपाल पाल्न रोक लगाएको थियो । त्यही समयमा मैले पछाडिको लामो कपाललाई मसिनो गरी बाटेको अनि गोल्डेन कलर गरेको थिएँ । एकदिन सार्वजनिक ठाउँमा प्रहरीले ध्यान रोकेर मेरो पकेट-पर्स आदि चेक गरेर सोधपुछ गर्न थाल्यो । एकै छिनमा वरिपरिका पब्लिक जम्मा भए, ठूलै अपराधी भए झैं भीडले मलाई घेर्‍यो । कम्ती गाईजात्रा भएन त्यो दिन ।

**कमल एकचाइ मगर, निर्देशक**

अवार्ड समारोहमा जाँदै थिएँ । अकस्मात कलेजबाट इन्टरभ्युका लागि बोलाइयो । रातो छोटो स्कर्ट अनि उत्ताउलो मेकअपमा दिएको इन्टरभ्यू एकातिर ग्ल्यामरस अर्को तिर आदर्श- जात्रै भयो नि ।

**सिर्जना कार्की, गायिका**

उहिले गाउँमा हुँदाको कुरा हो । हाम्रो एउटा गाई थियो । घाँस हाल्न म गोठमा पुगेँ । भोकाएको रहेछ, रिसाएर मलाई हान्यो । म तिनहात माथि पुगेँ अनि कान्लामुनि पछारिएँ । यही हो मेरो रियल गाईजात्रा ।

**मनोज गजुरेल, कमेडियन**

१४-१५ वर्षको उमेरमा साथीभाइले मलाई झुक्याएर नाङ्गै पारी जङ्गलमा छोडेको दिन मेरा लागि साँच्चैको जात्रा थियो ।

**राम अविरल, गीतकार**



विकेन्ड कमेडी

# रेडियो कान्तिपुरको गाईजात्रा

गाईजात्राको अवसर पारेर रेडियो कान्तिपुरले साताव्यापी गाईजात्रा विशेष कार्यक्रम प्रसारण गरिरहेको छ । 'गाईजात्रा-२०७६' शीर्षक राखिएको उक्त कार्यक्रमको प्रसारण गत आइतबार नै सुरु भएको हो । पर्सि आइतबारसम्म प्रत्येक दिन बिहान ८ बजेदेखि ९ बजेसम्म प्रसारण हुने यो कार्यक्रममा लोकप्रिय हास्य कलाकारहरू शैलेन्द्र सिम्खडा, दीपकराज गिरी, दीपाश्री निरौला, किरण केसी, सुरेन्द्र केसी, मनोज गजुरेल, पूर्ण थापा, यमन श्रेष्ठ, शिवशंकर रिजाल, रवि डंगोल आदिले विशेष प्रस्तुति दिइरहेका छन् । रेडियो कान्तिपुरले आफ्नो स्थापना कालदेखि नै यो कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ ।



तस्बिर : नवराज बाग्ले

विकेन्ड कम्पिटिसन



## 'हिपहप' प्रतियोगिता

पाँचथरको फिदिममा भोलि शनिबार हिपहप नृत्य प्रतियोगिता हुँदैछ । र ाष्ट्रियस्तरको यो प्रतियोगिताको आयो जना फ्युजन डान्स एकेडेमीले गर्न लागे को हो जसका लागि ताप्लेजुङ, इलाम, झापा, नवलपरासी तथा काठमाडौंका ७० जनाको आवेदन परेको बताइन्छ । यही प्रतियोगिताका क्रममा साउन ३० र ३१ गते चल्ने कार्यशालामा 'हिपहप डान्स'मा भारत, कोलकाताका प्रख्यात प्रशिक्षक ध्रुव सरकारको साथ रहनेछ । साल्सा, कन्टेम्प्रोरी, पपिङ, लकिङ, आर्ट आदि दर्जनौं शैलीले नाचिने हिपहप नृत्य ने पालमा पनि व्यवसायिक हुने क्रममा छ ।

नारायण तुम्बापो

विकेन्ड म्युजिक

## मनसुन फेस्ट



भृकुटीमण्डपमा मनसुन फेस्ट-२०१९ सञ्चालनमा आउँदैछ । भोलि शनिबार बिहान साढे ११ बजेदेखि दिउँसो साढे ४ बजेसम्म चल्ने उक्त फेस्टमा बलिउड थिम ब्यान्ड जन्नतले विशेष प्रस्तुति दिने बताइएको छ । यसका साथै प्रयांक स्टार तथा स्ट्रीट म्युजिसियन दिराज कुमारले समेत विशेष प्रस्तुति दिनेछन् । फेस्टमा बालबालिकाहरूका लागि गेम जोन र ग्रोन-अप, फुड कोर्ट तथा लाइभ म्युजिक आदि मनोरन्जनका थुप्रै प्याकेज रहने बताइएको छ । मनसुन फेस्टमा सहभागी हुन दुई सय रुपैयाँ शुल्क तिर्नु पर्नेछ । यो कार्यक्रमको आयोजना मारवाडी सेवा समिति तथा मारवाडी युवा मञ्चले गरेका हुन् ।

विकेन्ड लाइभ

## ओपन हाउसमा धर्मेन्द्र




गायक धर्मेन्द्र सेवानले भोलि शनिबार पोखरा, चिप्लेढुङ्गास्थित ओपन हाउस रेस्ट्रो एन्ड लाउन्ज बारमा आफ्ना नयाँ तथा पुराना गीत सुनाउने भएका छन् । उनी आफ्नो ब्यान्डसँगै त्यहाँ उपस्थित हुनेछन् । उक्त अवसरमा सुनिल थापा, राजा मुखिया, महिपाल लामा, अजुदा थापा, रजनीरिदम राई, अमित गुरुङ, दानबहादुर मगर, सन्तोष बस्याल, प्रिया गुरुङको प्रस्तुतिमा समेत रम्न पाइनेछ । यो सांगीतिक प्रस्तुति साँझ ७ बजेदेखि राति ११ बजेसम्म चल्ने बताइएको छ ।

विकेन्ड टेस्ट

# तीज विशेष परिकार

साउन महिनामा धेरै हिन्दू धर्मावलम्बीले शाकाहारी भोजन मात्र गरे, त्यसमा पनि विशेषतः महिलाहरु शिवको आराधना एवं व्रत-पूजापाठ आदिमै तल्लीन भए । यद्यपि भदौ लागेसँगै तिनै हिन्दू नारीलाई तीजको चटारोले छोपिसक्छ । अब महिलाहरूको ध्याउन्न भनेकै तीजको व्रत-पूजापाठसँगै तीजको दर खाने-ख्वाउने हुन्छ । यसपटकको तीजको अवसरमा कस्तो दर खाने भन्ने योजना धेरैले बनाइसकेका पनि होलान् । यदि तीजको दरमा यी दुई परिकार बनाएर खाने-ख्वाउने प्रयास गर्नुभयो भने कतै यो परिकारको स्वाद बिर्सन नसक्ने र चर्चा गर्न लायक हुन्छ कि ?

## ढाबा मटन करी



**मटनको** जुनसुकै करी पनि स्वादिलो हुन्छ, त्यसमा पनि यो तीजमा तपाई ढाबा मटन करी तयार गर्न सक्नुहुन्छ । ढाबा मटन करी बनाउन एक किलो खसीको मासुलाई आधा किलो पातलो गरी काटिएको प्याज तथा तेलसँग मोल्ने । त्यसमा जिरा, धनियाँ, बेसार, खुर्सानीको धूलो, मिट मसला तथा नुन स्वादअनुसार हालेर थप केही बेर मोली आधा घण्टा म्यारिनेट हुन दिने ।

अब कराही वा कुकरमा तेल तताएर जिरा, सुकेको खुर्सानी, मरिच, लसुन तथा अदुवाको टुक्रा भुट्ने अनि गोलभेंडाको टुक्रा हालेर केही बेर चलाउने । जब गोलभेंडा पाकेजस्तो हुन्छ त्यसमा म्यारिनेट गरिएको मटन हाल्ने र छोपेर सानो आँचमा पकाउने । ढाबा मटन करी पकाउने क्रममा बेला-बेलामा चलाइरहनुपर्छ ।

प्याजबाट आएको पानीका कारण यो मासु हत्तपत्त सुख्खा हुन पाउँदैन । खसीको मासुको स्वादलाई अझ चहकिलो बनाउन मिट मसला ३-४ चम्चा थप्ने र चलाउने । जब मासु पाक्छ तब पहिले हालेको तेल तैरिएर मटनको माथिल्लो भागमा आउँछ । यो मासुको परिकार मसलेदारका साथै त्यत्तिकै स्वादिष्टसमेत हुन्छ । यसलाई रोटी, भात, चिउरा आदिसँग खान सकिन्छ ।



## लेमन पिपर चिकेन

**तपाईंले** कुखुराको मासुका सयौं परिकार खानुभएको होला । यद्यपि यो मुसलमानी परिकार धेरैले घरमा नपकाएका हुन सक्छन् । यो परिकारको स्वाद चिकेनका अरु परिकारको तुलनामा फरकसमेत हुन्छ ।

लेमन पिपर चिकेन बनाउन कुखुराको मासुको ठूला-ठूला टुक्रालाई बीचमा मसला राम्रोसँग छिरोस् भनेर हल्का चिर्ने । यसरी चिरिएको कुखुराको मासुमा दही, कागतीको रस, मरिचको धुलो, अदुवा र लसुनको पेस्ट, नुन तथा धनियाँ हालेर राम्रोसँग मोल्ने अनि आधा घण्टा छोपेर राख्ने । प्यानमा ४-५ चम्चा तेल तताउने र त्यसमा मरिचको १०-१५ गेडा, दालचिनीको टुक्रा, ल्वाङ अनि सुकुमेल फुराउने । अब त्यसमा स-साना टुक्रा बनाइएको लसुन, अदुवा तथा हरियो खुर्सानी हाल्ने । केहीबेर चलाउँदै पकाएपछि म्यारिनेट गरिएको चिकेन हाल्ने । छोपेर पकाएको १०-१५ मिनेट भएपछि मासुलाई फर्काउँदै पकाउने । यसरी पकाउने क्रममा चिकेन रोस्ट हुन्छ र गोल्डेन ब्राउन कलरको देखिन्छ ।

त्यसपछि त्यसमा एक कचौरा पानीमा दुई चिया चम्चा कर्नफ्लोर घोलेर हाली पकाइरहने । त्यसक्रममा दुई चम्चा फ्रेस क्रिम, मरिचको धूलो, ठाडो गरेर काटिएको खुर्सानी र एक चम्चा बटर पनि हालिदिने अनि अन्त्यमा हरियो धनियाँ छर्कने । कागती र दहिले हल्का अमिलो बनाएको चिकेनको यो परिकार रोटी, भात तथा चिउरासँग खान मिल्छ ।

चलचित्र

# हजार जुनीसम्म



आज शुक्रबार प्रदर्शनमा आउने चलचित्र हजार जुनीसम्ममा आर्यन सिग्देललाई दुईवटा गेटअपमा देख्न सकिन्छ भने यो चलचित्र प्रेमको पर्खाइमा केन्द्रित छ । यो चलचित्रको ट्रेलरमा स्वस्तिमा खड्का, सलोन बस्नेत, संचिता लुइँटेल, शिवहरि पौडेल, अखिलेश प्रधान तथा अनुभव रेग्मी पनि फिचर्ड छन् । नाइँ नभन्नु ल सिरिजका निर्देशक विकासराज आचार्यको निर्देशनमा तयार चलचित्र हजार जुनीसम्मलाई प्रेमकथामा आधारित फ्यामिली ड्रामा भनिएको छ । निर्देशक आचार्यले चलचित्रको पटकथा सामीप्यराज तिमल्सेनासँगको सहकार्यमा तयार पारेका हुन् । पटकथाकार तिमल्सेनाका अनुसार यो पूर्ण रुपमा फ्यामिली ड्रामा हो । 'हामीले स्टारडमका आधारमा भन्दा पनि कथाअनुसार फिल्मका लागि कास्ट गरेका छौं,' उनले भने । तिमल्सेना भन्छन्– यो चलचित्रले हाम्रै वरपरको कथा भन्छ ।

नायक आर्यन भन्छन्– यो चलचित्रले नेपालको सुन्दरतालाई समेत समेटेको छ । 'हामीले पोखराबाट सुरु गरेको छायांकन सिक्किमसम्म पुगेको छ, त्यसले हाम्रो देशको सुन्दरतालाई चित्रण गर्छ,' आर्यनले भने- 'यो चलचित्रमा मेरो भूमिका मैले गरिरहेजस्तै भए पनि प्रस्तुतिका हिसाबले फरक छ ।' उनले आफूभन्दा २० वर्ष बढी उमेरको देखिँदा भने केही कठिनाइ भएको बताए । नायिका स्वस्तिमा खड्का यो चलचित्रले दर्शकको मन छुने कुरामा आशावादी छिन् । अर्का कलाकार सलोन बस्नेत यो चलचित्रमा आर्यनको अभिनयले आफूलाई ज्यादै प्रभावित तुल्याएको बताउँछन् ।

यही चलचित्रबाट डेब्यु गर्न लागेका नवकलाकार अखिलेशले आफूले अभिनयमा सक्दो मेहनत गरेको प्रस्ट्याए । चाइल्ड स्टार अनुभवले नाइँ नभन्नु ल सिरिजभन्दा बाहिर रहेर काम गर्दा छुट्टै अनुभव भएको बताए । कार्यकारी निर्मात्री कविता रेग्मी यो चलचित्र निर्माणमा कुनै सम्झौता नगरिएको बताउँछिन् । कविराज गहतराजको नृत्य, उदयराज सोताङ, राजनराज शिवाकोटी, वसन्त सापकोटा तथा प्रविन पौडेलको संगीत एवं अर्जुन जिसीको सम्पादनको चलचित्र हजार जुनीसम्मका निर्माता विशाल चाम्लिङ हुन् ।

**आर्यन सिग्देल :** हजार जुनीसम्मले मायाकै कथा भन्छ र मेरो क्यारेक्टर पनि प्रेमीकै हो तर प्रस्तुतीकरणका हिसाबले यो चलचित्र केही फरक छ । यो फिल्मले पारिवारिक कथा त भन्छ नै, साथै नेपालको सुन्दरतालाई पनि देखाउँछ । यसले फ्यामिली ड्रामा र लभ स्टोरी रुचाउने दर्शकहरूलाई निराश बनाउनेछैन ।


**स्वस्तिमा खड्का :** यो चलचित्रमा मैले निर्वाह गरेको भूमिका सामान्य नै छ, तर त्यसले मन छुन्छ । नेसनल एवार्ड विनरले काम गरेको फिल्म भन्न सुहाउँछ । यसमा मैले चुलबुले क्यारेक्टर नै निर्वाह गरेकी छु । फिल्मले परिवार र मायाको महत्वलाई बुझाउँछ । ट्रेलर मन पराउने दर्शकहरूले यसबाट निराश हुनु पर्दैन ।

**सामीप्यराज तिमल्सेना :** हामीले पूर्ण रूपमा पारिवारिक प्रेम कथामा आधारित चलचित्र बनाएका छौं । परिवारसँग बसेर फिल्म हेर्दा अप्ठेरो मान्नु त पर्दैन नै, कहीं-कतै आफैंलाई मायाको आभास गराउने खालको छ यो चलचित्र ।

# औसत साइनो, दुई असफल

गत साता थिएटरमा तीन चलचित्र 'साइनो', 'रे' तथा 'काँचुली' प्रदर्शनमा आए । दुई चलचित्र 'रे' र 'काँचुली'लाई छाडेर हेर्दा चलचित्र 'साइनो'ले केही हदसम्म दर्शकलाई हलसम्म तान्यो । नेपाली चलचित्रकी प्रथम अभिनेत्री भुवन थापा चन्दले निर्माण गरेको यो चलचित्रले प्रदर्शनको अघिल्लो दिन प्रिमियर शो गरेको थियो जहाँ चलचित्र हेर्न चलचित्रकर्मीहरूको बाक्लो उपस्थिति थियो । त्रिकोणात्मक प्रेमकथामा निर्माण भएको यो चलचित्रका बारेमा केहिले सकारात्मक प्रतिक्रिया दिएपछि 'माउथ पब्लिसिटी'का कारण हलमा केही दर्शक देखिए । दर्शकले विशेष गरी चलचित्रकी नायिका मिरुना मगरको अभिनय मन पराए ।

वितरक व्यान्केट्सका अनुसार यो चलचित्रले तीन दिनमा देशभरबाट झन्डै ७० लाख ग्रस कलेक्सन गरेको थियो । झन्डै एक करोडको बजेटमा निर्माण भएको चलचित्र साइनोले अर्को सातासम्म लगानी उठाउने निर्माण पक्षको दाबी छ । निर्माण पक्षले चलचित्र साइनोले काठमाडौं उपत्यकाका गोपीकृष्ण चाबहिल, अष्टनारायण बालाजु, गुण सिनेमा ग्वार्को तथा मल्टिप्लेक्स थिएटरहरू सहित उपत्यका बाहिरका चितवन, नेपालगन्ज, बुटवल, धरान, पोखरा, दमक, बिर्तामोड आदि स्थानमा राम्रो व्यापार गरेको जनाएको छ । रमेश थापाद्वारा निर्देशित यो चलचित्रमा राज कुमार, मिरुना मगर, निता ढुंगाना, भुवन थापा चन्द, बसुन्धरा भुषाल, मदनदास श्रेष्ठ, रोयदीप श्रेष्ठ आदि कलाकारले अभिनय गरेका छन् ।



चलचित्र 'साइनो' बाहेकका दुई चलचित्र 'रे' र 'काचुली' भने दर्शक तान्न असफल भए । दिनेश पौडेलको लेखन तथा निर्देशनको चलचित्र 'रे'ले प्रेमकथासँगै एक्सनलाई पनि प्राथमिकता दिएको थिए तर त्यसमा दर्शकले खासै चासो देखाएनन् । एक हल सञ्चालकका अनुसार 'साइनो'मा केही हदसम्म दर्शक देखिए पनि बाँकी चलचित्रलाई सुख्खा नै लाग्यो । चलचित्र रेमा सुनिल थापा, दिवस धिताल, सुजाता थापा, क्रान्ति रसाइली, पूर्णिमा लामा, रक्षा गुरागाईं आदिको अभिनय छ ।

चलचित्र 'काचुली'को अवस्था पनि 'रे' को जस्तै रहयो । शंकर अधिकारी घायलद्वारा निर्देशित चलचित्र काँचुलीले दर्शकको मन जित्न सकेन । यो चलचित्रमा शुभेच्छा थापा, राजन महर्जन, रबिन श्री, सुबास गजुरेल तथा शर्मिला शर्मा आदि अभिनय गरेका छन् ।

रंगमञ्च

# नारी उदयमा अर्को कुरुक्षेत्र



महाभारतको लडाइँस्थल मानिन्छ जहाँ कौरव र पाण्डवका सेनाले निकै लामो समय लडाइँ लडे । यो लडाइँको चर्चा अहिले पनि उत्तिकै हुन्छ । राजधानीको सर्वनाम थिएटरमा गत साउन २४ गतेदेखि नयाँ कुरुक्षेत्रका रूपमा नाटक 'अर्को कुरुक्षेत्र' को मञ्चन भैरहेको छ । फरक यत्ति हो, महाभारतमा कौरव र पाण्डवको लडाइँ चलेको थियो । सर्वनाममा चाहिँ देवगण र राक्षसगणको नभै लेखक र उसले जन्माएको पात्र दाबी गरिएको एक महिलाबीच लडाइँ चलिरहेको छ ।

सर्वनाममा चलिरहेको 'अर्को कुरुक्षेत्र'की प्रमुख पात्र उषा रजक हुन् जो नाटकको शुरुवातदेखि अन्त्यसम्मै छाएकी छिन् । नाटकको सुरुवातमा हल्का सेतो वस्त्रमा देखिएकी उषा डोरीले बाँधिएकी छिन् । आफू कुनै अन्धकार कोठामा रहेको जनाऊ दिन उनी 'म को हुँ ? कसले रच्यो मलाई ? कसले यो बन्द पर्खालभित्र बन्दी बनायो मलाई ? कुन युग, कालखण्डको अस्तित्व हुँ म ?' भन्दै बर्बराउँछिन् । उषा त्यो बन्द कोठामा कहिले आफूलाई सीता, कहिले निर्मला त कहिले द्रौपदीसँग तुलना गर्छिन् । यही तुलनाका बीच उनी उद्धारकर्ताको प्रतिक्षामा 'कृष्ण आउने प्रतीक्षामा कतिन्जेल चीरहरण सहेर बसिरहनुपर्ने ?' भन्दै कराउँछिन् ।

उषाको जीवनमा यस्तो उतारचढाव आउने कथा लामै छ । बाल्यकालमा उषा जति सुन्दर थिइन्, उत्तिकै चञ्चले पनि । बाल्यकालमा उफ्रिँदै गाउँघरमा रमाइरहँदा उनले साथीहरूबाट आफ्नो घरमा आगलागी भएको र आगलागीबाट पिताको मृत्यु भएको सुनेपछि उनी विक्षिप्त हुन्छिन् । आगलागीबाट पिता गुमाएको केही समय पछि उषाकी आमाले आत्महत्या गर्छिन् । आमाको शव उनैले दाहसंस्कार गर्छिन् ।

समाजले बुवाआमा नै गुमाएर एक्लिएकी उषालाईसमेत मर्न प्रोत्साहित गर्छ, तर उनी मर्न डराउँछिन् । उनीमाथि आक्रमणको प्रयास हुन्छ । त्यस्तो प्रयासमा एक युवकले उनलाई जोगाउँछ र उषा उनीसँगै प्रेममा पर्छिन् । यद्यपि त्यो प्रेम पनि लामो समय टिक्दैन किनभने ती युवकको पनि हत्या हुन्छ । युवकको हत्यापछि मात्र उषा नाटकका खलपात्रको फन्दामा पर्छिन् ।

नाटकमा एक लेखकलाई खलपात्रको नाइकेका रूपमा प्रस्तुत गरिएको छ । जो उषालाई आफ्नो कथाको प्रमुख पात्र मान्छ र आफूले भने अनुसार नै चल्न उसले आदेश दिइरहेको हुन्छ, तर उषा भने लेखकलाई 'तिमी को हौ मेरो कथा लेख्ने ? मेरो कथा म आफैं लेख्छु । किन नाचिरहूँ म तिम्रो इच्छामा ?' भन्दै लेखकको प्रतिवाद गरिरहन्छिन् । यो वाद-प्रतिवादबाट नै उषा र लेखकको कुरुक्षेत्रको लडाइँ सुरु हुन्छ । त्यो कुरुक्षेत्रको लडाइँमा जीत त उषाकै हुन्छ, तर उषा कसरी जीतकी भागिदार हुन्छिन् भन्ने कुरा थाहा पाउन नाटक हेर्नै पर्ने हुन्छ ।

यो नाटकमा परिकल्पना, लेखन तथा निर्देशक अशेष मल्लको छ । नाटकमा उषाको अभिनय सशक्त छ । उनको शारीरिक हाउभाउ, आक्रामक रूपदेखि नाटकका खल चरित्रसँगको लडाइँ पनि कमसल छैन । नाटकका सहायक चरित्रले पनि आफ्नो क्षमताअनुसार अभिनयमा न्याय गरेका छन् ।

यो नाटकमा उषासहित मनोज महर्जन, मुकेश हमाल, बिन्दु बीएम, रिया भारती, पासलाक्पा शेर्पा, हीरा हमाल, धीरज थापामगर, शोमा कार्की, कसिना बोखिम लिम्बू आदिको अभिनय छ । यो नाटक आगामी भदौ २१ गतेसम्म चल्नेछ । निर्देशक मल्ल झन्डै चार वर्ष पछि यही नाटकमार्फत निर्देशनमा फर्किएका छन् । उनले पछिल्लोपटक निर्देशन गरेको नाटक 'शकुनीका पासाहरू' थियो ।

सूचना र मनोरञ्जनको संगालो

# साप्ताहिक

## ह्याप्पी



# गाईजात्रा



यादव देवकोटा 'सरापे'
सन्ध्या बूढा 'काउली बूढी'



तस्बिर : महेश प्रधान
लोकेसन : यूएन पार्क, ललितपुर
संयोजन : कृष्ण भट्टराई

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

प्रत्येक वर्ष एकपटक मात्र प्रकाशित हुने

# गाईजात्रे समाचार

● वर्ष ३००० ● अंक ४२० ● पूर्णांक ४२० ● २०७६, साउन ३१ गाईजात्रा ● दर्ता नम्बर : ४२०/३०७५-७६ मूल्य : मन लागे जति

## रवि र छविले लगाए मीत





सेलिब्रेटी सञ्चारकर्मी रवि लामिछाने तथा सफल निर्माता छवि ओझाले हालै मात्र सुटुक्क मीत लगाएको जानकारी प्राप्त भएको छ। दुवैले तेस्रो तथा चौथो पटक विवाह गरेकाले श्रीमतीका मामिलामा ठ्याक्कै एउटै स्वभाव भएकाले उनीहरूले मीत लगाउने निर्णय गरेको बताइन्छ। लामिछानेले

**ब्रेकिङ न्यूज**

यो मितेरी साइनो अटुट रहने कुरा बताउँदै यसलाई बहुपत्नी प्रथाको पक्षमा ऐतिहासिक कदम भएको बताएका छन् भने छविले आफ्नो मितेरी साइनोलाई अझ दिगो एवं दरिलो तुल्याउन आफूहरू एक-एक श्रीमती थप ल्याउने तयारीमा रहेको जानकारी दिएका छन्।

## बुवा बन्दै राजेश हमाल




आफू अविवाहित छँदा विवाह कहिले गर्ने ? भन्ने जिज्ञासाले महानायक राजेश हमाल हैरान थिए। सबैको जिज्ञासाको जवाफ दिँदै केही वर्षअघि हमालले मधु भट्टराईलाई दुलहीका रूपमा भित्र्याए। यद्यपि, विवाह भएको लामो समय बितिसक्दा समेत अभिनेता हमाल बुवा नबनेपछि उनी जहाँ पुग्दा पनि बुवा कहिले बन्ने भन्ने जिज्ञासाले घेरिन थालेका थिए। अहिले आएर राजेश हमाल बुवा बन्न लागेको जानकारी उनको पारिवारिक सूत्रले दिएको छ। उक्त स्रोतको दावी छ– हमाल पत्नी अहिले तीन महिनाकी गर्भवती छिन्। अबको ठीक ६ महिनापछि अर्थात माघको अन्तिम साता मधुले पहिलो सन्तान जन्माएर हमाललाई बुवा बनाउने ठोकुवा चलचित्र पत्रकार संघका पूर्वअध्यक्ष विदुर गिरीको छ। हमालले यो कुराको जानकारी आज शुक्रबार टुँडिखेलबाट सार्वजनिक गर्ने कुरा पनि गिरीले बताए।

## ऋषि धमला राजदूत नियुक्त



**नयाँ मोडमा नेपाल-भारत सम्बन्ध**

पत्रकार ऋषि धमलाले रिपोटर्स क्लब नेपालको अध्यक्षबाट राजीनामा दिएको विश्वस्त सूत्रले दाबी गरेको छ। पत्रकार धमलाले क्लबबाट मात्र राजीनामा दिएका होइनन्, सक्रिय पत्रकारिताबाट समेत संन्यास लिएको अर्को सूचना पनि प्राप्त भएको छ। आफूले विभिन्न रेडियो तथा टेलिभिजनमा सञ्चालन गरिरहेका कार्यक्रमहरूबाट समेत उनले बिदा लिएको बुझिएको छ। सञ्चारकर्मीका रूपमा प्रख्यात धमलाले अचानक पत्रकारिताबाट संन्यास लिएको खबरले सनसनी नै मच्चिएको छ। आखिर धमलाले पत्रकारिताबाट किन संन्यास लिए ? भन्दै कतिपय युट्युबरेले विभिन्न प्रकारका भिडियो निर्माण गरिरहेका छन्। यसबीच अर्को एउटा विश्वस्त सूत्रले जनाए अनुसार पत्रकार धमलालाई नेपाल सरकारले भारतका लागि नेपाली राजदूत नियुक्त गरेको छ। रेडियो कान्तिपुरका पत्रकार दिनेश डिसीका अनुसार भारतसँग अति नै निकटको सम्बन्ध भएका कारण उनलाई ओली सरकारले भारतका लागि नेपाली राजदूत नियुक्त गरेको हो।





## धुर्मुस-सुन्तलीलाई नोबेल शान्ति पुरस्कार





सीताराम कट्टेल धुर्मुस तथा कुञ्जना घिमिरे सुन्तलीले हालै एउटा ऐतिहासिक उपलब्धि हासिल गरेका छन्। हालसम्म गोप्य राखिएको जानकारीअनुसार उनीहरूलाई वर्ष २०१९ मा समाजसेवातर्फको नोबेल शान्ति पुरस्कारका लागि मनोनीत गरिएको बुझिएको छ। वर्ष २०७२ को भूकम्पपछि विभिन्न स्थानमा एकीकृत बस्तीहरू बसाउँदै आएका धुर्मुस र सुन्तलीलाई उनीहरूले गरेको सामाजिक कार्यका लागि नोबेल शान्ति पुरस्कारका लागि छनोट गरिएको बताइन्छ। नोबेल एकेडेमीले यो कुराको घोषणा स्वीजरल्यान्डको जुरिचमा नेपालमा गाईजात्रा परेकै दिन गर्ने चलचित्र पत्रकार प्रदीप कार्कीले बताएका छन्।



## करिश्माको एसईई सर्टिफिकेट नक्कली

*अभिनेत्री करिश्मा मानन्धरले अघिल्लो महिना जीवनकै सबैभन्दा ठूलो शैक्षिक उपलब्धि हासिल गरेको समाचार सार्वजनिक भयो । समाचारमा उनले एसईईमा बी ग्रेड ल्याऐको बताइएको थियो ।*

*काठमाडौंका विभिन्न महँगा कलेजले उनलाई प्लस टु अध्ययनका लागि छात्रवृत्ति दिने घोषणा समेत गरेका थिए तर करिश्मा आम नागरिक सरह एउटा सामुदायिक कलेजमा प्लस टुमा भर्ना भइन् । यद्यपि भर्ना गर्ने क्रममा कलेजले*

**रहस्योद्घाटन**

*करिश्माको एसईईको सर्टिफिकेट नै नक्कली भएको फेला पारेको छ । दुःख गरेर दिएको एसईईको सर्टिफिकेट नै नक्कली भएपछि करिश्मा अहिले दोधारमा परेको बताइन्छ ।*

*क्याम्पस भर्नाका क्रममा एसईईको प्रमाणपत्र नै नक्कली भएको आरोप लागेपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यस विषयमा छानबिन सुरू गरिसकेको फिल्म जर्नालिस्ट दिनेश सिटौलाले एक अनलाइनलाई जानकारी गराएका छन् ।*

# प्रियंकाको विवाह अनिश्चित कालका लागि टर्‍यो

## सासू-बुहारीबीच भयानक टकराव



अभिनेत्री प्रियंका कार्की र अभिनेता आयुष्मान देशराज जोशीबीच यही वर्षको मंसिर वा माघमा हुने भनिएको विवाह अनिश्चित कालका लागि टरेको छ । आफ्नी हुनेवाला सासू बैंकर रविना देशराजले आफूले भन्दा ग्ल्यामरस पहिरन लगाएको भनेर प्रियंकाले सामाजिक सञ्जालमा व्यङ्ग्यात्मक टिप्पणी गरेपछि रविनाले जवाफी हमला गर्दै प्रियंका-आयुष्मानबीच विवाह हुने-नहुने टुंगो नभएको दावी आर्थिक पत्रकारहरूबीच गरेकी थिइन् । भविष्यका यी सासू-बुहारीबीच को बढी तरुनी देखिने भन्ने होडले निम्तिएको यो विवादमा आयुष्मान भने पीडित भएको दावी रंग पत्रकार राजन घिमिरेले आफू सम्बद्ध मिडियाहरूमार्फत गरेका छन् ।

# साम्राज्ञी र देवांशुको ब्रेकअप

केही साताअघि इन्डोनेसियाको बाली पुगेका अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह तथा उनका प्रेमि देवांशु राणाको ब्रेकअप भएको खबर प्राप्त भएको छ । समुद्री किनारमा साम्राज्ञीले बिकिनी लगाएर फोटो सेसन गर्ने क्रममा देवांशुले उनलाई अँगालोमा बाँधेर चुम्बन गर्न थाले । त्यसक्रममा उनीहरूले बालुवामा मन खोलेर रमाइलो गरे । रमाइलोकै क्रममा देवांशुले साम्राज्ञीलाई बालुवाले हिर्काइरहेका थिए । त्यही बेला साम्राज्ञीको आँखामा बालुवा पर्न गयो । आँखामा बालुवा परेपछि साम्राज्ञी आफ्ना प्रेमीसँग नराम्रोसँग रिसाइन् । रिसकै झोकमा उनले देवांशुलाई ब्रेकअप दिएको निर्णय समेत सुनाइन् । साम्राज्ञीको रिस त्यतिमै रोकिएन, उनले देवांशुलाई फेसबुकमा पहिले त अनफ्रेन्ड गरेकी थिइन्, पछि ब्लक नै गरिदिइन् भने इन्स्टाग्राममा समेत अनफलो गरिन् । कतिसम्म भने दुबैले एउटै प्लेनको रिटर्न टिकट काटेका थिए । साम्राज्ञीले देवांशुको अनुहार नै नहेर्ने निर्णय गरेका कारण उनले देवांशुले यात्रा गर्ने विमानको टिकट नै क्यान्सिल गर्दै अर्कै बिमानबाट काठमाडौं अवतरण गरिन् । काठमाडौंबाट बाली प्रस्थान गर्दा हाँसीखुसी गएको उक्त जोडी फर्किंदा अलग-अलग विमानबाठ आएको देखेपछि युट्युबरेहरूसमेत जिल्ल परेका थिए ।



# छवि र शिल्पाको अर्को ब्रेकिङ न्यूज



चलचित्र निर्माता छवि ओझा तथा अभिनेत्री शिल्पा पोखरेलबीचको विवादले फेरि अर्को सनसनीपूर्ण युटर्न लिएको छ । आफूहरूका सम्बन्धमा विभिन्न सञ्चारमाध्यममा आएका सम्बन्ध-विच्छेदका तमाम प्रसंग कपोलकल्पित, भ्रामक तथा तथ्यहीन भएको दावी गर्दै निर्माता ओझाले शिल्पासँग आफ्नो सम्बन्ध निकै प्रेमपूर्ण र सुमधुर रहेको दाबी गरेका छन् । यता अभिनेत्री शिल्पा पोखरेलले पनि श्रीमान् छवि ओझा आफ्ना लागि पार्वतीकी शिव तथा सिताकी राम बराबर भएको बताएकी छिन् ।

यससँगै शिल्पा सिनामंगलस्थित दाजु-भाउजू विकास-सम्झना रौनियारको फ्ल्याट छोडेर छविको घरमा सरेको युवा पत्रकार अनुप भट्टराईले जानकारी दिएका छन् । आश्चर्यको कुरा त के छ भने छविको घरमा उनकी जेठी श्रीमती पनि देखिएकी छिन् । यसअघि पारपाचुकेसम्म पुगेका छवि र शिल्पाविरुद्ध छविकी जेठी श्रीमतीले प्रहरीमा उजुरी दिएपछि उनीहरूविरुद्ध पक्राउ पुर्जीसमेत जारी भएको थियो ।

# विप्लवसँग रेखा



कुनै न कुनै राजनीतिक दलसँग नजिक हुन रुचाउने अभिनेत्री रेखा थापा अहिले आएर सुटुक्क विप्लव माओवादीमा प्रवेश गरेको गोप्य जानकारी प्राप्त भएको छ । विश्वस्त सूत्रका अनुसार विप्लव माओवादीका नेता नेत्रविक्रम चन्दको पार्टीमा भएका भाइटीके दाजु तथा आफ्ना एक भिनाजुको आग्रहमा थापाले उक्त पार्टीको सदस्यता लिएकी हुन् । पार्टीको सदस्यता लिएसँगै विप्लवले उनलाई काठमाडौं जिल्ला इन्चार्ज तथा महिला विभाग प्रमुख नियुक्त गरेको समेत बुझिन आएको छ । रेखाले यससँगै पशुपतिशमशेर जबरा नेतृत्वको राप्रपा परित्याग गरेको रमाइलो छ युट्युब च्यानलका उत्सव रसाइलीले बताएका छन् । रेखाले विप्लव माओवादीको सदस्यता लिए पनि चलचित्र निर्माणलाई भने निरन्तरता दिइरहने थापाका प्रवक्तासमेत रहेका रसाइलीले जानकारी दिए । रेखाले आगामी दिनमा राजनीतिक विषयमा आधारित चलचित्र मात्र बनाउने समेत बताइएको छ ।

# अर्को वर्षको गाईजात्राको सम्भावित हेडलाइन

**न्यूज फोरकास्ट**





- लबर ब्वाइ छवि भएका चकलेटी नायक आर्यन सिग्देलले पहिलो सन्तानको जन्मपछि अब प्रत्येक वर्ष एक-एकवटा सन्तान जन्माएर नेपाली चलचित्र उद्योगमा कलाकारहरूको लाइन नै लगाइदिने कुरा बताएका छन् ।
- पूर्व मिस नेपाल सृष्टि श्रेष्ठ तथा अभिनेता सौगात मल्लले अघिल्लो फागुनमै विवाह गरेको रहस्योद्घाटन ।
- नवनायिका सुहाना थापाद्वारा आफूलाई बिनापारिश्रमिक फिल्म खेलाएर आर्थिक शोषण गरेको भन्दै बाबु-आमा निर्माता-निर्देशकविरुद्ध प्रहरीमा उजुरी ।
- नायिका स्वस्तिमा खड्काले आमा बन्नका लागि पाँच वर्ष सक्रिय अभिनयबाट अवकाश लिन लागेको निर्देशक पति निश्चलको दाबी ।
- दीपकराज गिरीद्वारा दीपाश्री निरौलालाई तीजको दर खान सिनामंगलस्थित थकाली भान्सामा विशेष आमन्त्रण ।
- गीत चोरीको आरोप लागेका संगीतकर्मी शम्भुजित बाँस्कोटा, प्रकाश सपूतदेखि कालीप्रसाद बाँस्कोटासम्म संगीत चोर्न पाउनु नैसर्गिक मौलिक अधिकार हो भन्दै संगठित ।
- मुन्द्रेका रूपमा अभिनय गर्ने कलाकार जितु नेपाल श्रीमतीप्रति हदभन्दा बढी बफादार भएको भन्दै प्रहरीद्वारा गिरफ्तार ।

बलिउड

# बलिउडमा हास्यरसको परम्परा






## चरित्र भूमिकाका उस्तादहरू










प्रारम्भमा हिन्दी चलचित्रमा मुख्य कलाकारहरूले कमेडी गर्न हिचकिचाएको अवस्थामा त्यस्ता चलचित्रका निर्देशकहरूले हास्य कलाकारका लागि छुट्टै भूमिका लेख्न लगाउँथे । त्यस्ता भूमिकामा देखिने ती हास्य कलाकारले कालान्तरमा हिन्दी चलचित्रको हास्य विधालाई निकै धनी बनाए जसमा सबैभन्दा अगाडि जोनी वाकर छन् । कुनै बेला हिन्दी चलचित्रलाई सफल बनाउनमा जोनी वाकरको भूमिका अपरिहार्य मानिन्थ्यो । जोनी वाकरको यो परम्परालाई कालान्तरमा मेहमुद, असरानी, जगदिप, कादर खान, जोनी लिभर, परेश रावल, राकेश वेदी, राजपाल यादव जस्ता कलाकारले अघि बढाए । अहिले हिन्दी चलचित्रमा मुख्य अभिनेताहरूले नै हास्य अभिनय गर्न थालेपछि यस्ता सहायक कलाकारहरूको भूमिका गौण हुँदै गएको छ ।














चलचित्र भन्नेबित्तिकै मनोरन्जन बुझिन्छ । मनोरन्जनका लागि हास्यरसलाई महत्त्वपूर्ण पाटो मानिन्छ । विगत १ सय वर्षभन्दा बढी समयदेखि मानिसहरूलाई मनोरन्जन दिंदै आएको बलिउड चलचित्र उद्योगले हास्यरसको बिंडो पनि थाम्दै आएको छ । पहिलो बलिउड चलचित्र सार्वजनिक भएको झन्डै ४० वर्षपछि मात्र बलिउडमा पहिलो हास्यरसले युक्त चलचित्र निर्माण भएको थियो । अमिय चक्रवर्तीले निर्देशन गरेको तथा मदनमोहनको संगीतको देख कबिरा रोया हास्यरसमा निर्माण गरिएको पहिलो बलिउड चलचित्र मानिन्छ । सन् १९५७ मा सार्वजनिक भएको उक्त चलचित्र प्रेमको खोजीमा रहेका तीन जना साथीहरूको कथामा आधारित थियो ।

देख कबिरा रोयापछि सन् १९५८ मा महान् गायक किशोरकुमारले आफ्नै कथा, पटकथा, संगीत तथा निर्देशनमा चलचित्र चल्तीका नाम गाडी निर्माण गरे । खासमा बलिउडमा हास्य चलचित्रको जग यही चलचित्रमार्फत् बसेको थियो । यो चलचित्र प्रदर्शन भएको झन्डै १० वर्षपछि प्रदर्शनमा आएको पडोसनलाई बलिउडले निर्माण गरेको अहिलेसम्मकै उत्कृष्ट हास्य चलचित्र मानिन्छ । किशोरकुमार, सुनिल दत्त तथा सायरा बानोले मुख्य भूमिका निर्वाह गरेको पडोसन अहिलेका हास्य चलचित्रका लागि पनि मुख्य आधार मानिंदै आएको छ । यो लिजेन्ड्री चलचित्रले नै भारतीय दर्शकहरूमा हास्यरसको स्वाद बसाएको थियो । त्यसयता लगभग हरेक वर्षजसो एक-दुईवटा हास्य चलचित्र बन्ने क्रम चल्यो । यस्ता हास्य चलचित्रमा नयाँपन ल्याउने काम निर्देशक ऋषिकेश मुखर्जीले गरे ।

सन् १९७५ मा प्रदर्शित मुखर्जीको चुपके चुपकेलाई शिष्ट शैलीको उत्कृष्ट हास्य उत्कृष्ट चलचित्र मानिन्छ । धर्मेन्द्र, अमिताभ बच्चन, जया भादुडी, शर्मिला टैगोर जस्ता कलाकारले अभिनय गरेको यो चलचित्र सौम्य हास्यका लागि अझै पनि हेरिन्छ । ऋषिकेश मुखर्जीको यो परम्परा गोलमाल, अंगुर जस्ता चलचित्र हुँदै अघि बढेको थियो । हिन्दी चलचित्रमा हास्यरसको अर्को परम्परा सुरु गर्ने श्रेय साई परान्जपेलाई जान्छ । मध्यमवर्गीय भारतीय परिवारको समस्यालाई हास्यरसको चास्नीमा डुबाएर प्रस्तुत गर्ने परान्जपेले सन् १९८१ मा निर्माण गरेको रोमान्टिक कमेडी चस्मे बद्दु यो विधाको अर्को लिजेन्ड्री चलचित्र हो ।

उता सत्तरीको दशकमा हिन्दी चलचित्रमा एक्सन नायकका रुपमा उदाएका अमिताभ बच्चन खासमा हास्य चरित्र निर्वाह गर्न रुचाउँछन् । चलचित्रमा आफ्नो एंग्री यंग म्यानको छविका विपरीत बच्चनले थुप्रै चलचित्रमा हास्यरस प्रस्तुत गरेका छन् जसमा सत्ते पे सत्ता, शराबी तथा नमकहलाल सबैभन्दा अगाडि छन् । मुख्य नायकले नै कमेडियनको भूमिका निर्वाह गर्ने अभिताभ बच्चनको यो परम्परालाई पछि गोबिन्दाले पछ्याए । निर्देशक डेबिड धवनसँग गोविन्दाको जोडीले जोडी नम्बर १ देखि कुली नम्बर १ सम्म दर्जनौं हास्य चलचित्र दियो । ती चलचित्रले आफ्नो समयका खुंखार खलनायक शक्ति कपुरलाई पनि हास्य कलाकारमा परिवर्तन गरिदियो ।

यसैगरी पछिल्लो पुस्तामा आमिर खानले हास्यरसलाई जीवन्त राख्ने प्रयत्न गरेका छन् । उनको अन्दाज अपना अपना, ईश्क, थ्री इडियट, पिके जस्ता चलचित्रलाई समीक्षकहरूले हास्य चलचित्रकै श्रेणीमा राखेका छन् । आमिर खानलाई पछ्याउनेमा अक्षयकुमार अगाडि छन् । मानिसहरू उनका पछिल्ला चलचित्र हेराफेरी, फिर हेराफेरी, प्याड म्यान, हे बेबी, भुलभुलैया आदि चलचित्र हास्यरसकै लागि दोहोऱ्याई तेहोऱ्याई हेर्न बाध्य भए ।

मुख्य धाराका अभिनेताहरूमध्ये हास्यरसको चलचित्रमा अभिनय गर्ने कलाकारमा संजय दत्त, अनिल कपुर, सलमान खानजस्ता कलाकार पनि अग्रपंक्तिमै आउँछन् । संजय दत्तको मुन्ना भाई सिरिजका चलचित्र, अनिल कपुरको नो इन्ट्री, वेलकमजस्ता चलचित्र, अजय देवगणको हाउसफुल र गोलमाल सिरिजका चलचित्र पनि हास्यरसकै लागि पटक-पटक हेरिन्छ ।

# अब हाँसौं, दिल खोलेर



- तिमीलाई लाज लाग्दैन है ? केही नभए पनि खालि हाँसिरहने ?
- के खित्खित् गरेर हाँसिरहेको होला ?
- हाँस्न पाएँ भनेर जतिखेर पनि हाँसिरहने ?
- खालि हाँसिरहने कि मैले भनेको पनि मान्ने ?
- के काम नपाएको मान्छे रहेछ खालि हाँसिमात्र रहन्छ।

हाँसोलाई नराम्रो मानेर यस्ता किसिमका भनाइ तथा आदेश हाम्रो दैनिक जीवनमा धेरै नै सुन्नुपर्ने हुनसक्छ, तर अहिले संसारभर हाँस्नुजस्तो राम्रो केही नभएको मान्यताको लहर नै आउन थालेको छ। विभिन्न वैज्ञानिकले हाँसोका अनेकौं फाइदा भएको बताएपछि अहिले आममानिस हाँस्नका लागि विभिन्न बहाना खोज्ने, लाफिङ क्लब, ग्याँस सुँघ्नेदेखि लिएर पैसा तिरेर भए पनि हाँस्ने ठाउँमा पुग्ने काम गर्न थालेका छन्।

अरूको खिल्ली उडाउँदादेखि चित्त बुझ्दासम्म आउने हाँसो हाम्रो शरीरमा सिर्जना हुने स्वभाविक प्रतिक्रिया भए पनि नेपालीहरूले हाँसोलाई परम्पराको रूपमा समेत निर्वाह गर्दै आएका छन्। आज मनाइने गाईजात्राका अरू विभिन्न पक्ष भए पनि हाँसो यसको एउटा महत्वपूर्ण पक्ष हो। कुनै पनि घरको मृत व्यक्तिको सम्झनामा गाईजात्रा निकाल्नुको अर्थ पीडामा रहेका परिवारका सदस्यहरूको मुहारमा हाँसो आओस् भन्ने पनि हो, त्यसैले यो जात्रामा हाँसउठ्ने किसिमका विभिन्न आकृति वा भेषमा सहर-टोल परिक्रमा गरिन्छ। परिवर्तनका क्रममा गाईजात्रा व्यंग्य गर्ने पर्वका रूपमा समेत विकास हुँदै गयो। यो परम्परामा अहिले विभिन्न किसिमका फरकपन देखा पर्दै गएको छ। जस्तो– हास्य प्रहसन मञ्चन गर्ने, पत्रपत्रिकादेखि टेलिभिजन वा अन्य माध्यमबाट व्यंग्य गर्ने आदि। यो दिन कसैलाई पनि व्यंग्य गर्दा कुनै किसिमको अपहेलना नमानिने चलनसमेत छ।

## हाँसोले गर्न सक्ने केही उपचार

**शारीरिक लाभ**
तनाव हटाउन मद्दत गर्छ। शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउँछ। मुटुको सुरक्षा गर्छ। शरीरका मांसपेशीहरूलाई आराम दिन्छ। अनुहारको मांसपेशीलाई सक्रिय बनाउँछ। तौल घटाउन मद्दत गर्छ।

**मानसिक फाइदा**
मनलाई प्रसन्न तुल्याउनुका साथै खुसीसाथ बाँच्न सिकाउँछ। भय एवं तनाव हटाउँछ। मस्तिष्कमा सकारात्मक सोच पैदा गर्छ। स्मरण शक्ति बढाउँछ।

**सामाजिक फाइदा**
आपसी सम्बन्धलाई बलियो तुल्याउँछ। अरूलाई आफूतर्फ आकर्षित गर्न मद्दत पुऱ्याउँछ। सामूहिक रूपमा काम गर्ने भावनाको विकास गर्छ। आपसी मतभेद कम गर्न सहयोगी हुन्छ।

**हाँस्नका लागि के गर्ने ?**
कमेडी फिल्म वा टेलिभिजन कार्यक्रम हेर्ने। कमिकहरू पढ्ने। रमाइलो गर्न रुचाउने व्यक्तिहरूसँगको संगत बढाउने। जोक्स तथा रमाइला स्टोरीहरू पढेर रमाउने। योगमा वर्णित हास्य आसन गर्ने।

गाईजात्रा जस्तै हाँसो-ठट्टा गर्ने नेपाली पर्व रोपाइँ जात्रा पनि हो।

आधुनिक विज्ञानले हाँस्दा शरीरलाई के-कस्तो फाइदा हुन्छ भन्ने विषयमा अनेकौं अनुसन्धान गरिरहेको छ, जसको नतिजा धेरै नै राम्रो छ र तिनको निचोड भनेकै सक्दो हाँसौं भन्ने हो। फ्रान्सका न्युरोलोजिस्ट हेनरी रुबेनस्टेनले गरेको अनुसन्धानअनुसार एकपटक हाँस्दा मानिसको शरीर यति सहज हुन्छ कि सामान्य अवस्थामा मानिसले नहाँसी शरीरको कोषिकालाई त्यत्तिको सहज बनाउन ४५ मिनेट लाग्छ। रुबेनस्टेनका अनुसार मानिस हाँस्दा उसको शरीरका रक्तनलीहरू यसरी खुला हुन्छन् कि शरीरको रक्तप्रवाह बढेर शरीरको सबै भागमा रगत सञ्चार हुन्छ अर्थात् रगत पुग्छ।

हाँसोले हाम्रो शरीरको इम्युन सिस्टममा सकारात्मक प्रभाव पार्छ। मस्तिष्कमा भएका नकारात्मक सोचका कारण हाम्रो शरीरमा तनाव-आक्रोश आदि पैदा भैरहेको हुन्छ। यसले हाम्रो शरीरमा भएको रोगसँग लड्ने प्रतिरोधी क्षमता समेत घटाइरहेको हुन्छ। यस्तो अवस्थामा हाँसोले मस्तिष्कमा भएको तनाव घटाउने तथा रोगप्रतिरोधी क्षमतासमेत बढाउने काम गर्छ।

अनुसन्धानअनुसार हाँसोले हाम्रो रक्तचापलाई समेत नियन्त्रणमा राख्छ। हाँसोले शरीरमा रगतको प्रवाह बढाउने हुनाले पनि मुटुको चापमा आएको समस्या नियन्त्रण हुन्छ। हाँसोले पीडा बिर्साउँछ कि बिर्साउँदैन भनेर फ्लोरिडाको एक अस्पतालमा अनुसन्धान गरिएको थियो, जसमा सर्जरी गरिएका बिमारीहरूलाई नियमित रूपमा हाँस्न लगाइएको थियो। परिणाम : उनीहरूले हाँस्ने काम नगरी पीडा कम गर्ने औषधि मात्र खानेहरूको तुलनामा बढी आराम महसुस गरेका थिए।

## हँसाएर सर्वाधिक कमाउनेहरू

(वार्षिक आम्दानी)




**जेरी सेन्फेल्ड**
६ अर्ब ४९ करोड ७५ लाख रुपैयाँ



**केभिन हार्ट**
६ अर्ब ४४ करोड १० लाख रुपैयाँ



**डेभिड च्यापेल**
३ अर्ब ९५ करोड ५० लाख रुपैयाँ



**क्रिस रक**
३ अर्ब ३९ करोड रुपैयाँ



**रिक्की गेरभाइस**
२ अर्ब ८२ करोड ५० लाख रुपैयाँ

# किन घट्यो गाईजात्राको क्रेज ?

कृष्ण भट्टराई



करिब एक दशक अघिसम्म काठमाडौंका नयाँ बानेश्वरको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, प्रदर्शनीमार्गको राष्ट्रिय सभा गृह, कमलादीको प्रज्ञा प्रतिष्ठान तथा जमलको राष्ट्रिय नाचघरमा कलाकारहरूको अलग-अलग समूहले गाईजात्रे कार्यक्रम प्रस्तुत गर्थे। ती सबै स्थानका गाईजात्रा कार्यक्रममा दर्शकको उल्लेख्य सहभागिता रहन्थ्यो।

पछिल्ला पाँच वर्षयता गाईजात्राको अवसरमा आयोजना हुने हास्यव्यंग्य कार्यक्रमको क्रेज घटेको मात्र छैन त्यस्ता कार्यक्रमको आयोजनामा समेत व्यापक कटौती भएको छ। गत वर्ष नै राष्ट्रिय नाचघरमा एक साताका लागि जम्मा एउटा गाईजात्रा कार्यक्रम प्रस्तुत गरियो। यो वर्ष त त्यसमा थप कटौती भएर सांस्कृतिक संस्थानले जम्मा दुई दिनका लागि गाईजात्रे कार्यक्रम प्रस्तुत गर्ने बताएको छ भने अर्को एउटा समूहले सात वटा प्रदेशका अलग-अलग स्थानमा एक-एकवटा गाईजात्रा कार्यक्रम आयोजना गर्ने घोषणा गरेको छ। गाईजात्रा महोत्सवको क्रेज यसरी घट्नुको कारण के होला ?

## कलाकारको व्यस्तता

कुनै बेला गाईजात्रा कार्यक्रममा सबैभन्दा रुचाइएको हास्य जोडी थियो मह जोडी अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको जोडी। गाईजात्राका कार्यक्रममा दर्शकहरूको रुचि घट्न थालेपछि मह जोडीले त्यस्ता कार्यक्रमबाट आफूलाई अलग गर्दै जान थाले। दर्शकको क्रेज घट्नुमात्र उनीहरू ब्याक हुनुपर्ने कारण भने होइन। पछिल्ला केही वर्षदेखि मह सञ्चारले चलचित्रको निर्माणलाई गति दिन थालेपछि मह जोडीसहितको समूह नै गाईजात्रा कार्यक्रममा प्रस्तुत हुन भ्याइरहेको छैन। मह जोडीपछि गाईजात्रा कार्यक्रममा रुचाइएको अर्को जोडी हो– दीपकराज गिरी तथा दीपाश्री निरौला। उनीहरूको जोडी पनि विगत केही वर्षदेखि चलचित्रको निर्माणमै व्यस्त छ। यी दुई जोडीबाहेक जितु नेपाल, केदार घिमिरे, सीताराम कट्टेल धुर्मुस, कुञ्जना घिमिरे सुन्तली, किरण केसी, राजाराम पौडेल, शिवहरि पौडेल, विल्सनविक्रम राई, मनोज आचार्यजस्ता लोकप्रिय हास्य कलाकारहरू पनि चलचित्रको निर्माण, निर्देशन, अभियन तथा सांस्कृतिक कार्यक्रममा व्यस्त हुँदा गाईजात्रालाई समय दिन सकेका छैनन्। नाम चलेका लोकप्रिय कलाकारहरू नै स्टेजमा प्रस्तुत भएर गाईजात्रा कार्यक्रमलाई समय दिन नसक्ने भएपछि दर्शकहरू प्रेक्षालयमा आउने क्रम स्वतः घटेको हो।

## निम्नस्तरको प्रस्तुति

गाईजात्राका हास्य व्यंग्य कार्यक्रममा प्रस्तुत गरिने प्रहसनमा प्रयोग गरिने दुईअर्थी, छाडा तथा सुन्नै नसकिने भाषाको प्रयोगले पनि दर्शकहरू यस्ता कार्यक्रमबाट विकर्षित भएका हुन्। दर्शकहरूलाई हँसाउने बहानामा कलाकारहरूले अति नै भद्दा भाषा, प्रस्तुति तथा हाउभाउ प्रदर्शन गरेपछि परिवारलाई लिएर त्यस्ता कार्यक्रम हेर्न जाने व्यक्तिहरू प्रेक्षालयमै रातो-पीरो हुने पर्ने अवस्था विगतमा पटक-पटक सिर्जना भएको थियो। दर्शकलाई हँसाउनकै लागि सुन्नै नसकिने संवाद तथा हेर्नै नसकिने प्रस्तुतिकरण दिन थालिएपछि आमदर्शकले ती कार्यक्रम हेर्न प्रेक्षालयसम्म पुग्ने जाँगर देखाउन छाडे।

## हलको अभाव

नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र संसद् भवनमा रुपान्तर भएसँगै काठमाडौंमा सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्ने हलको अभाव हुन थालेको हो। राष्ट्रिय सभागृहले सार्वजनिक कार्यक्रमका लागि महँगो भाडादर तोक्नु तथा गाईजात्राका लागि हल नै उपलब्ध नगराउनु, राष्ट्रिय नाचघरमा पार्किङको समस्या हुनु तथा प्रज्ञा प्रतिष्ठान मर्मतका लागि केही समय बन्द गरिनुले पनि विगत केही वर्षदेखि गाईजात्रा हास्य व्यंग्य कार्यक्रमको आयोजनामा कमि हुनुको कारण हो।

## घट्दो हास्य टेलिश्रृंखलाको क्रेज

अहिले टेलिभिजनबाट प्रसारण हुने हास्य श्रृंखलाकै क्रेज घटिरहेको अवस्थाले पनि गाईजात्राको क्रेज घटाउन सहयोग पुर्‍याएको छ। कुनै बेला तितो सत्य, जीरे खुर्सानी, मेरी बास्सै, भद्रगोलजस्ता टेलिश्रृंखला लोकप्रियताको शिखरमा रहेका बेला ती श्रृंखलामा अभिनय गर्ने कलाकारको क्रेज पनि अत्यधिक थियो। दर्शकहरू उनीहरूलाई प्रत्यक्ष सुन्न तथा हेर्न गाईजात्राकै प्रतीक्षा गर्थे। सामाजिक सञ्जालको लोकप्रियतासँगै अहिले दर्शकहरूले टेलिभिजनबाट प्रसारण भएका अधिकांश कार्यक्रम युट्युबमै हेर्न थालेका छन्। अझ युट्युबमा अपलोड गरिने हास्यरसका दर्जनौं कार्यक्रमले उनीहरूले एक-एक हप्ता पर्खेर हास्य श्रृंखला हेर्न छाडेका हुन्। यसबाहेक युट्युबमा मात्र अपलोड गरिने विभिन्न वेब सिरिज, हास्य श्रृंखला, रियालिटी शो आदि कार्यक्रमका कारण पनि टेलिभिजनबाट प्रसारण हुने कार्यक्रमहरूको टिआरपी घटिरहेको छ। युट्युबमै आफ्नो रुचिका हास्य कार्यक्रम हेर्न पाएकै कारण दर्शकहरू स्टेजमा प्रस्तुत गरिने गाईजात्रा कार्यक्रममा समेत जान छाडेका हुन्।

## कानुनी दबाब

यसबाहेक सरकारले अघिल्लो वर्षको भदौ १ गतेदेखि लागू गरेको मुलुकी संहिताका कारण पनि हास्य कलाकारहरू खुलेर आफ्नो प्रस्तुति दिन हच्किन थालेका छन्। मुलुकी संहिताले व्यक्तिगत तथा गोपनियताको हक सुरक्षित गरेपछि कलाकारहरू खुलेर व्यंग्य गर्न हच्किनु पनि स्वभाविक हो।

# युट्युबमा गाईजात्रे प्रहसन




गाईजात्राको मौका पारेर युट्युबमा हास्यव्यंग्यले भरिएका सामग्रीले राम्रै स्थान पाउन थालेका छन्। विगतमा गाईजात्राको अवसरमा भिसिडी निकाल्ने कलाकारहरू अहिले त्यस्ता सामग्री सोभै युट्युबमा अपलोड गर्न थालेका छन्। यो वर्ष तयार पारिएका केही गाईजात्रे सामग्री यस्ता छन् :

तुलसी डिजिटल म्युजिक च्यानलमा जोगिन्दर पानवाला अर्थात् अभिनेता शिवशंकर रिजालको सामग्री समवेश छ। काण्डैकाण्डको सरकार शीर्षकको उक्त सामग्रीमा कलाकार रिजालले व्यंग्यात्मक प्रस्तुतिमार्फत देशका समसामयिक विषयमा व्यंग्य प्रस्तुत गरेका छन्।

आमा अग्निकुमारी मिडिया शीर्षकको च्यानलमा यसै वर्षको गाईजात्रालाई लक्षित गर्दै 'तानातान' शीर्षकको गाईजात्रे हास्य व्यंग्य सामग्री राखिएको छ। करिब ४२ मिनेट लामो उक्त प्रस्तुतिमा टिकटकले ल्याएको विकृति, टिकटकमा नेताहरू, तानातान बैठक, आलाकाँचा बूढाबूढी, अन्तर्वार्तामा हानाहान, दम कि कम, कुर्सी तानातान उप-शीर्षकका सामग्रीहरू समवेश छन्। अभिनेता दमन रुपाखेतीको कथा तथा निर्देशनमा तयार पारिएका ती सामग्रीमा एक दर्जनभन्दा बढी कलाकारले अभिनय गरेका छन्।

परिधि मिडियाले गाईजात्रालाई लक्षित गर्दै केही भिडियो सामग्री अपलोड गरेको छ। तीमध्ये व्यंग्यकार राजा राजेन्द्र पोखरेलको स्ट्याण्ड अप कमेडीलाई दर्शकले विशेष मन पराएका छन्। 'गाईजात्रा प्रहसन २०७६-विकासको लहर' शीर्षकको उक्त प्रहसनमा राजा राजेन्द्रले केही समयअघि प्रस्तुत गरेको आफ्नो एकल स्ट्याण्डअप कमेडी शोका दृश्यहरू समावेश गरेका छन्। यही च्यानलमा दमन रुपाखेतीको निर्देशनमा प्रसारण हुने हास्य श्रृंखला 'सरी ल...' को ४१ औं भागलाई गाईजात्रा विशेषका रूपमा प्रस्तुत गरिएको छ।

साइनिङ नेपालको च्यानलमा 'मस्ती सरकार' शीर्षकको हास्य-व्यंग्यात्मक सामग्री समवेश छ जसमा हास्यकलाकार प्रेम राजा लामिछानेले विभिन्न गेटअपमा राजनीतिकदेखि सामाजिक विषयवस्तुमा आकर्षक शैलीमा व्यंग्य गरेका छन्। एक्सन मिडियाले उत्पादन गरेको उक्त प्रस्तुतिमा प्रस्तोता लामिछानेले विभिन्न लोकसनमा पुगेर आफ्ना व्यंग्य सामग्री प्रभावकारी शैलीमा वाचन गरेका छन्।

हास्य कलाकार कमल गाउँलेले पनि यस पटकको गाईजात्रालाई लक्षित गर्दै आफ्नो १९ औं गाईजात्रे भिडियो तयार पारेका छन्। कलाकार गाउँलेद्वारा आफ्नै च्यानलमा अपलोड गरिएको उक्त व्यंग्यात्मक प्रस्तुतिको शीर्षक 'गाउँ गाउँमा सिंहदरबार' राखिएको छ। स्ट्यान्डअप कमेडीदेखि प्रहसनसम्मको शैली अपनाइएको उक्त सामग्रीको लेखन, गायन तथा उद्घोषण कलाकार गाउँले नै गरेका हुन्।

मिस्टर शंकर क्षेत्री च्यानलमा अपलोड गरिएको गाईजात्रे सामग्रीको शीर्षक 'जेरी वाचन गाईजात्रा भाग-४' राखिएको छ। करिब ३३ मिनेट लामो उक्त सामग्रीले करिब साढे ७ लाख भ्यूज पाएको छ। शंकर क्षेत्रीद्वारा निर्देशित यो व्यंग्यात्मक प्रस्तुतिमा बबिता बानियाँ (जेरी) को स्वर सुन्न सकिन्छ।

परिधि मिडियाको च्यानलमा गाईजात्रा-२०७६ विशेष प्रस्तुति 'स्वस्ति शान्ति' अपलोड गरिएको छ। करिब १२ मिनेट लामो उक्त प्रस्तुतिमा अभिनेता दमन रुपाखेतीले पुरेतको भेषमा स्वस्ति-शान्ति गर्दै सामाजिक तथा राजनैतिक व्यंग्य गरेका छन्।

किल्किले च्यानलमा कलाकार टिकाराम आचार्यले गाईजात्रे प्रस्तुति 'ओलीको मास्क' अपलोड गरेका छन्। धुर्बे धुर्बेनी च्यानलमा कलाकार धुर्बेले 'छोटा कट्टु लगाउनेलाई धुर्बेले खेदो खने' शीर्षकको गाईजात्रा प्रस्तुति समवेश गरेका छन्।

नौलो मिडिया च्यानलको गाईजात्रा-२०७६ विशेष सामग्रीमा कलाकार मुक्ति कँडेलले 'मुक्ति कँडेलको विरहको गाईजात्रा' शीर्षकको रमाइलो प्रस्तुति दिएका छन् भने बूढासुब्बा डिजिटल च्यानलमा अभिनेता कमल गाउँलेले गाएका व्यंग्यात्मक गाईजात्रे गीतहरू समावेश छन्।








# योगेश खपाङ्गीका व्यंग्य चित्र










पहिले कर...!
शुभ विवाह


हैन, यो 'भाँडोमा' ल्याप्चे लगाउने ठाउँ चैं कहाँ हो ??
सांसद





# रविन्द्रका कार्टुन


....अनि यौटा पनि छुट्नुहुँदैन, देसको सप्पै गाउँ खुला दिसामुक्त हुनुपर्छ। कसो ??


तपाईं गर्भवती कसरी हुनुभयो?
कसरी भन्ने खै? लाज लाग्छ।
भनिदिनूस् न। जन्ता जान्न चाहन्छ।


पानी मात्र हो र? मिनरल वाटर नै झर्यो नि, कसो?
मेलम्ची


यहाँ चुरोट, पराग, हल्स, चक्लेट तथा सुपथ मूल्यमा पदक पनि पाइन्छ।


ह्या ssss ! कहाँ तेल हाल्नु ? यस्तो हिलो बाटोमा गाडी कतै तानेर, कतै घचेटेर लैजाने त हो । बाटो बनेपछि मात्रै तेल हालौंला ।
पेट्रोल




एऽऽ चाडवाड त होइन के को उत्सव यो !? सिरिञ्ज समेत नाचेको !!
सिरिञ्जकाण्डका आक्रमणकारी पक्राउ पर्यो । डर-त्रास खतम । खुसियाली मनाएको हजुरपनि ज्वाइन गर्नुस् । झिन्च्याक झिन्च्याक
मुर्खऽऽत्यो मन्टेल सन्तोष कार्कीले गर्दा बिना अपराध हामी सबैको दुश्मन बन्न पुग्यौं अब त सफाइ पाइयो ।
लु अब नेपालीले चान्स पायौं भनेऽऽ... डान्स गर्नै नै भो नि ! झिन्च्याक झिन्च्याक



क्याहृयाण्डसम थाम्नै नसकने स्ट्रङ्ग सेरिङ्ग गर्दा पनि ओभर !!?
हुन्छ निऽऽ अहिलेदेखि Excited नहुनुस् न.. ह्याऽऽ तपाइको हात कहाँ पर्यो !?!
आज भेंगो मोबाइल नम्बर लिउनऽऽ भोली.... अनि त्यस पछि त चाहिएको बेलामा..!!
गथांमुगः (गथेंगल) २०७६को हार्दिक शुभकामना



हैन ए बूढी ! अझ बेथा लागेन भन्या ? महिना त उहिल्यै पुगिसक्यो नि !
बुबा ! आमालाई कति कचकच गरेको ? स्कुलको फिस सुन्दै तर्सें । बरु आमाकै गर्भमा सस्तो हुन्छ । म त जन्म लिन्नँ । म त यहीं पेट मैं बस्छु ।



ह्याऽऽ बुवा आत्महत्या गर्‍या हैन भन्याऽऽ TikTok भिडियो बनाउँदै होक्याऽऽ
18
साकार हिरा ०७६



भ्रष्ट भनेका इन्जिनियर बाहेक अरू हुँदैनन् र ? उता कोचाकोच भैसक्यो.. एऽऽ अख्तियार अब यता पनि पठा न ।
न्द्रीय कारागार
उच्च पदस्थ
इन्जिनियर
कर्मचारी र अन्य



साला जोकर आफैले आफुलाई भिलेन भनेर हुन्छ र ? भिलेन बन्न जान्नु पनि पर्छ वाहियात बेर्थमा हाम्रो इज्जत लिने
भिलेन होइन नौटंकी हो यो सधैं भरी तमाशा



के को लाज ! लाज छैन !! लुगा लगाएकै छु नि ! के को लाज !
मल
सुन
ढल
मेलम्ची
जग्गा
बाटो
निर्मला
वाइड बडी
गुठी
बेरुजु
विषादी
महँगी
राजमान



ए sssss धर्मपत्नीज्यू ! म पार्टी अध्यक्ष जस्तो देखिन्छु कि हुनेवाला प्रधानमन्त्री जस्तो ?
फूर्ति नै चर्को !
राजमान



विषादी
महँगी
राजमान

## फेसबुक फन्डा



भूतको भिनाजु

सामान्य मान्छे : कत्रो गड्याङगुडुङ हौ, सात्तै लान्छ कि क्या हो ?
साहित्यकार : आज आकाशमा पनि भयंकर युद्ध भयो । सबैभन्दा बढी हतियार इन्द्रले प्रयोग गरेजस्तो लाग्यो ।

---

म बौद्धमा बसेर बुद्धजस्तो बन्ने छाँटकाँट छैन, तर तिमी पुतलीसडकमा बसेर पुतलीजस्तै भैसकिछौं ।

---

तरकारीको चाहिँ झोल मात्र चाख्दा हुने
मासुको चाहिँ चोक्टा नै किन चाख्नुपर्ने ?

---

जँड्याहाले जँड्याहाको मर्म बुझेन भने
ढुक्क हुनुस् कि, रक्सी ब्रान्डेड रै'छ ।

---

भोलिको दिन फलानाको एक्सका रूपमा चिनिनुभन्दा त सिंगल बस्नु नै ठीक ।

---

लिङ्ग देखाउने बाबाजीभन्दा छोटा कपडा लगाउने नारी पवित्र छन् ।

---

पानी पर्दा
अरू देशमा : वाउ ! हाउ रोमान्टिक वेदर ।
नेपालमा : मोबाइल चार्ज गरी राख है अब एक हप्तासम्म लाइन आउने छाँटकाँट छैन ।

---

लभ परेको दुई दिन नहुँदै बूढा-बूढी भन्नेहरूलाई चाँडै वृद्ध भत्ता मिलाइदिनुपर्‍यो सरकार ।

---

फेसबुकमा राम्रो फोटो राखेर केटा पट्याउँछु भन्ने कदापि नसोच्नु
किनभने चिनि र युरिया मल छुट्टाउने कला केटाहरूलाई राम्रोसँग थाहा छ ।

---

८ किलोमिटर दौडिएपछि बल्ल थाहा पाएँ
फिलिममा मात्र रै'छ
दौडिँदा-दौडिँदै
ठूलो हुने त ।

---

हेर विवाहित केटा हो, यदि बाहिर चक्कर सक्कर चल्या छ भने गर्लफ्रेन्डको नाम सासू आमा भनेर सेभ गर्नु, त्यसपछि बूढीले आफैं फोन डायल गरेर दिन्छे, कहिलेकाहीं त मेरी आमासँग नि कुरा गर्नु नि भन्दै ।

---



















मलाई अमिलो असाध्यै मनपर्छ भन्देको के थिएँ
लेमन फ्लेवरको लिपस्टिक लगाएर आइछे ।

---

अरूले थोपा-थोपाले सागर बनाउँछन रे ।
मैले एक थोपोले सागर बनाएँ, भनेर फुर्ती लगाउँदै छन् पल्ला घरे सागरका बा ।

---

बसमा
खलासी : दाइ, त्यो झोलामा नबस्नु, अन्डा फुट्छ ।
म : किन ? यो झोलामा अन्डा छ र ?
खलासी : होइन, किला छ ।

---

सहर बजारमा लुरीहरूलाई जति नै स्लिम फिगर, जिरो फिगर भने नि गाउँ घरतिर गयो भने सुकेनास लाग्या भनी हाल्छन् क्यारे ।

---

खरायो दगुरिरहन्छ तर पनि ५/६ वर्ष भन्दा बाँच्दैन तर कछुवा कहिल्लै दगुर्दैन, तैपनि ३ देखि ४ सय वर्ष बाँच्छ ।
त्यसैले बिहान-बिहान कुदन छोडौं मस्तसँग सुतौं ।

---

धेरै खोजीपछि
अहिले पत्ता लागेको छ कि पति-पत्नीमा झगडाको मुख्य कारण पन्डित
हो, किनभने यो त्यही मानिस हो जस्ले जग्गेको आगोमा बारम्बार घिउ हालेको थियो ।

---

झिँगाहरूबीच नि कुरा हुंदो हो– मेरो आई लभ यूको जवाफ दिन्छौं कि चियामा डुबेर मर्दिऊ भनेर ।

---

भयानकै असल भइयो भने भगवान भइन्छ । धर्ती ले थाम्न सक्दैन । स्वर्ग तिर हिंडिहाल्नुपर्छ । त्यसैले अलिअलि खराब पनि बनौं ।

---

श्रीमती आफ्नो श्रीमान्सँग बिनासित्ती झगडा गर्दिनँ
झगडा त तब गर्छे जब आफूसँग नभएको लिपिस्टिकको कलरको डाम श्रीमान्को कपडामा देख्छे ।

---

गर्लफ्रेन्डको गुड मर्निङ बेबी म्यासेज देखेर
उठ्नेलाई के थाहा आमाले गरेको उठ ओई भाते, कत्ति सुत्न सक्छस् भन्ने मायालु गालीको मज्जा ।

---

मान्नुस्, नमान्नुहोस्
म नमोटाउनुको एउटा कारण, काठमाडौंको माइक्रो बसमा च्याप्पिएर पनि हो ।

---

पहिलो पटक घुम्न जाँदा उनले सोधिन् मेरो विश्वास कति लाग्छ ?
मैले रित्तो गोजी देखाउँदै भनेँ तिम्रो विश्वास लागेरै हो, मैले सुक्को ल्या'को छैन ।

---

दुइटी केटी जेल परे पाँच वर्षका लागि दुइटीलाई एउटै कोठा थुनेर राखियो पाँच वर्षपछि छुटेर बाहिर निस्कँदै– अब घरतिर जानुपर्छ, बाँकी कुरा फोनमा गरुँला है, ल त बाई ।

---

ब्रेकअप पछि पनि एक-अर्कासँग बोल्नु भनेको नुहाइसकेपछि मैलो कपडा लगाउनुजस्तै हो ।

---

दुई कट्टर दुस्मनको पुनर्जन्म, पति-पत्नीका रूपमा हुन्छ भन्ने कुरा प्रस्टै लेखिया रै'छ पुराणमा ।

---

यो चैते हावाहुरीले
मेरो घरको आँगनमा
कुनै सुन्दरीलाई ल्याएर
बजार्दिए नि हुने नि
लु बजिया गरी खा भनेर ।




**कलाकार:**
किशोर भण्डारी (डिठ्ठा)
रेश्मा तिमिल्सिना (बुनु मैंचा)

संवाद
किशोर भण्डारी

फोटोग्राफी
नवराज वाग्ले

संयोजन
मुकुन्द बोगटी

स्थान
सिदार्थ कटेज, धोवीघाट

# चट्याङ मास्टरका व्यंग्य कविता



## माग्ने

माग्ने अब यस्तरी माग्ने, विश्व थर्काइ-थर्काइ माग्ने
जति देश र संस्था छन्, एउटै नछोडी माग्ने
ऋण, दान, अनुदान जे मिल्छ उही माग्ने
माग्दा माग्दा धनी हामी, दिने बन्नेछ माग्ने ।

धनी देशका सामु, गरिब छौं, भनी माग्ने
गरिबै भेटिए देश, नछोड्ने, डटी माग्ने
छिमेकी देश धनि देखे, छिमेकमै गई माग्ने
टाढाको देश धनि देखे, देशमै बोलाई माग्ने ।

जहाँ चर्कन्छ गृहयुद्ध, बन्दुक बोकेर माग्ने
शान्त भेटे कुनै देश, बुद्ध बोकेर माग्ने
भ्याएसम्म नेताले, झण्डा हल्लाई माग्ने
नभ्याए कार्यकर्ताले, एनजीओ खोली माग्ने ।

विश्वको अग्लो शिखर हाम्रो,
हामी विश्वको माग्ने
चन्द्रसूर्य रहेसम्म,
झण्डा हल्लाई-हल्लाई माग्ने
सभ्यता यही जन्मेथ्यो, हुर्कियो भयो माग्ने
भृकुटी तारा उदाइथिइन्,
अस्ताइन् अब माग्ने ।

काँगडा टिष्टा पुगेकाथ्यौ, फर्किय़ैं अब माग्ने
हाम्रो सिमाना मिचियो, फर्काइ देऊ
भनी माग्ने
कृषिप्रधान देश यो मेरो, मल र बीउ माग्ने
मागेको मलबीउमाथि, कमिसन थप माग्ने ।
स्वदेशी धन विदेशमा छन्, विदेशी धन माग्ने
विदेशी यहाँ मालामाल,
स्वदेशमै हामी माग्ने ।

नेपालको धन हरियो वन, काट्ने रोप्न माग्ने
हुर्काउन माग्ने फेरि, जोगाउन पुनः माग्ने ।

समर्थन माग्ने कोही, विरोध गरेर माग्ने
स्वदेशी नदीको पानी, विदेशीसँग माग्ने ।

उद्योग फैलाउने देशमा, दर्तामै घुस माग्ने
टिप्पणी तोकआदेशको, पसल खोलेर माग्ने ।

पर्यटनबाट उँभो लाग्ने, नाक थुनेर माग्ने
सहर, गाउँ र ठाउँको, बिजोग देखाई माग्ने
भत्काई पाटी र पौवा, फोटो खिचेर माग्ने
आयो वीर गोर्खाली, खुकुरी बेची माग्ने ।

संस्कृतिका धनी हामी, वेद बेचेर माग्ने
आरती अनि साङ्गेमा, डिस्को नाचेर माग्ने
कलाकृति र संस्कृति, जीर्णोद्धार गर्न माग्ने
त्यागका दर्शन हाम्रै हो, इज्जत त्यागेर माग्ने ।

उँचा पहाडपर्वतमा, पहरो लडाइँ माग्ने
लालीगुराँसको वनमा, आगो दन्काई माग्ने
तराईको फाँटमा वर्षे, बाढी बगाई माग्ने
सहर-बस्ती दुर्गन्ध, फोहोर बनाइ माग्ने ।

शिक्षाका पुजारी हौं, स्कुल छाउन माग्ने
गैंडा, बाघ आदिका, छाला काढेर माग्ने
भाग्नेसँग लाग्नेसँग माग्ने
दिँदा-दिँदा सब टाट हुन्छन्,
टाट नै सँग माग्ने ।

त्यसै माग्दैन नेपाली, सिद्धान्त छाँटी माग्ने
सिद्धान्तै पनि मागेको, छाँट्ने खर्च माग्ने
विश्व सबैको साझा हो,
आफ्नो हक माग्ने
माग्ने योजना बनाउन,
गुरु योजना माग्ने ।
माथिका चाकडी माग्ने, तलका
सोर्स माग्ने
बीचकाको लुलो इज्जत,
इज्जतका लागि माग्ने

सत्तावाल माग्ने भत्ता,
भत्तावाल सत्ता माग्ने
नेता हाम्रा महान् त्यागी,
त्यागको मोल माग्ने ।
हामी चन्द्रमा किन जाने,
त्यहाँ के मिल्छ र माग्ने ?
चन्द्रमामा बसुन अरू राष्ट्र,
पछि गै हामी माग्ने
हाम्रो मौलिक प्रतिस्पर्धा, कसले बढी माग्ने
विदेशबाट सफा चिल्ला, मोटर
मगाई माग्ने ।

म त झिल्के त्यसै राम्रो, मादल
घन्काई माग्ने
उच्च टोली विदेश जाने, लर्कन लागेर माग्ने
जेट यात्रा भ्रमण भत्ता, लाखौं भ्याएर माग्ने
मागी गर्ने विकास यस्तो, विकसित
भै माग्ने ।

नारा-जुलुस अनि बन्द-हड्ताल गरेर माग्ने
दौरा सुरुवाल कोट टोपीमा चस्मा
ढल्काई माग्ने ।
पशुपति देव झन् हाम्रा, विकास
कोष माग्ने
सुनका छाना, चाँदीका ढोका, नुहाउन
पानी माग्ने
ज्योतिलिङ्ग लथालिङ्ग लिङ्गको भर माग्ने
ढोगाई माग्ने देवता, मान्छे ढोगेर माग्ने ।

चेली चेला विदेश लाग्ने,
नजाने यहीँ माग्ने
फर्काउन माग्ने कोही,
बाँकी फर्किई माग्ने
गर्भिणी माग्ने आहार,
बालकलाई दूध माग्ने
किशोरी माग्ने शिक्षा,
युवकले नोकरी माग्ने
वृद्ध माग्ने भत्ता, मरेकालाई पिण्ड माग्ने
गर्भदेखि मसानसम्म, छुट्यो कि
कोही माग्ने ?

## सरर्रर कार

सरकारले अब कसैलाई
भ्रष्टाचार गर्नै दिँदैन
भ्याएजत्ति भ्रष्टाचार उ आफैं गर्छ,
एउटा छोड्दैन
सरकार बाहिर बसेर किन गर्नुपऱ्यो
भ्रष्टाचार ?
सोझै सरकारसँग हातेमालो गरे हुँदैन ?

देश त अब आर्थिक समृद्धितर्फ
लम्की सकेको छ
करोडौं करोडको त गाडी मात्रै
किनिसकिएको छ
नेता र जनता गरी
दुई थरी मानिस छन् देशमा
नेता जति सम्बृद्ध भै सके अब जनता
मात्रै त बाँकी छ

पूरै सिस्टेम्याटिक वैज्ञानिक ढंगले देश
चलाउँदै छ सरकार

त्यसैले त दिनहुँ अनुसन्धानमा करोडौं
खर्च गरेको गरै छ
अरूका अनुसन्धानले नयाँ ग्रह वा सिद्धान्त
पत्ता लगाउँछन्
हाम्रा अनुसन्धानले अपराधी खोजेको
खोज्यै छ ।

दुइतिहाइको सरकार यस्तो द्रुत गतिमा
अघि बढ्दैछ
तस्करी, अपहरण,
हत्या आदि त पछाडि पर्दैछ
पैदल हिँडेर देश अगाडि बढाउन सक्दै
सकिन्न नि
त्यसैले त भारतको पानीजहाज र चीनको
रेल पर्खेको पर्ख्यै छ

सरकारले अब सबै सिन्डिकेट खारेज गर्छ
पार्टीहरूको सिन्डिकेट सरकार हुँदाहुँदै
अरुथरिको सिन्डिकेट किन आवश्यक पर्छ ?

## एड्भान्स झ्यालखान

लाटो पहिले भ्रष्टाचार गर्छ,
अनि झ्यालखान पर्छ
बाठो पहिल्यै झ्यालखान बस्छ
अनि भ्रष्टाचार गर्छ ।
तरिका यो दोस्रो राम्रो
एड्भान्स भै झ्यालखान गयो त्यागी
नेता कहलाई, पछि घिच्नु घिचे भयो ।
पहिले बेइज्जती कमाएर
अनि जेल र नेल भयो
त्यसपछि बनी नेता,
मान-इज्जत पनि भयो ।
पदमा बसी भए भ्रष्ट
झ्यालखान त जानुपर्ने हो
तर एड्भान्स मै बसेकाले,
फेरि जान नपर्ने भो ।

## भट्टी जाने हो



मन्दिर जान्न भने पाप लाग्छ
भट्टी जान्न भने पाप लाग्दैन
प्रसाद खान्न भने पाप लाग्छ
रक्सी खान्न भने पाप लाग्दैन
रक्सी लोकतान्त्रिक गणतन्त्र अनुरूप समावेशी छ
पाप-धर्मबीच कुनै भेदभाव गर्दैन
त्यसैले भट्टी जाने हो, साथी टन्न रक्सी खाने हो
खाएको एउटा रक्सी मात्रै त लाग्ने हो ।

खाँदै नखाएको लाग्ने भनेको त
भोक लाग्ने हो, कि ट्याक्स लाग्ने हो, कि पीर लाग्ने हो
त्यत्ति धेरै कुराहरू लाग्नु भन्दा त
भट्टी जाने हो साथी
टन्न रक्सी खाने हो
खाएको एउटा रक्सी मात्रै त लाग्ने हो
नखाए त के-के लाग्ने हो के-के लाग्ने हो ।

रक्सी नखानेले रक्सी खानेलाई नराम्रो भन्छ
रक्सी खानेले त्यस्तो भेदभाव गर्दैन
समानताको भावना जति भट्टी र रक्सीले जगाउँछ
त्यति मन्दिर, पूजा र प्रसादले जगाउँदैन
त्यसैले समावेशी हुने हो साथी, भट्टी जाने हो, टन्न रक्सी खाने हो
खाएकै एउटा रक्सी मात्रै त लाग्ने हो ।

धर्मले यो गर्न हुन्छ त्यो गर्न हुन्न भन्छ
त्यस्तो आदेश गर्नकै लागि त घरमा श्रीमती हुँदै हुनुहुन्छ
रक्सी विचराले त्यस्तो केही अडर लाउँदैन
बरु कर गर्ला तर क्यारक्यार चै गर्दै गर्दैन
रक्सी टन्न खाए पछि बरु आफैंले अरूलाई क्यारक्यार गर्ने हो
रक्सी नखाई-नखाई अर्काको क्यारक्यार किन सहनु हो ?
त्यसैले भट्टी जाने हो टन्न रक्सी खाने हो
खाएकै एउटा रक्सी मात्रै त लाग्ने हो ।

कानुन मिचे झ्यालखाना जानुपर्छ
रक्सी घिचे झ्यालखाना जानु पर्दैन
रक्सी नखाई सुत्न घरको ओछ्यान पुग्नुपर्छ
रक्सी खाएर सुत्न आफ्नै ओछ्यान जानु पर्दैन
रक्सीले बिस्तारै मानिस मार्छ भन्छन्
मर्न हतार हुनेहरू मरुन,
ढिलै मरे पनि मलाई केही फरक पर्दैन
त्यसैले साथी, भट्टी जाने हो, टन्न रक्सी खाने हो
खाएकै त लाग्ने हो ।

रक्सीलाई खराब भन्छन्, अनि घुस चै के नि ?
रक्सी खाए पछि मात्तिन्छ भन्छन्, अनि चुनाव जिते पछि चै के नि ?
रक्सी गन्हाउँछ भन्छन्, अनि धाराको पानी चै के नि ?
रक्सीले किड्नी बिग्रन्छ भन्छन्, अनि तरकारीको विषादीले चै के नि ?
त्यसैले भट्टी जाने हो साथी रक्सी खाने हो
खाएकै त लाग्ने हो ।

कसैले रक्सी नखाएर दर्जनौं रक्सी उद्योग बन्द हुन्छन्
दर्जनौं रक्सी उद्योग बन्द भए हजारौं भट्टी बन्द हुन्छन्
हजारौं भट्टी बन्द भए लाखौं जनता बेरोजगार हुन्छन्
लाखौं जनता बेरोजगार भए 'प्रधानमन्त्री रोजगार कार्यक्रम' कसरी सफल हुन्छ ?
त्यसैले 'प्रधानमन्त्री रोजगार कार्यक्रम' सफल बनाउने हो
भट्टी जाने हो साथी टन्न रक्सी खाने हो
खाएकै त लाग्ने हो नखाए त दोष मात्रै लाग्ने हो ।

अस्ति मात्रै हाम्रो गाउँमा रक्सीको पनि 'र' मात्रै आयो
त्यो एउटा रक्सीको 'र' मात्रैले पनि कत्रो तागत देखायो
कसैलाई सिंगापुर पुऱ्यायो, कसैलाई दुबई पुऱ्यायो
अब अर्काको तागत हेर्ने होइन साथी, आफ्नै तागत देखाउने हो
त्यसैले भट्टी जाने हो साथी, सिंगै रक्सी खाने हो
खाएकै त लाग्ने हो, खाँदै नखाए त जता हेऱ्यो उतै गाईजात्रा लाग्ने हो,
गाईजात्रा लाग्ने हो ।




# मिस्टर एन्ड मिस हस्पिटालिटी नेपाल




गत साता सम्पन्न मिस्टर एन्ड मिस हस्पिटालिटी नेपाल-२०१९ को शीर्ष उपाधिको प्रिया धौबजन तथा प्रतीकरत्न तुलाधरले जितेका छन् । शुभदिन मिडिया एन्ड रिसर्च सेन्टरका लागि पूर्व मिस नेपाल सुगरिका केसी आयोजक रहेको उक्त प्रतियोगितामा फुर्पा शेर्पा तथा पासाङ ल्हामु शेर्पा फस्ट रनर्सअप एवंसंजय नेपाल तथा अस्मिता सुनुवार सेकेन्ड रनर्सअप घोषित भएका थिए । होटल एसोसिएसन नेपाल सह-आयोजक रहेको प्रतियोगितामा होटल म्यानेजमेन्ट तथा हस्पिटालिटी विषयमा अध्ययनरत विद्यार्थीहरूको सहभागिता थियो ।

## प्रकृति मिस डिभा

मिस डिभा नेपाल-२०१९ को ग्राण्ड फिनालेमा प्रकृति खड्काले शीर्ष उपाधि जितेकी छिन् । प्रकृतिले उपाधिसँगै चार रात पाँच दिनको थाइल्यान्ड भ्रमणको टुर प्याकेजसमेत प्राप्त गरेकी छिन् । प्रतियोगितामा ट्यालेन्ट एवार्डसहित दिया चटौत फस्ट रनर्सअप तथा पर्सनालिटी एवार्ड सहित दिया भट्टराई सेकेन्ड रनर्सअप भए । यो प्रतिस्पर्धा ह्वाइट पर्ल इन्टरटेनमेन्टको ब्यानरमा मिमोह श्रेष्ठले आयोजना गरेका थिए ।



## मिस, मिसेज तथा तेस्रोलिङ्गी तीज

रुपन्देहीमा जिल्लास्तरीय मिस, मिसेज तथा तेस्रोलिङ्गी तीज प्रतियोगिता सम्पन्न भएको छ । इन्जोय लेडिज एन्ड जेन्स लंघाली ब्युटिपार्लर, बुटवलद्वारा आयोजित यो प्रतियोगितामा मिस बुटवलतर्फ रीतिका मधेसियाले, मिसेजतर्फ लक्ष्मीनगरकी भगवती भट्टराई खत्रीले तथा तेस्रोलिङ्गीतर्फ मणिग्रामकी आशिका थापाले उपाधि जितेका छन् । प्रतियोगिताको मिसतर्फ प्रोनिशा थापा फस्ट रनर्सअप र हेमा बस्याल सेकेन्ड रनर्सअप भइन् । यस्तै मिसेजतर्फ भूमा मगर फस्ट रनर्सअप र कृष्णा थापा सेकेन्ड रनर्सअप भए भने तेस्रोलिङ्गीतर्फ जिज्ञासा चौधरी फस्ट रनर्सअप र अनुजा शर्मा सेकेन्ड रनर्सअप भए । तेस्रोलिङ्गी अवन्तिका घर्तीमगरले कोरियोग्राफी गरेको यो प्रतिस्पर्धामा डेढ दर्जनजतिले सहभागिता जनाएका थिए ।

स्वस्तिक श्रेष्ठ

## पोखरामा स्ट्यान्डअप कमेडी

युवा पुस्ता माझ लोकप्रिय स्ट्यान्डअप कमेडी शो पोखरामा पनि सुरु भएको छ । अल्टिच्युट रेस्टुरेन्ट एन्ड बारमा गत शुक्रबार साँझ आयोजित कार्यक्रममा ८ जना युवाले प्रस्तुति दिएका थिए । कुश बास्तोला, समिर लामिछाने, विवेक गुरुङ, विनिता बराल, जीवन सुवेदी, रेखा क्षेत्री, सुन्दर सुवेदी तथा प्रशान्त पन्तले आफ्नो प्रतिभा देखाउँदै उपस्थित दर्शकको ध्यान खिचे । उनीहरूले विभिन्न विषयवस्तुमा ६ देखि १० मिनेटसम्मको प्रस्तुति दिएका थिए ।

राजाराम पौडेल




# फेसन एन्ड मोडल एवार्ड-२०१९



पिजेन्ट नेपाल इन्टरनेसनलले फेसन र मोडलिङ विधामा केन्द्रित फेसन एन्ड मोडल एवार्ड-२०१९ सम्पन्न गरेको छ । उक्त एवार्ड कार्यक्रममा ५० भन्दा बढी विधामा पुरस्कार प्रदान गरिएको थियो । मिस नेपाल-२०१८ श्रृंखला खतिवडालाई पपुलर पिजेन्ट टाइटल विनरको एवार्ड प्रदान गरिएको उक्त कार्यक्रममा पूर्व मिस नेपाल-२००० उषा खड्गीले एभरग्रिन एन्ड पपुलर मिस नेपालको एवार्ड प्राप्त गरिन् ।

उक्त अवसरमा अभिनेत्री करिश्मा मानन्धरलाई अल टाइम फेसन डिभाको एवार्ड प्रदान गरिएको थियो भने अर्गनाइजर विधातर्फ मिस नेपालको आयोजक संस्था द हिटन ट्रेजरका गोपालसुन्दर लाल कक्षपतीलाई बेस्ट मिस पेजेन्ट अर्गनाइजरको एवार्ड प्रदान गरिएको थियो । यही विधामा बेस्ट मिस्टर पेजेन्ट अर्गनाइजरको एवार्ड मिस्टर नेपालका आयोजक एक्सपोज नेपालकी अर्चना बस्नेतले पनि प्राप्त गरेकी थिइन् । बेस्ट कम्युनिटी बेस्ड पेजेन्ट अर्गनाइजरको एवार्ड पेज श्री हुट कुटरकी रेखा मोदी मित्रुकाले जितिन् भने बेस्ट किड्स पेजेन्ट अर्गनाइजरको एवार्ड इनोभेसन इभेन्ट्स म्यानेजमेन्टका महेश केसीले जिते ।

कोरियोग्राफर विधातर्फ हिमानी सुब्बा तथा अनिष महर्जनले बेस्ट कोरियोग्राफरको अवार्ड जित्न सफल भए । रोजिन शाक्य तथा जयन सुब्बा मानन्धरले भने लिजेन्ड्रि फेसन कोरियोग्राफरको अवार्ड जिते । फेसन डिजाइनर विधातर्फ रविन क्रिएसनका रविन परियारले तथा वाउ फेसनकी पुष्पा राई चालिसेले बेस्ट फेसन डिजाइनरको एवार्ड प्राप्त गरिन् । ड्रिम वेयर फेसनकी मञ्जु बन्जारा ढकालले बेस्ट फेसन डिजाइनर अफ डिकेडको एवार्ड जितिन् भने कमल खतिवडाले बेस्ट इभेन्ट डाइरेक्टरको एवार्ड हात पारे । जोर्डन राजभण्डारीले बेस्ट



इभेन्ट म्यानेजरको एवार्ड जित्दा दिक्पाल कार्कीले पपुलर ईन्टरनेशनल नेपाली मोडलको एवार्डमा कब्जा जमाए । उक्त समारोहमा कला सुब्बालाई लिजेन्ड्री मोडल तथा रुबिस्का श्रेष्ठलाई बेस्ट मोडलको एवार्ड प्रदान गरिएको थियो ।

अब हाम्रो पालो

# भ्रष्टाचारमुक्त नेपाल बनाउन के गर्नुपर्ला ?



कुनै पनि सरकारी वा गैरसरकारी कार्यालयमा काम गर्ने कर्मचारीले यदि भ्रष्टाचार गरेको ठहरिए तिनीहरूको पद स्वतः निलम्बन गर्नुपर्छ अनि भ्रष्टाचार गरेको रकमभन्दा दोब्बर रकम असुलेर आजीवन जेल हाल्नुपर्छ।
**आशिष लिम्बू**

कर्मचारीले अफिसको समयमा खल्ती भएको कपडा लगाउन नपाउने नियम बनाउनुपर्छ।
**सन्तोष अर्याल**

आफ्ना सन्तानलाई राम्रो र व्यवहरिक शिक्षा प्रदान गर्नुपर्छ। राम्रो शिक्षा र असल चरित्रले उचित संस्कार निर्माणमा मद्दत गर्छ।
**केशव विष्ट**

सत्तामा पुग्नेले भ्रष्टाचार गरेर बजेटको आधाआधी रकम कमिसन खाने र कानुनदेखि शक्ति डराउनुपर्ने ठाउँमा शक्तिदेखि कानुन डराउनुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ।
**विनोद सुनार**

राजनीति विशुद्ध समाजसेवा हुनुपर्छ। राजनीतिक व्यक्ति र आम जनताले कानुनभन्दा माथि कोही छैन भन्ने सोचेर काम गर्नुपर्छ।
**हेमन्त निरौला**

भ्रष्टाचारीहरूलाई उनीहरूले भ्रष्टाचार गरेकोभन्दा दोब्बर-तेब्बर बिगो असुल गरी तिनलाई जेलको चिसो हावा ख्वाउनुपर्छ। यति मात्र गर्न सकियो भने भ्रष्टाचारलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ। यसमा सानो-ठूलो भनेर विभेद गर्नु हुँदैन। सबैलाई उत्तिकै सजाय दिनुपर्छ।
**जेबी गाउँले**

चीनको जस्तो कानुन हुनुपर्छ अनि मृत्युदण्ड दिँदा लागेको गोलिलगायतको खर्च उसैको परिवारबाट असुल्नुपर्छ।
**सलिन मगर**

भ्रष्टाचारमुक्त देश बनाउन नेपालमा फाँसी वा २०-२५ वर्ष जेल सजायको व्यवस्था गर्नुपर्छ भने भ्रष्टाचार गरेबराबरको बिगो सम्पत्ति जफत गरेर सामाजिक बहिस्कार गर्नुपर्छ।
**दिनेश राई**

नेपालमा पनि इमरान खानजस्तै साहसिक अनि भिजनरी मान्छे चाहिएको छ। जनप्रतिनिधिको विलासी जीवन अन्त्य गरेर भ्रष्टाचारीलाई जन्मकैद दिनुपर्छ।
**सिर्जन शर्मा**

जम्मा दुईवटा काम गरे पुग्छ। पहिलो, वस्तु तथा सेवाको मूल्यमा सरकारले कडाइका साथ नियन्त्रण गर्ने र अर्को हदैसम्मको कारवाही गर्ने।
**विवेक सुवेदी**

भ्रष्टाचार गर्नेलाई कालोमोसो दलेर सहर परिक्रमा गराउनुपर्छ अनि भ्रष्टाचार गरेको रकम सरकारीकरण गरेर भ्रष्टाचारीलाई जन्मकैददेखि इन्काउन्टरसम्मको व्यवस्था गर्नुपर्छ।
**रन्जिता श्रेष्ठ**

सबैभन्दा पहिले महामहिम राष्ट्रपतिदेखि प्रधानमन्त्री, सांसद, मन्त्री तथा उच्च पदस्थहरूलाई घूस खानु हुँदैन भनेर तालिम दिनुपर्छ अनि ६-६ महिनामा उनीहरूको सम्पत्ति छानविन गर्नुपर्छ। भ्रष्टचारीहरू धरौटीमा छुट्ने सिस्टम बन्द हुनुपर्छ।
**हरि थापा**

एकसिङ्गे गैँडाको खागजस्तै भ्रष्टाचारीको नाक पनि महँगो मूल्यमा बिक्री हुने व्यवस्था गर्नुपर्छ अनि सबैले खोजीखोजी भ्रष्टाचारीको सिकार गर्छन्। त्यसपछि उनीहरू पनि डाइनोसरजस्तै लोप हुन्छन्।
**अभि तामाङ**

प्रत्येक कर्मचारी, कार्यकर्ता, नेता, मन्त्री, प्रधानमन्त्री सबैको सम्पत्ति एक-एक वर्षमा छानबिन हुनुपर्छ। भ्रष्टाचारीलाई सर्वस्वसहित फाँसी दिनुपर्छ।
**शंकर तामाङ**

५० वर्ष कटेका नेताजतिलाई अवकाश दिने व्यवस्था गर्नुपर्छ। यदि कसैले भ्रष्टाचार गर्छ भने आजीवन कारावासको सजाय तथा युवा नेताहरूलाई मौका दिने हो भने भ्रष्टाचार कम हुनसक्छ।
**सुमन आरभ**

सबैले स्वार्थी बानी छोड्नुपर्छ। नेपाल सरकारले जनताको जीवन स्तर उकास्न गतिलो नीति अपनाउनुपर्छ। यतिले पनि भएन भने भ्रष्टाचारीलाई मृत्युदण्डको सजाय दिनुपर्छ।
**जेनिथ तामाङ**

भ्रष्टाचार हटाउन ५० रुपैयाँभन्दा माथिको नोट बन्द गर्नुपर्छ, जसले गर्दा हरेक कारोबार बैंकमार्फत हुने थियो, जसबाट भ्रष्टाचार स्वतः नियन्त्रण हुन्छ।
**गणेश अधिकारी**

अर्बौं भ्रष्टाचार गर्ने व्यक्ति लाखौं रुपैयाँ दिएर छुट्छ। खै गतिलो कानुन ? लाख भ्रष्टाचार गर्नेलाई करोडको जरिवाना गराउने कानुन हुनुपर्छ।
**शालिकराम अर्याल**

भ्रष्टाचार गरेको प्रमाणित भए मृत्युदण्डको सजाए दिने व्यवस्था गर्न सके धेरै हदसम्म नियन्त्रण हुन्छ।
**दामोदर सेढाई**

भ्रष्टहरूलाई मृत्युदण्डको व्यवस्था गर्नु उपयुक्त होला।
**अन्जन गुरुङ**

भ्रष्टाचार गरेको ठहरे सार्वजनिक ठाउँमा फाँसीको सजाय हुने गरी कानुन बनाउनुपर्छ।
**विनोद श्रेष्ठ**

कालोमोसो दलेर, जुत्ताको माला भिराएर सडक घुमाउँदै जेलमा कोच्नुपर्छ।
**विकास**

धेरै होइन, पाँच जना भ्रष्टाचारिलाई चोकमा राखेर गोलि ठोक्नुपर्छ, बाँकी आफै रोकिन्छ।
**रेशम थापा**

आफैभित्र म भ्रष्टाचार पनि गर्दिनँ र भ्रष्टाचार हुन पनि दिन्न भन्ने भावना हुनुपर्छ।
**नवराज आचार्य**

सबैभन्दा पहिले देशमा रोजगारीको सिर्जना गर्नुपर्छ। ताकी सरकारी तथा गैरसरकारी निकायमा काम गर्ने व्यक्तिलाई आफ्नो सन्ततिको आर्थिक अवस्थाका सम्बन्धमा कुनै चिन्ता नहोस्। अर्को कर्मचारीलाई जीवन-निर्वाह गर्न पुग्ने तलब तथा सेवा-सुविधाको व्यवस्था हुनुपर्छ।
**नगेन्द्र कुलुङ**

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

### यो साता

साउन ३१ गते
गाईजात्रा।

भदौ १ गते
देवानी संहिता दिवस।

साउन ३२ गते
रोपाई जात्रा।

भदौ २ गते
विश्व फोटोग्राफी दिवस।

## मेष

विचार नगरी काममा संलग्न हुँदा अरूले लाभ उठाउनेछन्। आफन्तको सहयोगले महत्वपूर्ण काममा सफलता हात पर्नेछ। राजनैतिक क्षेत्रमा आफ्नो वर्चस्व बढ्नेछ। पुराना साथीभाइसँगको भेटमा नौलो अवसरको जानकारी पाइनेछ। वर्षामा सवारी साधन चलाउँदा विशेष सतर्कता अपनाउनुहोला।

## वृष

अरूलाई सहजै आकर्षित गर्न सकिनेछ। मन पराउनेहरूबाट प्रेम प्रस्ताव प्राप्त हुन सक्छ, धैर्यपूर्वक निर्णय गर्नुहोला। महँगा तथा विलासिताका सामग्री बिना मोलतौल खरिद नगर्नु होला। साताको अन्त्यमा शैक्षिक क्षेत्रमा लगानी गर्ने वातावरण बन्न सक्छ।

## मिथुन

आफ्नो कमजोरीले साझेदारहरूबीच मनमुटाव सिर्जना गर्न सक्छ। प्रेमप्रस्ताव प्राप्त हुने सम्भावना छ। व्यवसायिक गोपनियता भंग भै धन आर्जनमा धक्का लाग्न सक्छ, सचेत रहनुहोला। हतारमा सवारी साधन चलाउँदा दुर्घटना हुन सक्छ।

## कर्कट

मन मिल्ने व्यक्तिको युक्ति-बुद्धिअनुरूप नयाँ व्यवसायको श्रीगणेश हुनसक्छ। व्यवसायिक यात्राका क्रममा विदेशीहरूसँग भलाकुसारी हुनेछ। साझेदारहरूबीचका सूचना गोप्य राख्नुपर्नेछ। यो साता पश्चिमतर्फको यात्रा फलिफाप देखिन्छ।

## सिंह

लामो समयदेखि रोकिएका काम पूरा हुनेछन्। नोकरीमा स्थानान्तरण तथा पदान्नतिको योग छ। कामका विभिन्न अवसर जुट्नेछन्। दोष थुपार्नेहरू प्रशंसा गर्न थाल्नेछन्। अरूको मुख नताकी निर्णय लिँदा थप अवसर हात लाग्नेछ। यात्रा गर्दा मौसमको ख्याल गर्नुहोला।

## कन्या

प्रेम जीवन सही मोडमा पुग्न धेरै समय कुर्नुपर्ने छैन। प्रयत्न गर्दा नयाँ नोकरी प्राप्त हुनेछ। सरकारी क्षेत्रमा कार्यरत कर्मचारीहरूका निम्ति अनुकूल स्थानान्तरणको अवसर छ। कार्यक्षेत्रमा थप जिम्मेवारी प्राप्त हुनसक्छ।

## तुला

मन पराउने साथीलाई समय दिन धौ-धौ पर्ला। मित्रजनको सहयोगबाट व्यापार व्यवसायमा सफलता हात पर्नेछ। साथीभाइसँग मनोरञ्जनमा सहभागी हुदाँ खर्च बढ्ने सम्भावना छ। साताको अन्त्यमा झन्झटिलो कार्य बोझ थपिएला।

## वृश्चिक

समकक्षीहरूको सुझाव अनुसरण गर्दा मेहनत खेर जाने छैन। सामाजिक कार्यमा सहभागी हुँदा परिवारकै प्रतिष्ठा वृद्धि हुनेछ। सामान्य बाधा भए पनि जल एवं फलको सेवनले स्वास्थ्य अनुकूल बनाउन सकिनेछ। साताको अन्त्यमा सूर्यको आराधनाले समृद्धिको ढोका खोल्नेछ।

## धनु

सिर्जनाशील ऊर्जाले मान-सम्मान दिलाउन सक्छ। अरूको योगदानलाई बेवास्ता गर्दा आफ्नो समेत अवमूल्यन हुनेछ। नयाँ एवं रचनात्मक काम गर्ने उत्साह जाग्नेछ। पहिरनले अरूलाई आकर्षित तुल्याउनेछ। विपक्षीले डाहा गर्न सक्छन्। साताको अन्त्यतिर फजुल खर्चले सताउनेछ।

## मकर


ठूलाबडाबाट नौला कुरा सिक्ने अवसर जुट्नेछ। अध्ययनका क्रममा विदेशको योग जुर्नेछ। प्रशस्त आम्दानीसमेत हात लाग्नेछ। खराब आचरण हुनेहरूबाट टाढा रहँदै प्रतिष्ठा जोगाउनुहोला। प्रेमसम्बध वैवाहिक सम्बन्धमा रूपान्तरित हुने सम्भावना छ।

## कुम्भ

परोपकारी कार्यमा संलग्न भइनेछ। ढिलो गरी थालिएका कार्यमा अपजसको सामना गर्नुपर्ला। गोपनियता भंग भै प्रतिष्ठामा दख्खल पुग्न सक्छ। आलस्यता तथा विलासिपनबाट टाढा रहनु नै उचित हुन्छ। आर्थिक विवादमा अभिभावकको सुझाव लाभदायक सावित हुनेछ।

## मीन

मान्यजनको भावनाको कदर गर्नाले वातावरण रमाइलो हुनेछ। जीवन साथीको सहयोगले कार्य क्षेत्रमा लगानी गर्न हौसला मिल्नेछ। धेरै तपाईंको मेहनतको प्रशंसा गर्नेछन्। कतिपय क्षेत्रमा बिग्रिएको सम्बन्धमा सुधार आउनेछ। परिस्थितिसँग सम्झौता गर्दा प्रसन्न रहन सकिनेछ।


KMG
KANTIPUR MEDIA GROUP
WITHOUT
FEAR
OR FAVOUR
The road to the truth is difficult.
A path filled with division, diversion and danger.
A path filled with validation and temptation.
There are voices to be heard and stories to be told.
The road is long and the road is hard.
But this is the road we walk.
Without fear or favour.
THE KATHMANDU POST

जाँदा-जाँदै

# हरेक झापाली कमेडियन हुन सक्छन्

चर्चित युवा कमेडियन हुन्- राजा राजेन्द्र पोखरेल । विगत १८ वर्षदेखि हास्यव्यङ्ग्यका क्षेत्रमा सक्रिय पोखरेलले अंग्रेजी साहित्यमा स्नातकोत्तर गरेका छन् ।



तस्बिर : नवराज वागले

**हाँस्न बिर्सँदै गएको नेपाली समाजलाई हँसाउने तपाईंको अभियान कस्तो छ ?**

व्यक्तिगत रूपमा भन्नुपर्दा म गायक बन्ने सम्भावना बोकेको मान्छे हुँ, तर समाज आधुनिकतातर्फ गैसकेपछि हाँस्न बिर्सिएको समाजलाई हँसाउनुपर्छ भनेर नै म हास्यव्यङ्ग्यतर्फ फर्किएको हुँ । आजभोलि कुनै पनि चिज कसैले पनि आफ्नो इच्छाले गर्दैन । प्रकारान्तरमा कसै न कसैले गराइरहेको हुन्छ । अहिले हातमा मोबाइल छ, जसले छिनभरमै मानिसलाई कहाँ पुऱ्याउँछ पत्तो हुँदैन । त्यसैले हाँसो पनि हातमा आउनुपर्ने रहेछ । त्योभन्दा बढीचाहिँ मानिसले मनभित्रबाट महसुस गरेर हाँस्न पायो भने धेरै रमाइलो हुन्छ भनेर म बढीजसो स्टेजतर्फ केन्द्रित हुन्छु ।

**गायनमा रुचि हुँदाहुँदै हास्यव्यङ्ग्यतर्फ चाहिँ कसरी झुकाव बढ्यो ?**

भन्न मन लागेको कुरा भन्न पाइन्छ । केही कुरा सम्झाउनुपर्ने छ भने सम्झाउन पाइन्छ । समाजका विकृति-विसंगतिहरूको चिरफार गर्न पाइन्छ, तर गीत-संगीतमा यस्तो स्वतन्त्रता कमै हुन्छ । त्यसैले म हास्यव्यङ्ग्यमा बढी आनन्द महसुस गर्छु ।

**हास्यव्यङ्ग्यका विषयवस्तु कसरी सिर्जना गर्नुहुन्छ ?**

सामाजिक जीवनको अध्ययन गर्छु, पत्रपत्रिका पढ्छु, समाचारमा अपडेट रहन्छु र मानिसको जीवनशैली कसरी-कतातर्फ बढ्दै छ भन्ने कुराको अध्ययन गर्छु ।

**स्टेज कार्यक्रमका लागि कतिको पूर्वतयारी गर्नुहुन्छ ?**

सुरुमा त विषयवस्तुको एउटा सेट लेख्छु । त्यो सेटलाई केही समय उपयोग गर्छु तर स्क्रिप्ट लेख्दा सबै उमेर समूह, वर्ग, क्षेत्रलाई समेट्ने प्रयास गर्नुपर्छ । हजुरबुबादेखि नातिसम्म विभिन्न हिसाबले विविधता हुन्छ । त्यसैले सबैलाई समेट्ने तरिकाले व्यङ्ग्य गर्छु ।

**अहिले हास्यव्यङ्ग्य गालीगलौजतर्फ बढी केन्द्रित भयो भन्ने आरोप पनि छ नि ?**

समय-समयमा यस्ता कुरा सबैतिर आउँछन् । यतिबेला हास्यव्यङ्ग्यमा पनि आएको छ । अहिले कतिपय कमेडियन छाडा कुरा बोल्दा द्विअर्थी पनि बोल्दैनन्, सोझै एकअर्थी बोलिदिन्छन् । यसो नगर्नुपर्ने हो तर गरिरहेका छन् । त्यसमा पनि उनीहरूको आफ्नै तर्क होला । यसलाई अब कानुन अथवा सरकारले नियमन गर्छ भने एउटा कुरा भयो, अन्यथा व्यक्तिगत स्वतन्त्रता हो भनेर बुझ्ने कि !

**तपाईंको कलाको प्रशंसक युवती धेरै छन् कि अनुहारको ?**

युवतीहरू त्यति फ्यान छन् जस्तो लाग्दैन । किनभने सामान्यतया हास्यव्यङ्ग्य रुचाउने एउटा उमेर समूह हुन्छ जुन उमेरसमूह युवतीभन्दा माथिको हुन्छ । अब अनुहारको फ्यान हुन त म त्यति ह्यान्डसम पनि छैन । अनुहारमा मभन्दा राम्रा मानिस अरू धेरै छन्, तर मभन्दा राम्रो कमेडी गर्ने धेरै छैनन् । त्यसैले तुलना नै गर्नुपर्दा मेरो कलाकै फ्यान धेरै होलान् ।

**तपाईंको कलाबाट प्रभावित भएर पछ्याउने युवतीहरू पनि छन् ?**

छैनन्, भए पनि भन्न मिल्दैन ।

**कुनै बेला प्रेमप्रस्ताव राख्नेहरू पनि थिए होला नि ?**

कुनै बेला थिए, तर अहिले त हास्यव्यङ्ग्यमा म आफ्नी श्रीमती र छोराका बारेमा स्पष्ट भन्दिन्छु । त्यसो भएपछि कसैले झुक्किनु पनि परेन, ठगिनु पनि परेन । फरि मलाई प्रेम प्रस्ताव राखिदियोस् भन्ने चाहना पनि छैन ।

**एउटा हास्यव्यंङ्ग्यकारको नजरमा प्रेम के हो ?**

प्रेम भनेको खानाजस्तै हो । खाना ब्यालेन्समा खानुपर्ने हुन्छ, खाइरहनुपर्ने हुन्छ । प्रेम भनेको पनि त्यस्तै हो । यो आजीवन चलिरहने प्रक्रिया हो । प्रेमलाई फकाइरहनुपर्छ, खानालाई पकाइरहनुपर्छ ।

**तपाईंको नजरमा सुन्दरता के हो ?**

आँखाले जे खोज्छ, मनले जे रुचाउँछ त्यो नै सुन्दरता हो ।

**दर्शक हँसाउने टेक्निक के हो ?**

दर्शकले के सोचिरहनुभएको छ त्यही भन्नु नै मेरो मुख्य टेक्निक हो । दर्शकले जे सोचिरहनु भएको छ त्यही कुरा भनिदिएपछि उहाँहरू मज्जाले हाँस्नुहुन्छ ।

**हास्यव्यङ्ग्यको कमाइबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट छु । असन्तुष्ट छु भने पनि कसैले थपिदिने होइन ।

**तपाईं पनि झापाली नै हुनुहुन्छ, झापामा हँसाउने मान्छे खुब जन्मिने रै"छन्, यसको खास रहस्यचाहिँ के हो ?**

झापाको माटोमै हाँसो छ । वास्तवमा झापा बहुसांस्कृतिक समाज हो । पहिलेको पूर्वाञ्चल अहिलेको प्रदेश नम्बर १ का सबै ठाउँका मानिस झापामै बसाईं सरेर आउँछन् । सांस्कृतिक तथा भाषिक रूपमा फरक अनुभव भएका मानिसहरू एकै ठाउँमा आएपछि भाषिकाहरूमा भिन्नता पर्ने हुँदा धेरैजसो मानिस हँसाउन सफल हुन्छन् । म जस्तो हँसाउने कला भएका मानिस झापामा कति छन् कति ? त्यसैले म त भन्छु- झापाका हरेक मानिस कमेडियन हुन सक्छन् ।

महेश तिमल्सिना

## गाईजात्रामा कहाँ के हुँदैछ ?



गाईजात्राको अवसर पारेर यो वर्ष दुई भिन्न शैलीका गाईजात्रे हास्य व्यंग्य कार्यक्रम प्रस्तुत हुँदैछन् । आज शुक्रबारको दिन मनाइने गाईजात्रालाई लक्षित गर्दै ती कार्यक्रमहरू आजैदेखि प्रारम्भ हुन लागेका हुन् ।

अघिल्ला वर्षहरूमा काठमाडौंमा मात्र सीमित गाईजात्रा कार्यक्रम यो वर्ष मोफसलसम्म पुगेको छ । ब्रान्ड वर्थले यसपटकदेखि 'प्रदेश-प्रदेशमा गाईजात्रा' शीर्षकको राष्ट्रियव्यापी कार्यक्रम आयोजित गर्दैछ । आज शुक्रबार साँझ विराटनगरबाट प्रारम्भ हुने उक्त कार्यक्रम सातवटै प्रदेशमा प्रस्तुत गरिने आयोजक संस्थाका प्रमुख मोहन गजुरेलले बताएका छन् । १० दिन लामो यो गाईजात्रा कार्यक्रममा कलाकारहरू मनोज गजुरेल, शैलेन्द्र सिम्खडा, सुरेन्द्र केसी मुला साग, शिवशंकर रिजाल जोगिन्दर पानवाला, रवि डंगोल, पूर्ण थापा, यमन श्रेष्ठ, सुवोध गौतम सन्ध्या बुढा काउली बुढी, सुमन कार्की तथा रुविना अधिकारी सहभागि हुँदैछन् । उक्त कार्यक्रम विराटनगरपछि सिमरा, हेटौंडा, चितवन, बुटवल, सुर्खेत, धनगढी, पोखरा हुँदै काठमाडौं आएर सम्पन्न हुनेछ ।

यता काठमाडौंमा भने सांस्कृतिक संस्थानले गाईजात्रा-२०७६ शीर्षकको हास्य व्यंग्य कार्यक्रम प्रस्तुत गर्दैछ । संस्थानमै सञ्चालन हुने यो दुई दिने गाईजात्रा कार्यक्रम आज शुक्रवार तथा भोलि शनिबार ३ शो चल्ने बताइएको छ । आज बिहान ११ बजे पहिलो शो सञ्चालन गरिएपछि भोलि शनिबार दिउँसो २ बजे तथा साँझ ५ बजेगरी दुई शो सञ्चालन गरिने आयोजक संस्थाले जनाएको छ । यो कार्यक्रममा प्रभाकरदेव शर्मा, मञ्जु श्रेष्ठ, पल्पसा डंगोल, दमन रुपाखेती, लक्ष्मण गाम्नाङे, विष्णु सापकोटा (हर्के हल्दार), राजन थापा, घनश्याम गौतम (नक्कली प्रचण्ड), सुरेश तिमिल्सिना (नक्कली ओली), दिलिप तामाङ, पुष्पराज अवस्थी, शशि थापा (प्यारोडी), सुबी शाही (नृत्य), विपिन घिमिरे (गीत) आदि सहभागी हुँदैछन् ।



KANTIPUR INTERNATIONAL COLLEGE



Paid Internship
China, UAE, Thailand, Malaysia, India & many more ...
For Hotel Management

Admission Open
We prepare you for success
With experienced, qualified & renowned foreign degree holders professors/lecturere from Australia, Russia, USA, India & multimedia classroom. KIC envision preparing the graduates who want to get ahead in the value of lifelong learning & leadership in global business organization.

BHM Bachelor of Hotel Management | BHCM Bachelor of Hospitality & Catering Management | BBA Bachelor of Business Adminstration | MBA Master of Business Adminstration | MHHM Master of Hotel & Hospitality Mgmt. | BID Bachelor of Interior Design | BE Civil Bachelor of Civil Engineering | B.Arch Bachelor of Architecture

International Membership

Kantipur International College
COLLEGE OF MANAGEMENT
Buddhanagar, New Baneshwor
Tel: 4780564, 4783904
COLLEGE OF ENGINEERING
Tel: 5582564, 5582565
www.kantipurinternational.edu.np

नोटः जेहेन्दार तथा विश्वविद्यालय आरक्षित छात्रावृतिको व्यवस्था छ ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल ।**